


# राक्सिराङ्ग गाउँपालिकाको

# स्थानीय विषयमा आधारित पाठ्यक्रम

## (आधारभूत तह कक्षा १-८)

## २०७७




नेपाल सरकार
राक्सिराङ्ग गाउँपालिका
चैनपुर, मकवानपुर

**प्रकाशक :**

राक्सिराङ्ग गाउँपालिका

चैनपुर, मकवानपुर

© राक्सिराङ्ग गाउँपालिकामा सुरक्षित

भाषा सम्पादन : दिवाकर ढुङ्गेल

संस्करण : प्रथम

प्रकाशन : २०७७

(राक्सिराङ्ग गाउँ कार्यपालिकाको मिति २०७७/    /     को निर्णयानुसार शैक्षिक सत्र २०७७ देखि परीक्षण सहित लागु हुने गरी स्वीकृत)

पाठ्यक्रम निर्माणमा प्राविधिक सहयोग :

मुद्रक :

मा. युवराज दुलाल (शरद)
सामाजिक विकास मन्त्री

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-
चलानी नं. :-



## शुभकामना

राक्सिराङ्ग गाउँपालिकाले विद्यालय शिक्षाको आधारभूत तहको स्थानीय पाठ्यक्रम तयार गरी लागु गरेको खबरले मलाई खुसी बनाएको छ। स्थानीय तहको जिम्मेवारी अन्तर्गत रहेर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका २०७६ मा भएका प्रावधानहरूलाई आत्मसात् गर्दै राक्सिराङ्ग गाउँपालिकाले तयार गरेको स्थानीय विषयको पाठ्यक्रम अनुकरणीय छ। यसबाट राक्सिराङ्ग गाउँपालिकाको सेवाक्षेत्रमा रहेका विद्यालय, त्यसमा अध्ययनरत विद्यार्थी तथा अभिभावकहरू प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरेको छु।

पाठ्यक्रम निर्माण एउटा गतिशील प्रक्रिया हो। यस सन्दर्भ र मर्मलाई आत्मसात गर्दै पाठ्यक्रम सँगसँगै आधारभूत तहको पाठ्यपुस्तक निर्माण गरी बालमैत्री सिकाइ पद्धति लागु गर्न र पाठ्यक्रम कार्यान्वयनका क्रममा आएका सुझाव समेतका आधारमा परिमार्जन एवम् विकास गर्न गाँउपालिका सफल रहने विश्वास व्यक्त गर्दछु।

यस पाठ्यक्रममा गाउँपालिकाले आफ्नो माटो सुहाउँदो स्थानीय विषयवस्तुहरू समेट्दै परम्परागत ज्ञान, सिप, प्रविधि, मूल्य मान्यता, रीतिरिवाज, संस्कृति, संस्कार, पेसा, व्यवसाय, पर्यटन आदि जस्ता पक्षहरूलाई समावेश गरेर पाठ्यक्रम निर्माण गरेको पाइयो। निश्चय पनि सरोकारवालाहरूको सहभागितामा पहिचान भएका यस्ता विषयवस्तुहरूलाई स्थानीय परिवेश अनुकूल सिकाइ गर्ने परम्पराले बालबालिकाले भविष्यमा आफू जन्मेको ठाउँको विकासमा योगदान गर्न लाग्ने अपेक्षा गर्न सकिन्छ। मलाई विश्वास छ, गाउँपालिकाले यस पाठ्यक्रम अन्तर्गत तयार गरिने पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयहरूको क्षमता विकाससँगै अनुगमन तथा समीक्षा गर्दै अझ व्यापक बनाउन उल्लेखनीय भूमिका निर्वाह गर्ने छ।

अन्त्यमा, स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी लागु गर्न लागेकोमा राक्सिराङ्ग गाउँपालिका र पाठ्यक्रम विकास जस्तो प्राविधिक पक्षमा सहकार्य गर्ने साझेदार संस्था समुन्नत नेपाल र शान्ति भोलिन्टर एसोसिएसनलाई हार्दिक धन्यवाद सहित कार्यान्वयनको सफलताको शुभकामना व्यक्त गर्दछु। राक्सिराङ्ग गाउँपालिकाले स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयनका लागि तयार गरेको दीर्घकालीन योजना अरू स्थानीय तहलाई पनि अनुकरणीय हुन सकोस्। धन्यवाद ।

३० भाद्र, २०७७

युवराज दुलाल
मन्त्री

सम्पर्क नं. : ०५७-५२४८३५, ईमेल : p3mosd@gmail.com

## शुभकामना सन्देश

सर्वप्रथम राक्सिराङ्ग गाउँपालिकाले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले तोकेको मर्म र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका २०७६ ले मार्गनिर्देश गरेका सवाल र प्रक्रियाहरूलाई आत्मसात् गर्दै आधारभूत तहको कक्षा १ देखि ८ सम्मका लागि स्थानीय विषयको पाठ्यक्रम तयार गरी गाउँपालिकामा रहेका ५३ ओटा विद्यालयहरूमा लागू गर्न लागेको शुभ अवसरमा हार्दिक शुभकामना दिन चाहन्छौँ ।

विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी बोध गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, संविधान प्रदत्त अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधानहरूलाई आत्मसात् गर्दै राक्सिराङ्ग गाउँपालिकाले सबै सरोकारवालाको सहभागितामा स्थानीय विषयको पाठ्यक्रम तयार गरी कार्यान्वयन गर्नु अनुकरणीय छ । यसै प्रक्रियामा गाउँपाललिकाले स्थानीय पाठ्यक्रमका लागि आफ्नो परिवेश, मौलिकता, भूगोल, संस्कृति, परम्परागत ज्ञान, सिप, प्रविधि, मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, पेसा र व्यवसाय आदि समग्री पक्षलाई आधारभूत तहका बालबालिकाको अनुभवजन्य ज्ञान, सिप र अभिवृत्ति आर्जनको विषयवस्तु बनाएर स्थानीय पाठ्यक्रम निर्माणका सम्पूर्ण प्रक्रियाहरू अवलम्बन गरेको सुन्न र अध्ययन गर्द पाउँदा ज्यादै खुसी लागेको छ ।

स्थानीय विषयको पाठ्यक्रममा स्थानीय विषयको यथोचित सम्बोधन हुन जरुरी हुन्छ । यसका लागि सबै सरोकारवालाको सहभागितामा सुनिश्चित गर्न आवश्यक हुन्छ । स्थानीय विज्ञता, मौलिकता र ज्ञानलाई स्थानीय पाठ्यक्रमले अति नै महत्त्व दिएको हुन्छ । यस अर्थमा राक्सिराङ्ग गाउँपालिकाले व्यापक सहभागिताका प्रक्रियाहरू अवलम्बन गरेको रहेछ । आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका लागि सहजीकरण गर्ने समुन्नत नेपाल र शान्ति भोलिन्टर एसोसिएसन जस्ता सक्षम साझेदारहरूसँग सहकार्य गरेर यसैका लागि ३ वर्षको कार्यक्रमका साथ आगाडि बढनु निश्चय पनि राम्रो मान्न सकिन्छ ।

राक्सिराङ्ग गाउँपालिकाले स्थानीय विषयको पाठ्यक्रमलाई आफ्नो माटो सुहाउँदो बनाउनका लागि गरेको अथक प्रयास र पाठ्यक्रमका साथसाथै आधारभूत तहका सबै कक्षाहरूको पाठ्यपुस्तकहरू पनि विकास गरी पठनपाठन हुने सुनिश्चितताले हामीलाई अझ खुसी बनाएको छ । साथै यस विषयमा विद्यार्थी सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको क्षमता विकास र सहजीकरण सामग्री तयार हुने पक्ष पनि उपयोगी लागेको छ । हामीलाई आशा छ, गाउँपालिकाले एउटा दीर्घकालीन योजना नै बनाएर स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने अभियान उपलब्धिमूलक हुनेछ। यस प्रक्रियामा भएका सिकाइहरूलाई पालिकाले निश्चय पनि आदान प्रदान गर्ने छ भन्ने विश्वास लिएका छौँ ।

अन्त्यमा, गाउँपालिकाको यो अभियान र अतुलनीय कार्यका लागि धन्यवाद सहित शुभकामना दिन चाहन्छौँ । स्थानीय पाठ्यक्रम विकासका लागि प्राविधिक तथा आर्थिक सहयोग गर्नुहुने समुन्नत नेपाल र शान्ति भोलिन्टर एसोसिएसनलाई पनि धन्यवाद दिन चाहन्छौँ । आशा छ, यस पाठ्यक्रमले आधारभूत तहका बालबालिकाहरूको स्थानीय विषयवस्तुको ज्ञान, सिप विकासमा महत्त्वपूर्ण योगदान गर्ने छ । धन्यवाद ।

**श्री केशवप्रसाद दाहाल**

महानिर्देशक

पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर

राक्सिराङ्ग गाउँपालिका

Raksirang Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

:- info@raksirangmun.gov.np

:- raksirangmun.gov.np

:-९८५५०७७६०१ (अध्यक्ष)

:- 9855077601 (Chairperson)

:-९८५५०८८८६६ (प्र.प्र.अ.)

:- 9855088866 (C.A.O.)

बागमती प्रदेश, नेपाल

Bagamati Province, Nepal


पत्र संख्या / Ref.No :- २०७७/०७८

च.नं. / Dispatch No :-

## हाम्रो भनाइ



*राजकुमार मल्ल*

*अध्यक्ष*

राक्सिराङ गाउँपालिकाले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका २०७६ ले मार्गनिर्देश गरेका महत्वपूर्ण पक्ष र प्रक्रियाहरूलाई आत्मसाथ गर्दै आधारभूत तहको कक्षा १ देखि ८ सम्मका लागि स्थानीय विषयको पाठ्यक्रम तयार गरेको सन्देश प्रवाह गर्न पाउँदा हामीलाई ज्यादै खुसी लागेको छ ।

विद्यालय तहको शिक्षाको व्यवस्थापकीय जिम्मेवारी हामीमा आएपछि हामीले हाम्रो सेवा क्षेत्रमा रहेका ५३ ओटै विद्यालयहरूलाई हाम्रो असल अभिभावकत्व प्रत्याभूत गर्ने प्रयास गरिरहेका छौं । यही पृष्ठभूमिमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, संविधान प्रदत्त अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधानहरूलाई आत्मसाथ गर्दै आधारभूत तहको पाठ्यक्रम, पाठ्पुस्तक निर्माण, छपाइ, वितरण जस्ता अभियानमा जुटेका छौं । पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने जस्ता विषयवस्तु प्राविधिक र व्यवस्थापकीय कुराहरू हुन् । यसमा सहकार्य गर्न राक्सिराङ गाउँपालिकाले समुन्नत नेपाल र शान्ति भोलिन्टर एशोसियशन जस्ता संस्था पायो । उहाँहरूसँग स्थानीय विषयको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण, छपाई, वितरण र शिक्षकहरूको क्षमता विकासका लागि ३ वर्षे सहयात्रा गर्ने सम्झौता पत्रमा हस्ताक्षर गर्‍यौं ।

स्थानीय विषयको पाठ्यक्रमले हाम्रो भूगोल, संस्कृति, परम्परा, रहनसहन, मूल्य मान्यता, प्राकृतिक सम्पदा, विपद् व्यवस्थापन, पर्यटन, जडीबुट्टी, उद्योग, प्रविधि, कला, बालीनाली, तरकारी, फलफूल, पशुपन्छि, मौलिकता, संस्कार, ज्ञान, सिप, पेशा, व्यवसाय, स्रोत साधन जस्ता यावत पक्षहरूलाई समेट्नु पर्ने कुरा हामीले गरेको विभिन्न चरणको सरोकारवालासँगको छलफल तथा अन्तरक्रियामा पायौं ।यिनै पक्षहरूलाई स्थानीय विषयको पाठ्यक्रमको मुख्य विषयवस्तु बनाएर प्रस्तुत पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रम विकासको सिलसिलामा जनप्रतिनिधि, प्रधानाध्यापक, स्थानीय समाजसेवी, बाल सङ्गठन, शिक्षक संघ, वडाअध्यक्ष, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक संघ, जनजाति महासंघ, चेपाङ संघ, आदिको व्यापक सहभागिता गरिएको थियो ।

प्रस्तुत पाठ्यक्रममा स्थानीय पाठ्यक्रमको आवश्यकता, औचित्य, पाठ्यक्रम विकासका चरणहरू, पाठ्यक्रमको क्षेत्र र क्रम, तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि, सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया सहित विस्तृत रूपमा तयार गरिएको छ ।यसैका आधारमा पहिलो चरणमा कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक विकास गरी ५३ ओटै विद्यालयमा लागु गरिने छ । दोस्रो चरणका कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक विकास गरी लागु गरिने छ । यसका लागि प्रधानाध्यापक र शिक्षकहरूको क्षमता विकास गर्ने कार्यक्रम पनि रहेको छ ।

यसरी गाउँपालिकाले पाठ्यक्रम विकास र कार्यान्वयनका लागि ३ वर्षको साझेदारी गरेर समुन्नत नेपाल र शान्ति भोलिन्टर एशोसियशनबाट प्राविधिक तथा आर्थिक सहयोग प्राप्त गरिरहेको छ । यसका लागि दुवै संस्थालाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । हामी स्थानीय विषयको पाठ्यक्रम हाम्रो माटो सुहाउँदो भएको हेर्न चाहन्छौं । त्यसैले यो ३ वर्षको अवधिमा पाठ्यक्रम विकास र कार्यान्वयनका क्रममा सबै सोकारवालाबाट सुझाव र सल्लाहको अपेक्षा गर्दछौं । पाठ्यक्रम र पाठ्यपुस्तकलाई हामी जहिले पनि जीवन्त साधनको रूपमा विकास गर्न चाहन्छौं । त्यसैले हाम्रा आवश्यकता, समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न सक्ने रचनात्मक सुझाव र सल्लाहका लागि आह्वान गर्न पनि चाहन्छौं ।

राजकुमार मल्ल

अध्यक्ष

राक्सिराङ्ग गाउँपालिका
Raksirang Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चैनपुर, मकवानपुर
Chainpur, Makawanpur

✉ :- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:-९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:-९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या / Ref.No :- २०७७/०७८
च.नं. / Dispatch No :-

प्रस्तुत पाठ्यक्रमलाई अध्ययन र मनन गरी आफ्नो बहुमूल्य सल्लाह र सुझाव सहित शुभकामना सन्देश पठाएर सहयोग गरिदिनु भएकोमा बागमती प्रदेशका सामाजिक विकास मन्त्री माननीय युवराज दुलालज्यू प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । यसैगरी हामीले गरेको कार्यको उच्च प्रशंसा र प्राविधिक पक्षसहित सुझाव र सल्लाह दिने हुने पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक श्री केशव प्रसाद दाहालज्यू प्रति आभार व्यक्त गर्न चाहन्छौं । यो पाठ्यक्रम विकासका लागि गठन भएको समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्य महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं । यो पाठ्यक्रमको प्राविधिक पक्षलाई सबल बनाउन योगदान गर्नु हुने विज्ञ टोलीका सदस्यहरूपति धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

अन्त्यमा प्रस्तुत पाठ्यक्रमलाई यस रूपमा ल्याउनका लागि योगदान गर्नु हुने सम्पूर्ण सरोकारवालालाई एकमुष्ठ आभार ज्ञापन गर्न चाहन्छौं । यहाँहरूले पाठ्यक्रममा हाम्रो परिवेश सुहाउने आवश्यकताका विषयवस्तुहरूलाई पहिचान गरेर पाठ्यक्रमको प्रस्तुत स्वरूप विकास गर्न उल्लेखनीय योगदान गर्नु भएको छ। हामीलाई विश्वास छ, यो पाठ्यक्रमलाई जीवन्त राख्न यहाँहरूले यसको कार्यान्वयनमा पनि अतुलनीय योगदान गर्नु हुनेछ। यस पाठ्यक्रमलाई कार्यान्वयन गर्न हाम्रा सम्पूर्ण विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरूले यथा जिम्मेवारी अनुकरणीय योगदान गर्नु हुनेछ भन्ने विश्वास राखेका छौं । यहाँहरूकै सल्लाह र सुझाव सहित यस पाठ्यक्रमलाई राक्सिराङ गाउँपालिकाको अमुल्य सम्पत्ति बनाउने अपेक्षा सहित धन्यवाद भन्न चाहन्छौं। साथै स्थानीय विषयको पाठ्यक्रम विकासका लागि परियोजना नै बनाएर सहयोग तथा सहकार्य गर्नु हुने दुवै संस्थालाई धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

...........................
राजकुमार मल्ल
अध्यक्ष
राजकुमार मल्ल
अध्यक्ष

## Foreword

Shanti Volunteer Association (SVA), a Japan based NGO believes the importance of cultural dimension of educational development. Therefore, it is our great pleasure to be able to develop local curriculum of Raksirang Rural Municipality in partnership with the local government, schools, community and indigenous people organizations. We know that Raksirang has wonderful and precious both natural and cultural diversity, which needs to be learned by children. Local subject classes have important role to make children familiarize themselves with local culture and nature and make them proud of Raksirang. With this effort, I hope many children will contribute to development of Raksirang when they become adult.

I would like to express our thanks to Raksirang Rural Municipality and Samunnat Nepal, our partner organization. Lastly but not the least, many thanks to Japanese embassy for providing financial support to this project.

Takafumi Miyake

Country Director

Nepal Office

Shanti Volunteer Association

**स्थानीय पाठ्यक्रम निर्माण समितिका पदाधिकारीहरू :**

१. रामकुमार बाल्पा – संयोजक, सामाजिक विकास समिति संयोजक, राक्सिराङ्ग गाउँपालिका

२. युवराज आचार्य – सदस्य, प्रशासकिय अधिकृत, राक्सिराङ्ग गाउँपालिका

३. मिथुन रुम्बा – सदस्य, शिक्षक महासङ्घ अध्यक्ष, राक्सिराङ्ग गाउँपालिका

४. सुषमा भुजेल – सदस्य, प्रधानाध्यापक, आधारभूत विद्यालय

५. तारानाथ दुवाडी – सदस्य, प्रधानाध्यापक, माध्यमिक विद्यालय

६. गणेश लामा – सदस्य, जनजाति महासङ्घ, राक्सिराङ्ग गाउँपालिका

७. युवराज लौडारी – सदस्य, कार्यक्रम संयोजक, समुन्नत नेपाल

८. विनोददास गुरुङ – सदस्य, शान्ति भोलिन्टियर एसोसिएसन

९. प्रदीप पराजुली – सदस्य सचिव, शिक्षा अधिकृत, राक्सिराङ्ग गाउँपालिका

**विज्ञ समूह**

उद्धवप्रसाद प्याकुरेल

युवराज लौडारी

हेमराज खतिवडा

## विषयसूची


| विषय | पृष्ठसङ्ख्या |
|---|---|
| भाग १ | १ |
| १. स्थानीय पाठ्यक्रमको सन्दर्भ र परिचय | १ |
| १.१. सन्दर्भ र पृष्ठभूमि : | १ |
| १.२. स्थानीय पाठ्यक्रम सम्बन्धी प्रावधानहरू | २ |
| १.३. पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरू | ३ |
| १.४ स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त | ३ |
| (क) स्थानीय आवश्यकता | ३ |
| (ख) स्थानीय विषयवस्तु | ४ |
| (ग) स्थानीय सहभागिता र विज्ञता | ४ |
| १.५ स्थानीय पाठ्यक्रमको औचित्य | ५ |
| भाग २ | ८ |
| २. स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रिया | ८ |
| २.१. पाठ्यक्रम विकास प्रक्रिया : | ८ |
| (क) स्थानीय सरोकारवालाहरूकाबिच अन्तरक्रिया तथा छलफल | ८ |
| (ख) स्थानीय पाठ्यक्रम विकास समिति गठन | ८ |
| (ग) आवश्यकता र स्रोत पहिचानसम्बन्धी कार्यशाला | ९ |
| (घ) पाठ्यक्रम निर्माण कार्यशाला | ९ |
| २.२. पाठ्यक्रममा सुझाव | १० |
| २.३. पाठ्यक्रमको अनुमोदन | १० |
| २.४. पाठ्यपुस्तक विकास | ११ |
| २.५. पाठ्यपुस्तक प्रयोग सम्बन्धी सहजीकरण | ११ |
| २.६. पाठ्यपुस्तकको प्रयोग | ११ |

| भाग ३ | | १२ |
|---|---|---|
| ३. | स्थानीय विषयको पाठ्यक्रमका लागि छनोट भएका विषय क्षेत्रहरू : कक्षा : १–८ | १२ |
| ४. | तहगत सक्षमता कक्षा १ –३ | १४ |
| ५. | तहगत सक्षमता कक्षा ४ –८ | १४ |
| ६. | विषयवस्तुको क्षेत्र तथा क्रम कक्षा १ -३ | १६ |
| ७. | विषयवस्तुको क्षेत्र तथा क्रम कक्षा ४ -८ | २० |
| ८. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - १ | ३० |
| ९. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - २ | ३२ |
| १०. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ३ | ३४ |
| ११. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ४ | ३५ |
| १२. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ५ | ३८ |
| १३. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ६ | ४० |
| १४. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ७ | ४३ |
| १५. | कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ८ | ४५ |
| १६. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - १ | ४८ |
| १७. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - २ | ५४ |
| १८. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - ३ | ६१ |
| १९. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - ४ | ६८ |
| २०. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - ५ | ७८ |
| २१. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - ६ | ८७ |
| २२. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - ७ | ९७ |
| २३. | विषयवस्तुको विस्तृतीकरण, कक्षा - ८ | १०७ |
| २४. | सिकाइ क्रियाकलाप | ११८ |
| २५. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ११९ |
| २६. | विभिन्न मितिमा भएका बैठक, छलफल, तथा कार्यशालामा सहभागी .... | १२२ |
| २७. | स्थानीय पाठ्यक्रम विकास तथा पाठ्यपुस्तक लेखन कार्यशाला | १२४ |

## भाग १

# १. स्थानीय पाठ्यक्रमको सन्दर्भ र परिचय

## १.१. सन्दर्भ र पृष्ठभूमि :

राक्सिराङ्ग गाउँपालिकामा ५३ ओटा सामुदायिक विद्यालयहरू छन् । यी विद्यालयहरूमा ४९ ओटा आधारभूत तहका र चारओटा माध्यमिक तहका विद्यालयहरू रहेका छन् । यी सबै विद्यालयहरूको अभिभावकत्व सङ्घीय संरचनाअनुसार स्थानीय तहले गर्नुपर्ने संविधानको व्यवस्थाअनुसार गाउँपालिकाले अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा आधारभूत तहसम्म स्थानीय पाठ्यक्रमको अवधारणालाई मूर्त रूप लिनका लागि राक्सिराङ्ग गाउँपालिको आफ्नो भूगोल, स्थानीय सम्पदा, संस्कृति, परम्परा र मौलिकतालाई बालबालिकाहरूले उच्च मूल्यका साथ ज्ञान, सीप, मनोवृति आर्जन गर्न सक्ने सक्षमता विकास गर्न स्थानीय पाठ्यक्रम निर्माणमा अग्रसरता देखाएको हो ।

पाठ्यक्रम विकास निरन्तर प्रक्रिया हो । समाजको माग र सिकारुको आवश्यकताका आधारमा पाठ्यक्रममा समसामयिक, विश्वव्यापी र स्थानीय विषयवस्तुलाई समावेश गरिन्छ । कुनै तहमा अध्ययन गर्ने विद्यार्थीमा व्यवहारकुशल तथा जीवनोपयोगी सिप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सिकारुमैत्री बनाउने प्रयास गरिन्छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को सैद्धान्तिक अवधारणाअनुसार आधारभूत तहको मौजुदा पाठ्यक्रममा परिमार्जन गरी एकीकृत पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ घण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ ।

स्थानीय विषयअन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप समावेश गर्नुपर्ने प्रावधान राखिएको छ। यसअन्तर्गतका सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापसँग पनि सम्बन्धित गराउन पर्ने कुरा उल्लेख गरिएको छ । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

स्थानीय पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले क्षमता विकास गरी सबै विद्यालयमा मातृभाषा वा मातृभाषा र स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहमै रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसारको संरचनामा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता पूर्ति हुनाका साथै सिकाइप्रतिको अपनत्वसमेत विकास हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयवस्तुमा आधारित विषय तथा मातृभाषाका पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले शान्ति भोलिन्टर एसोसिएसन र

समुन्नत नेपालले राक्सिराङ्ग गाउँपालिकाको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि ३ वर्षको साझेदारी सहित पहिलो खुड्किलाका रूपमा यो स्थानीय पाठ्यक्रम तयार गरेको हो ।

## १.२. स्थानीय पाठ्यक्रम सम्बन्धी प्रावधानहरू

नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गित गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा समय छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रमका सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइउपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

## १.३. पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरू

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले पाठ्यक्रम विकास, निर्माण तथा कार्यान्वयन गर्दा १४ ओटा पक्षहरूलाई आधार बनाउनु पर्ने कुरा उल्लेख गरेको छ । यिनीहरूलाई पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा अवलम्बन गर्न सिफारिस गरेको छ । त्यसैले राक्सिराङ्ग गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास गर्दा यी सैद्धान्तिक पक्षहरूलाई आत्मसात् गर्ने प्रयास गरेको छ ।

(क) सक्षमतामा आधारित

(ख) सर्वाङ्गीण बालविकासको अवधारणा अनुरूप

(ग) बालकेन्द्रित विकासात्मक पद्धतिअनुरूप

(घ) एकीकृत सिद्धान्तका आधारमा

(ङ) समावेशी सिद्धान्तका आधारमा

(च) स्थानीय आवश्यकतामा आधारित

(छ) सूचना, सञ्चार तथा आधुनिक प्रविधिको उपयोगमा आधारित

(ज) जीवनोपयोगी तथा कार्यप्रति अभिमुख

(झ) सहभागितामूलक

(ञ) लचिलोपना र विविधतामा आधारित

(ट) नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानमा आधारित

(ठ) सिकाइका प्रमुख क्षेत्रहरूको व्यवस्थापन

(ड) शैक्षिक गुणस्तर मानकको सुनिश्चितमा आधारित

(ढ) खोज तथा अनुसन्धानमा आधारित

## १.४ स्थानीय पाठ्यक्रमको अवधारणा तथा सिद्धान्त

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका २०७६ ले स्थानीय पाठ्यक्रम हुनका लागि मुख्य रूपमा निम्नलिखित तीन पक्ष हुनुपर्ने कुरा उल्लेख गरेको छ :

### (क) स्थानीय आवश्यकता

स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकतालाई समेट्नु पर्दछ। स्थानीय समुदायको आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई मात्र स्थानीय

पाठ्यक्रम भन्न सकिन्छ भन्ने कुरा उल्लेख गरेको छ । यसका लागि पाठ्यक्रम विकास गर्ने क्रममा स्थानीय समुदायमा रहेका व्यक्तिको सही तरिकाले आवश्यकता पहिचान गर्ने, स्थानीय पाठ्यक्रम निर्माणका क्रममा सुझाव सङ्कलन गर्नका लागि स्थानीय जनप्रतिनिधि, विभिन्न क्षेत्रका स्थानीय विज्ञ, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक आदिसँग स्थानीय तहका वडा, बस्तीहरू समावेश गरी समूहगत तथा व्यक्तिगत छलफल, अन्तरक्रिया, प्रश्नोत्तर तथा निश्चित लक्षित समूह छलफल (Focal Group Discussion) गर्नुपर्छ भन्ने प्रक्रियागत कुरा समेत सिफारिस गरेको पाइन्छ । यसै अनुरूप समुन्नत नेपालले पाकिको आयोजनामा स्थानीय स्तरमा छलफल र कार्यशालाको आयोजना गरेको थियो जुनकुरा पाठ्यक्रम विकासको प्रक्रियामा समेत उल्लेख गरिएको छ ।

### (ख) स्थानीय विषयवस्तु

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्षको रूपमा स्थानीय विषयवस्तु हुनुपर्ने कुरा उल्लेख गरिएको छ । यसैगरी स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप, प्रविधि हुनु जरुरी छ । यसमा मातृभाषा, स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयवस्तु, स्थानीय सिपमध्येबाटै विषयवस्तु समावेश गर्न सकिन्छ । तर ती विषयवस्तु स्थानीय समुदायसँग सम्बन्धित हुनुपर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

### (ग) स्थानीय सहभागिता र विज्ञता

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय पाठ्यक्रम हुनका लागि पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा स्थानीय समुदायमा रहेका व्यक्तिको सहभागिता अनिवार्य हुन्छ । यसमा उनीहरूकै विज्ञताको प्रयोग गर्नुपर्छ । पाठ्यक्रम विकासमा स्थानीयको सहभागितालाई पाठ्यक्रम विकास तथा परिमार्जनमा सुझाव दिने कार्यमा, पाठ्यक्रम लेखनमा विशेषज्ञको रूपमा, विभिन्न स्रोत, साधन र सूचना उपलब्ध गराउने सूचना सम्प्रेषकका रूपमा विज्ञताको उपयोग गर्न सकिन्छ । यसै गरी पाठ्यक्रम कार्यान्वयन गराउने क्रममा कक्षाकोठाभित्र तथा बाहिर विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराउन शिक्षकको रूपमा, स्रोत व्यक्तिको रूपमा, विद्यालय तथा शिक्षकलाई सल्लाह प्रदान गर्ने सल्लाहकारका रूपमा, विभिन्न सहयोग प्रदान गर्ने सहयोगीका रूपमा पनि सहभागिता बढाउन सकिन्छ भन्ने पक्षहरूलाई खुलाइएको पाइन्छ ।

यस अर्थमा स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन गर्नुपर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्न सहयोग गर्नुपर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउन, शिक्षक र विद्यार्थीबिच सम्बन्ध विकासमा सहयोग गर्न,

समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउन सक्नुपर्छ । त्यसै गरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्दै नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्नुपर्छ । समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउन मदत गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रमलाई अलग्गै विषयका रूपमा मात्र नलिई कुनै ज्ञान, सिप, सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन, कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रूपमा लिने दृष्टिकोण पनि रहेको छ । पाठ्यक्रमको यस्तो सान्दर्भीकरणले अलग्गै विषयका रूपमा स्थानीय पाठ्यक्रम निर्माण गर्नेभन्दा पनि सिकाइ प्रक्रियामार्फत विभिन्न विषय वा विषयवस्तुलाई स्थानीय परिवेश, उदाहरण, अनुभवसँग एकाकार गर्नु भन्ने बुझाउँछ । यसरी सान्दर्भीकृत (Contextualized) पाठ्यक्रमका रूपमा स्थानीय पाठ्यक्रमलाई लिन आवश्यक हुन्छ ।

स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप र प्रविधि तथा स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुऱ्याउँछ । स्थानीय मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा यसले योगदान पुऱ्याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम निर्माण, कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुन्छ ।

## १.५ स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका २०७६ ले स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पुरा गर्न सम्भव नहुन सक्छ । यसका लागि स्थानीय पाठ्यक्रम सार्थक हुन सक्छ भन्ने पक्षलाई जोडदार रूपमा उल्लेख गरेको छ । साथै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्नानुसारका बुँदाहरूमा स्पष्ट पारेको पाइन्छ :

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सोकारवालालाई जिम्मेवारी बोध गराउनु
- भौगोलिक, जातिय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु
- स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु
- विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास

गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्न सक्नु पर्छ । यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउनु आवश्यक छ ।

स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि स्थानीय पाठ्यक्रमले सेतुका रूपमा कार्य गर्न सक्छ । यसले स्थानीय तहको क्षमता विकास गर्दै राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्न मदत गर्दछ । यसैले स्थानीय पाठ्यक्रम शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु मुख्य औचित्य सावित हुन आउँछ ।

## भाग २

## २. स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रिया

### २.१. पाठ्यक्रम विकास प्रक्रिया :

राक्सिराङ्ग गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रियालाई गाउँपालिकाको एउटा कार्यक्रमका रूपमा नै आत्मसात् गरेको छ । यसका लागि समुन्नत नेपाल र शान्ति भोलिन्टर एसोसिएसनसँग सन् २०२० मार्च महिनादेखि २०२३ फेब्रुअरी महिनासम्म "स्थानीय विषयको माध्यमबाट बालकेन्द्रित सिकाइको प्रवर्द्धन" कार्यक्रम गाउँपालिकासँग सहकार्य गर्दै अगाडि बढ्न त्रिपक्षीय समझदारी पत्रमा २०२० जुलाइ महिनाको ६ तारिख तदनुसार आषाढ २२, २०७७ सालमा हस्ताक्षर भएको छ । सोही कार्यक्रम अन्तर्गत आधारभूत तहको कक्षा १ देखि ८ सम्म स्थानीय विषयमा आधारित पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक निर्माण र छपाइ, पाठ्यक्रमको कार्यान्वयन, कार्यक्रमको अभिमुखीकरण, प्रधानाध्यापक र शिक्षक तालिम, अनुगमन आदि जस्ता कार्य गरी सिकाइ सहजीकरण गर्ने सम्मका दीर्घकालीन ढाँचाहरू अङ्गीकार गरेको छ । प्रस्तुत पाठ्यक्रम विकास र कार्यान्वयनका लागि निम्नानुसारका चरणहरू अवलम्बन गरिएको छ :

#### (क) स्थानीय सरोकारवालाहरूबिच अन्तरक्रिया तथा छलफल

पाठ्यक्रम निर्माणको पहिलो चरणमा पालिकाको पहलमा २०७७ आषाढ २२ गते पालिकाको सभाहलमा एक दिवसीय कार्यशालाको आयोजना भएको थियो । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लज्यूको अध्यक्षतामा सञ्चालित उक्त कार्यशालामा उपाध्यक्ष निर्मला हिमडुङ्को पनि उपस्थिति रहको थियो । स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय स्तरको सहभागिता अनिवार्य हुनुपर्ने मान्यतालाई आत्मसात् गर्दै कार्यशालामा स्थानीय जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति (विव्यस), अभिभावक शिक्षक सङ्घ (अशिसं), प्रधानाध्यापक (प्रअ), शिक्षक, बाल सङ्गठन, आदिवासी जनजाति, शिक्षक महासङ्घ आदिको सहभागिता रहेको थियो । कार्यक्रमको मूख्य उद्देश्य स्थानीय स्तरमा कार्यक्रम बारे जाकारी गराउने, पाठ्यक्रमका विषय क्षेत्र अनुसार विषयवस्तु पहिचान गराउने र स्थानीय पाठ्यक्रम विकास समितिका लागि नाम चयन गर्ने रहेको थियो । सोहीअनुसार कार्यशालाले ठुलो चित्र (Big Picture) का रूपमा विषयवस्तु पहिचान गर्नुका साथै समितिका लागि नौ जनाको नाम सिफारिस समेत गरेको थियो । साथै अध्यक्षज्यूको सक्रियतामा साबिकका चार गाविसमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी सरोकारवालको विचार आदान प्रदान कार्यशालाको मिति र स्थान समेत तोकिएको थियो ।

#### (ख) स्थानीय पाठ्यक्रम विकास समिति गठन

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन पुस्तिका २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका लागि पालिका स्तरमा पाठ्यक्रम विकास समिति गठन

गर्नुपर्ने व्यवस्था गरेको छ । सोही प्रावधान अनुसार पालिका स्तरीय सरोकारवालाको कार्यशालाले २०७७ आषाढ २२ गते ९ सदस्यीय स्थानीय पाठ्यक्रम विकास समिति गठनका लागि नामावली सिफारिस गरेको थियो । उक्त समितिमा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी महानुभावहरू रहनु भएको छ । समितिलाई पालिकाको मिति ........ मा बसेको बोर्ड बैठकले अनुमोदन गरेको थियो । नव गठिन पाठ्क्रम विकास समितिको मिति २०७७ आषाढ २९ गतेको बैठकले पदाधिकारीहरूको जिम्मेवारी तोक्ने र पाठ्यक्रम निर्माण कार्यविधिलाई अनुमोदन गर्ने निर्णय गरेको थियो ।

### (ग) आवश्यकता र स्रोत पहिचान सम्बन्धी कार्यशाला

स्थानीय पाठ्यक्रम विकासका लागि क्षेत्रीय, लैङ्गिक, भाषागत, जातीय सबै पक्ष र सरोकारवालाहरूको अर्थपूर्ण सहभागिताका लागि राक्सिराङ्ग गाउँपालिकाका साबिकका चार गाविस सरिखेत, खैराङ, काकडा र राक्सिराङ्ग मा एक एक दिने स्थानीय पाठ्यक्रमको आवश्यकता र स्रोत पहिचान सम्बन्धी कार्यशालाको आयोजना गरेको थियो । उक्त कार्यशालामा स्थानीय जनप्रतिनिधि, प्रधानाध्यापक, निर्वाचित दलित महिला प्रतिनिधि, स्थानीय समजसेवी, बाल सङ्गठनका प्रतिनिधि, शिक्षक, वडाअध्यक्ष, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक सङ्घका अध्यक्षको सहभागिता रहेको थियो ।

स्थानीय पाठ्यक्रमसम्बन्धी अवधारणा, स्थानीय विषयवस्तु पहिचानका सवालमा समुन्नत नेपालका विज्ञ टोलीले कार्यशालालाई सहजीकरण गरेका थिए । स्थानीय विषयको पाठ्यक्रम निर्माण प्रक्रियामा सहजताका लागि कार्यशालामा भूगोल, संस्कृति तथा रीतिरिवाज, रहनसहन, अन्नबाली र कन्दमूल, फलफूल, तरकारी, स्थानीय प्रविधि, पर्यटन, जडीबुटी, आदि विभिन्न विषय क्षेत्रहरू आधार बनाएर स्थानीय परिवेश र आवश्यकताका विषयवस्तुहरू पहिचान गराइएको थियो । चार समूहमा सञ्चालन गरिएको कार्यशालाबाट प्राप्त विषयवस्तुहरूलाई प्राविधिक रूपमा संश्लेषण गर्दै पाठ्यक्रम निर्माणसम्बन्धी बृहत् कार्यशालामा प्रस्तुत गरिएको थियो ।

### (घ) पाठ्यक्रम निर्माण कार्यशाला

स्थानीय पाठ्यक्रम निर्माणको चौथो चरणमा पाठ्यक्रम निर्माणसम्बन्धी ५ दिने बृहत् कार्यशाला आयोजना गरियो । कार्यशालामा स्थानीय निर्वाचित जनप्रतिनिधि, प्रधानाध्यापक, स्थानीय समजसेवी, बाल सङ्गठन, शिक्षक सङ्घ, वडाअध्यक्ष, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक सङ्घ, जनजाति महासङ्घ, चेपाङ सङ्घ, आदिको सहभागिता रहेको थियो । कार्यशालामा स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी कानुनी आधार, राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देशित गरेका स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी आधारहरू र स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकाले निर्देशित गरेका पक्षहरू विस्तृत रूपमा प्रस्तुत गर्दै नीतिगत प्रस्टता

गर्ने कार्य भएको थियो । स्थानीयस्तरमा ४ समूहमा सम्पन्न भएको कार्यशाला र उक्त कार्यशालाले सिफारिस गरेका विषयवस्तुहरूलाई बृहत् कार्यशालामा प्रस्तुत भयो । कार्यशालाले उक्त विषयवस्तुहरूलाई गहन रूपमा अध्ययन गर्दै छुटेका विषयवस्तु थप्ने र अन्तिम रूप दिने कार्य गऱ्यो ।

सोही कार्यशालाले अन्तिम रूप दिइएका विषयवस्तुहरूलाई पाठ्यक्रमको ढाँचा अनुरूप क्षेत्र र क्रम निर्धारण गर्ने कार्य गऱ्यो । यसै गरी तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि निर्धारण गर्ने कार्य गऱ्यो । यसैमा आधारित भएर कक्षागत सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया सहित विषय विस्तृतीकरण तयार गऱ्यो । कार्यशालाले तयार गरेको स्थानीय पाठ्यक्रमको ढाँचालाई प्राविधिक रूपमा विज्ञ टोलीले अध्ययन र संश्लेषग गर्दै पाठ्यक्रमको प्रस्तुत खाका तयार गरियो ।

## २.२. पाठ्यक्रममा सुझाव

यो स्थानीय पाठ्यक्रम विकासको क्रममा विभिन्न चरणमा सरोकारवालाहरूको कार्यशालाको आयोजना गरियो । समुदाय स्तरमा भएका कार्यशालाहरूले स्थानीय पाठ्यक्रमका लागि विषयवस्तु पहिचान गरेको थियो । बृहत् कार्यशालाले स्थानीय स्तरबाट प्राप्त विषयवस्तुलाई आधार बनाएर स्थानीय पाठ्यक्रमको स्वरूप तयार गऱ्यो । विज्ञहरूले आवश्यकतानुसार अन्तिम रूप दिन प्राविधिक सहयोग गरेको थियो । यस प्रक्रियामा पहिलो मस्यौदाका रूपमा तयार भएको पाठ्यक्रमलाई अध्ययन गरी समूहगत रूपमा सुझाव दिन अनुरोध गरियो । यस्तै गाउँपालिका स्तरमा सरोकारवालाहरूको भेला गरी मस्यौदा पाठ्यक्रममा व्यापक छलफल गराई छुट भएका विषयवस्तुहरूमा सुझाव सङ्कलन कार्य गरियो । प्राप्त सुझावहरूलाई समावेश गरी पाठ्यक्रम विकास समितिले अनुमोदनका लागि गाउँपालिकाको बैठकमा पेस गर्ने छ ।

यो जीवन्त पाठ्यक्रम निर्माण प्रक्रिया भएकाले पहिलो चरणमा पहिचान भई तयार भएको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकहरू तयार गरिने छ । पाठ्यक्रममा भएका विषयवस्तुहरूलाई बालबालिकाहरूले क्रियाकलाप गरेर सिकाइ गर्ने छन् । बालबालिकाले सिकेका कुराहरू घर व्यवहारमा रूपान्तरण गर्ने कार्यले अभिभावकहरू पनि पाठ्यक्रमका सम्बन्धमा सबल र सुधारात्मक पक्षहरू औंल्याउन सक्नुहुनेछ । कमजोर पक्षहरूलाई यस कार्यक्रममा समीक्षा गर्दै पाठ्यक्रममा सुधार गर्दै लैजाने रणनीति अङ्गीकार गरिने छ । त्यसैले यो पाठ्यक्रम निर्माण निरन्तर र गतिशील दस्तावेजका रूपमा आत्मसात् गर्न खोजिएको छ । यस अर्थमा यस पाठ्यक्रमका सम्बन्धमा कुनै पनि समय, अवस्थामा आफ्ना अमूल्य सुझाव र सल्लाह दिन सकिने प्रावधान रहेको छ ।

## २.३. पाठ्यक्रमको अनुमोदन

यो पाठ्यक्रम पाठ्यक्रम विकास समितिले अनुमोदनका लागि मिति २०७७ ...........मा राक्सिराङ्ग गाउँपालिकाको बोर्ड बैठकमा पेस गरी पालिकाको मिति .......... को बैठकबाट पारित गरेको हो । गाउँपालिकामा अनुमोदनपश्चात् शैक्षिक सत्र २०७७ को बाँकी समयमा

आंशिक र २०७८ देखि पूर्ण रूपमा गाउँपालिकाका सबै विद्यालयहरूमा कार्यान्वयन भैरहेको छ ।

## २.४. पाठ्यपुस्तक विकास

आधारभूत तहको कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम विकास गर्ने कार्य पूरा भएपछि विद्यार्थी सिकाइका लागि दुई चरणमा पाठ्यपुस्तक लेख्ने कार्यक्रम रहेको थियो । पहिलो चरणमा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक तयार गर्ने कार्यक्रम रहेको थियो । यसका लागि २०७७ साउन २४ देखि २८ गतेसम्म पाठ्यपुस्तक निर्माण कार्यशाला आयोजना गरियो । दोस्रो चरणका लागि २०७८ मा कक्षा ६ देखि ८ सम्मका पाठ्यपुस्तक विकास गर्ने कार्यक्रम रहेको छ ।

स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माणका लागि स्थानीय शिक्षक, विज्ञ अभिभावकहरूको सहभागिता गरिएको थियो । उहाँहरूले लेख्नुभएको पाठ्यवस्तुलाई प्राविधिक तथा भाषिक शुद्धता सहित अन्तिम रूप दिएर छपाइ गर्ने कार्यक्रम रहेको छ ।

## २.५. पाठ्यपुस्तक प्रयोगसम्बन्धी सहजीकरण

स्थानीय पाठ्यक्रम र त्यसका आधारमा विकास भएका पाठ्यपुस्तकको प्रयोग सम्बन्धमा प्रधानाध्यापक र शिक्षकहरूका लागि दुई चरणमा तालिम कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ । पहिलो चरणमा ५३ ओटा विद्यालयका सम्पूर्ण प्रधानाध्यपकहरूलाई दुई समूहमा २ दिने अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । यसै गरी तिनै विद्यालयमा अध्यापन गराउने दुई दुई जना शिक्षकहरूलाई चार समूहमा ५ दिने तालिम सञ्चालन कार्यक्रम सञ्चालन गरिने छ । शिक्षकको क्षमता विकासमा खासगरी क्रियाकलापमा आधारित बालकेन्द्रित विधि र तरिकाहरू अवलम्बन गरेर स्थानीय विषयको पाठ्यपुस्तकमा भएका विषयवस्तुहरूलाई सिकाइ गरिने छ । दुवै चरणको तालिमलाई व्यावस्थित गर्न सहजीकरण निर्देशिका तयार गर्ने कार्यक्रम पनि रहेको छ । शिक्षक सहजीकरण निर्देशिकालाई विद्यार्थी सिकाइमा सहयोग गर्ने गरी तयार गर्ने कार्यक्रम रहेको छ । यसले कक्षामा बालकेन्द्रित सिकाइका लागि वातावरण तयार हुने अपेक्षा राखिएको छ ।

## २.६. पाठ्यपुस्तकको प्रयोग

राक्सिराङ्ग गाउँपालिकाले मिति ......................... को निर्णयबाट शैक्षिक सत्र २०७७/०७८ देखि सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गर्ने निर्णय गरेको छ । सोहीअनुसार पहिलो चरणमा कार्यक्रमको दोस्रो वर्ष अर्थात् २०७८ मा कक्षा १–५ मा विद्यार्थीहरूलाई स्थानीय विषयका पाठ्पुस्तकहरू उपलब्ध गराइने छ । दोस्रो चरणमा कार्यक्रमको दोस्रो वर्ष ६–८ मा स्थानीय पाठ्यपुस्तक विकास गरी विद्यार्थीलाई उपलब्ध गराउने प्रक्रियामा अगाडि बढ्ने छ । यसरी विकास भएका पाठ्यपुस्तकलाई बालकेन्द्रित सिकाइ प्रक्रियामा आधारित सिकाइ गर्न शिक्षकहरूको क्षमता विकास कार्यक्रम पनि सञ्चालन गरिने छ ।

## भाग ३

## पाठ्यक्रमको स्वरूप

### ३. स्थानीय विषयको पाठ्यक्रमका लागि छनोट भएका विषय क्षेत्रहरू : कक्षा : १ – ८

| क्र सं. | विषय क्षेत्र | विषय वस्तु |
|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्को परिचय | • राक्सिराङ्को स्थानीय परिवेशको धरातलीय स्वरुप, जनसंख्या, हावापानी, मौसम आदि । |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • विशेष गरी राक्सिराङ्ग गाउँपालिकामा बसोबास गर्ने जात जातिको परम्परा, पहिरन तथा भेषभूषा, रहनसहन, रीतिरिवाज, चालचलन, बोलीचाली<br>• न्वागी, गासा, छेवार, ल्होसार, क्रिस्मस् डे, कालिका जात्रा, न्वारन, मेलापर्व, गीत, सङ्गीत, बाजा, कला, जात्रा, भूमिपूजा, आइतबारे पूजा<br>• स्थानीय स्तरमा मनाइने धर्म, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थलहरू, ग्वारसिमी<br>• धामी, झाँक्री, बालविवाह |
| ३ | हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | • वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन, नदी नाला संरक्षण, जङ्गल संरक्षण |
| ४ | पर्यटन | • पर्यटन स्थलको विकास, होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ, सरस्वती गुफा, परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ, पाइराङ, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुङ्गुरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शङ्खरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लङ्का राम लक्ष्मण दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा |
| ५ | जडीबुटी | • कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेझार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप |

| | | |
|---|---|---|
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • डोको, डालो, नाम्लो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो, खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती |
| ७ | स्थानीय प्रविधि | • स्थानीय क्षेत्रमा प्रचलित प्रविधि जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाँड |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | • स्थानीय स्तरका क्लव, सरकारी तथा गैरसरकारी एवम् समुदायमा आधारित सङ्घसस्था आदि (लालि गुराँस बाल क्लब, संयुक्त बेसी युवा क्लब, सामुदायिक वन सहकारी, टोल विकास, नेपाल चेपाङ सङ्घ, नेपाल रेडक्रस सङ्घ, टि टि वाई युवा क्लब, रेष्ट, बा. क. स. प्लान नेपाल, महिला जागरुक समूह, तोरिराङ युवा क्लब |
| ९ | हाम्रो कृषि :<br>अन्नबाली र कन्दमूल | • विभिन्न अन्नबाली : मकै, धान, गहुँ, फापर, कोदो, कागुनो, गिठ्ठा, भ्याकुर, तरुल, सखरखन्ड |
| १० | तरकारी | • काउली, मुला, साग, आलु, गोलभैंडा, सिमी, फर्सी, इस्कुस, मास, मस्याङ, गहत, च्याउ |
| ११ | फलफूल | • सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पती, कागती, भोगटे, चिउरी, कफी, कुसुम, थाकल, मेवा, अम्बा, केरा |
| १२ | पशुपन्छी र कीट कीटपालन व्यवसाय | • कुखुरा, हाँस, बट्टाई, बाखा, गाई, भैंसी, सुँगुर, बँगुर मौरी, तित्रा, कालिज |
| | जम्मा | |

## ४. तहगत सक्षमता कक्षा १ –३

**स्थानीय  विषयमा आधारभूत तह (कक्षा १-३) को अन्त्यमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. आफ्नो घर, गाउँ र वडाको भौगोलिक अवस्थाको पहिचान गरी उत्तरदायी हुने उपाय बताउन,

२. स्थानीय सामाजिक सांस्कृतिक भेषभूषा, पहिरन, रहनसहन तथा चालचलन पहिचान, प्रयोग र सहभागी हुन,

३. आफ्नो वडाभित्र रहेका प्रकृतिक सम्पदा पहिचान गर्न,

४. आफ्नो वरपर पाइने जडीबुटी पहिचान गरी सामान्य प्रयोग गर्न,

५. स्थानीय घरेलु उत्पादित वस्तुको अवलोकन र पहिचान गर्न,

६. स्थानीय प्रविधिको जानकारी र प्रयोग गर्न,.

७. स्थानीय स्तरमा उत्पादन हुने अन्न तथा खाद्यवस्तुको पहिचान र प्रयोग गर्न,

८. स्थनीयस्तरमा पाइने तरकारीको बारेमा जानकारी तथा उपयोग गर्न,

९. स्थानीय स्तरमा पालिने पशुपन्छीको अवलोकन तथा जानकारी गरी सूची बनाउन,

१०.. स्थानीय स्तरमा फल्ने फलफूलको पहिचान, आवश्यकता र प्रयोग गर्न ।

## ५. तहगत सक्षमता कक्षा ४ –८

**स्थानीय विषयमा आधारभूत तह (कक्षा (४-८) को अन्त्यमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. स्थानीय गाउँपालिकाको भूगोल, सिमाना, हावापानी पहिचान, विश्लेषण, संरक्षणमा सहभागी हुन,

२. स्थानीय सामाजिक सांस्कृतिक भेषभूषा, पहिरन, रीतिरिवाज, चालचलन, रहनसहन, धर्म र धार्मिकस्थल पहिचान, अवस्था अध्ययन, महत्त्व, संरक्षण, प्रवर्धन र प्रयोग गर्न,

३. स्थानीय प्राकृतिक सम्पदाको जानकारी तथा अवस्था अध्ययन, संरक्षण र प्रर्वधनमा सहयोग गर्न,

४. स्थानीय पर्यटन स्थलको परिचय दिई अतिथिको सत्कार, संरक्षण, विकास प्रवर्धन गर्न,

५. स्थानीय स्तरका जडीबुटी सम्बन्धी सामान्य जानकारी तथा प्रयोग गर्न,

६. स्थानीय घरेलु उत्पादित वस्तुको अवलोकन, पहिचान, आवश्यकता, संरक्षण, भण्डारण, बजार  व्यवस्थापन र प्रयोग गर्न,

७. स्थानीय प्रविधिको पहिचान, आवश्यकता र उपयोग, संरक्षण गर्न,

८. स्थानीय सङ्घ सस्था, सामाजिक व्यक्ति पहिचान र राम्रा कामको अनुसरण गर्न,

९. स्थानीय स्तरमा पाइने अन्न तथा कन्दमूल उत्पादन तरिका र उपयोग गर्न,

१०. स्थनीयस्तरमा पाइने तरकारी उत्पादनको तरिका तथा उपयोग गर्न,

११. स्थानीय स्तरमा फल्ने फलफूलको पहिचान, आवश्यकता उत्पादन तरिका र प्रयोग गर्न,

१२. स्थानीय स्तरमा पालिएका पशुपन्छीको अध्ययन, अवलोकन तथा उपयोग गर्न ।

## ६. विषयवस्तुको क्षेत्र तथा क्रम तालिका

**कक्षा १ -३**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | आफू बसेको गाउँपालिका, वडा नं र गाउँको नामसहित आफ्नो नाम, परिवार संख्या : राक्सिराङ्ग गाउँपालिकाको नाम | आफ्नो घरगाउँको भौगोलिक अवस्था,पहिचान : अग्लो, होचो, समथर, भिरालो, लेक, बैँसी<br>छिमेकको जनसंख्या | आफ्नो वडाको भौगोलिक अवस्थाको पहिचान : अग्लो, होचो, समथर, भिरालो, लेक, बेसी,<br>आफ्नो गाउँको जनसंख्या |
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, सामाजिक समस्या र समाधानका उपाय | आफ्नो परिवारका सदस्यहरूले लगाउने पहिरनका नाम<br>आफ्नो परिवारले मनाउने चाडको नाम<br>परम्परा अनुसार आफन्त नातेदार र मान्यजनलाई अभिवादन : नमस्कार, ढोग | टोलछिमेकका मानिसहरूले लगाउने पहिरन, आफ्नो परिवारमा चाडपर्वमा खाइने परिकारको नाम, आफ्नो टोल छिमेकका मानिसले मान्ने धर्मको पहिचान | राक्सिराङ्ग गाउँपालिकाको आफू बसेको वडाभरिका मानिसको लवाइखवाइ पहिचान,<br>राक्सिराङ्ग गाउँपालिका आफू बसेको वडाभरिका मानिसको चालचलन,<br>आफ्नो परिवारमा मनाइने चाड पहिचान<br>राक्सिराङ्ग गाउँपालिका आफू बसेको वडाभरि रहेका धार्मिक स्थल पहिचान |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापनको उपाय | आफ्नो घर वरपर भएका बोटबिरुवाको नाम : साल, अर्चना (साज) चिलौनो, चिउरी<br>आफ्नो घर गाउँ नजिक रहेको वन, नदीनालाको नाम , मनहरी, सुर्लिङ सिर्खे, दुङ्घु, लोथर | आफ्नो गाउँमा रहेका मन्दिर विहार गुफा वरपर रहेका प्राकृतिक स्रोतको पहिचान : धारा, पोखरी, गुफा, वन | विपद् पर्न सक्ने अवस्था पहिचान : बाढी, पहिरो, आगलागी, चट्याङ<br>चट्याङबाट बच्ने उपाय बताउन र बच्न |
| जडीबुटी | आफ्नो घर वरपर पाइने जडीबुटीका नाम : कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेझार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | आफ्नो घर वरपर पाइने जडीबुटी चिनेर नाम : कुरिलो, सिस्नो गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेझार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | आफ्नो वडाभित्र उत्पादन गर्न सकिने जडीबुटीको पहिचान : कुरिलो, सिस्नो गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेझार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप |
| हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | राक्सिराङ्ग गाउँपालिकाभित्र साना उद्योगबाट उत्पादित घरेलु सामानको नाम जस्तै : डोको, डालो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती | राक्सिराङ्ग गाउँपालिकाभित्र साना उद्योगबाट उत्पादित घरेलु सामानको नाम जस्तै : डोको, डालो, नाम्लो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, मादल, मुरली | राक्सिराङ्ग गाउँपालिकाभित्र साना उद्योगबाट उत्पादित घरेलु सामानको उपयोगिता तथा महत्त्व, आम्दानीको स्रोत, स्रोत साधनको प्रयोग, खर्च बचत, कामको अवसर आदि ।<br>जस्तै : डोको, डालो, नाम्लो, कुचो, नाङ्लो, जाबी, मुढा, गुन्द्री, मान्द्रो |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | | | खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, मादल, मुरली |
| स्थानीय प्रविधि | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको नाम जस्तै :<br>माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको नाम जस्तै :<br>माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको महत्त्व : आम्दानीको स्रोत, स्रोत साधनको प्रयोग, खर्च बचत, कामको अवसर आदिः माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण |
| कृषि :<br>अन्न र कन्दमूल | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने अन्न र कन्दमूलको नाम जस्तै : धान, मकै, गहुँ, कोदो, फापर, कागुनो, गिठ्ठा, भ्याकुर, तरुल, सखरखन्ड | राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने अन्नहरूको सामान्य परिचय : धान, मकै, गहुँ, कोदो, फापर, कागुनो<br>राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने कन्दमूलको सामान्य परिचय, : गिठ्ठा, भ्याकुर, तरुल, सखरखन्ड | राक्सिराङ्ग गाउँपालिकाभित्र अन्नहरू फल्ने जग्गा र माटो पहिचान गर्न : बलौटे माटो, दोमट माटो, सिम, पाखो, खेत, बारी<br>स्थानीय स्तरमा फल्ने कन्दमूल पाइने स्थान पहिचान पाखो, खेत, बारी |
| तरकारी | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने तरकारीको नाम र सामान्य वर्गीकरण, लहरामा फल्ने तरकारीहरूको नाम जमिनमुनि फल्ने | स्यानीय स्तरमा पाइने तरकारीको सामान्य परिचय : काउली, मुला, साग, आलु, गोलभेँडा, सिमी, | स्थानीय स्तरमा गरिने तरकारी खेतीमा प्रयोग हुने औजारहरू पहिचान : कुटो कोदालो, हँसिया, डल्लेठो |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | तरकारीको नाम जस्तै : काउली, मुला, साग, आलु, गोलभैँडा, सिमी, फर्सी, इस्कुस, मास, मस्याङ, गहत, च्याउ | फर्सी, इस्कुस, मास, मस्याङ गहत, च्याउ<br>खाइने भागको आधारमा वर्गीकरण<br>काण्ड : इस्कुस, गाभा, फर्सीको मुन्टा<br>पात : रायो, मुला<br>फूल : काउली, बन्दा<br>जरा : मूला, सलगम<br>लहरामा कोसा लागेर फल्ने तरकारीको परिचग : बोडी सिमी,<br>कोसा नलागी दाना फल्ने तरकारीको परिचय : करेला, घिरौंला, फर्सी काउली | स्थानीय लहरे तरकारीहरूको संरक्षण : थाँक्रो, बार<br>तरकारीको उपयोगिता : ताजा तरकारी, आम्दानीको स्रोत, |
| फलफूल | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने फलफूलका नाम : सुन्तला, आँप, कटहर, अनार, लिर्चीी, नास्पाती कागती, भोगटे, चिउरी, कफी, कुसुम, थाकल | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने स्थानीय जातका फलफूलको परिचय जस्तै : सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पाती कागती भोगटे, चिउरी, कफी, कुसुम, थाकल | स्थानीस्तरमा पाइने फलफूलबाट बन्ने परिकार जस्तै : सुन्तलाः जुस, आँपः अचार, चुकअमिलो, कटहर : जुस अनार, लिर्चीी, नास्पातीः जुस, कागती : अचार, भोगटे :अचार, चिउरी : घिउ, कफी : |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| | तिनको स्वादका आधारमा वर्गीकरण जस्तै : गुलियो, अमिलो, टर्रो | | |
| पशुपन्छी र कीट पालन व्यवसाय | स्थानीय स्तरमा आफ्नो घर छिमेकमा पालिने घरपालुवा पशुपन्छी कीटको नामः, बाख्रा, गाई भैंसी, सुँगुर, बङ्गुर कुखुरा, हाँस, बट्टाई मौरी, जङ्गली पशुपन्छीको नाम जस्तै : कालिज, तित्रा, मयूर, बाज, बाघ भालु, चितुवा, बँदेल, सालक | राक्सिराङ्ग गाउँपालिकास्तरमा पाइने घरपालुवा तथा जङ्गली पशुपन्छीको वर्गीकरण<br>घरपालुवाः कुखुरा, हाँस, बट्टाई, बाख्रा, गाई भैंसी, सुँगुर, बङ्गुर मौरी, जङ्गली : कालिज, तित्रा, मयूर, बाज, बाघ भालु, चितुवा, बँदेल, सालक | स्थानीय स्तरमा पालिने घरपालुवा पशुपन्छीको प्रयोग र फाइदाको सूची : मासु, मल, छाला, हाड, आम्दानीको स्रोत |

## ७. विषयवस्तुको क्षेत्र तथा क्रम तालिका

**कक्षा ४ -८**

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | राक्सिराङ्ग गाउँपालिका भित्र आफू बसोबास गरेको गाउँ र वडाको जनसंख्या र भौगोलिक अवस्थाको पहिचान : | राक्सिराङ्ग गाउँपालिकाको जनसंख्या र भौगोलिक भूबनोट अवस्थाको पहिचान : | राक्सिराङ्ग गाउँपालिकाको जनसंख्या र हावापानीको पहिचान | राक्सिराङ्ग गाउँपालिकाको जनसंख्या र सिमाना पहिचान : पूर्व, | धरातलीय बनावटको आधारमा राक्सिराङ्ग गाउँपालिकालाई चिनाउने भौगोलिक स्थान, जनसंख्या र तिनको महत्त्व, |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | अग्लो, होचो, समथर, लेक, बेँसी | अग्लो, होचो, समथर, लेक, बेँसी | गर्मी जाडो, ओसिलो, पारिलो, लेक र बेँसीको तापक्रम | पश्चिम, उत्तर दक्षिण<br>राक्सिराङ्ग गाउँपालिकाको नक्सा निर्माण र सङ्केतीकरण : वनजङ्गल, वस्ती, खोला, स्कुल, बाटो, | गाउँपालिकाको जनसङ्ख्या,<br>चेपाङ होम स्टे, सग्रालय चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ, सरस्वती गुफा, भर्‍याङ कालिका मन्दिर, भिमुङ पाइराङ |
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | राक्सिराङ्ग गाउँपालिकाका मानिसको विशेष गरी मेला पर्वमा लगाउने विषेश पहरिन : स्थानीय स्तरको मेलापर्वमा खाने परिकार :<br>राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसले मनाउन<br>चाडपर्व : राक्सिराङ्ग गाउँपालिकाभरि रहेका | आफ्नो<br>गाउँपालिकाभित्रका मानिसले लगाउने विशेष पहिरन, रहनसहन र रीतिरिवाजको महत्त्व<br>आफ्नो गाउँपालिकाभित्र मनाइने चाड पर्वको महत्त्व<br>स्थानीय स्तरमा आइपर्ने कुसंस्कार, | स्थानीय जातजातिका न्वारन, छेवर, विवाह संस्कृति सम्पन्न गर्ने तरिका पहिचान<br>आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत,नाचको पहिचान र महत्त्व स्थनीय चेपाङ जातिले मान्ने | स्थानीय धर्म सस्कृतिअनुसार अन्त्येष्टि, काजक्रिया गर्ने चलनको अध्ययन : स्थानीय पर्व न्वागी, गासा र स्थानीय जात्रा मनाउने विधि र महत्त्व अध्ययन :<br>स्थानीय चेपाङ जातिले मान्ने प्राकृति धर्मको महत्त्व र संरक्षण | स्थानीय संस्कृतिको महत्त्व, संरक्षण तथा संवर्धन गर्ने उपायहरू सूचीकृत<br>स्थानीय चाडपर्वले समाजमा पार्ने सकारात्मक र नकारात्मक असर विश्लेशण<br>स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | धार्मिक स्थलमा मेला लाग्ने दिन | कुरीति समस्या, र समाधानका उपाय | प्राकृतिक धर्मको पहिचान<br>चेपाङ जातिको रहनसहन, रीतिरिवाज, तथा मूल्य र मान्यता | गर्ने उपाय अध्ययन र सूचीकृत | |
| हाम्रो प्राकृतिक सम्पदा<br>र विपत् व्यवस्थापन | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाको पहिचान जस्तैः वन जङ्गल, जीवजन्तु जलवायु, नदी नाला, प्राकृतिक गुफा | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका फाइदा र संरक्षण गर्ने तरिका वन जङ्गल, जीवजन्तु जलवायु नदी नाला, प्राकृतिक गुफा | प्राकृतिक सम्पदा र जलवायु परिवर्तनको सम्बन्ध, जलवायु परिवर्तनले स्थानीय स्तरमा पुऱ्याउने असर | वन्यजन्तु संरक्षणमा स्थानीय स्तरको भूमिका | नदीनाला संरक्षण र उपयोग |
| पर्यटन | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको परिचय, प्रकार, पर्यावरणीय पर्यटन सांस्कृतिक पर्यटन जस्तै : चेपाङ होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ, सरस्वती | पर्यटनको महत्त्व, पर्यटन प्रवर्धनमा स्थानीय तरिका, जस्तैः अतिथि सत्कार, पथ प्रर्दशन, पर्यटकीय स्थल अवलोकन जस्तै : चेपाङ होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको महत्त्व र उपयोगिता जस्तै : चेपाङ होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ, सरस्वती गुफा, | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन जस्तै : चेपाङ होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ, सरस्वती गुफा, | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र पर्यटक आकर्षण गर्ने तरिका जस्तै : चेपाङ होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | गुफा, परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ, पाइराङ, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंखरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लंका राम लक्ष्मण दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा | ढाकीवाङ, सरस्वती गुफा, परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ्, पाइराङ, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंखरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लंका राम लक्ष्मण दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा | परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ, पाइराङ, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुङ्गरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंखरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लंका राम लक्ष्मण दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा | परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ, पाइराङ्, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुङ्गरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंखरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लङ्का राम लक्ष्मण दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा | ढाकीवाङ्, सरस्वती गुफा, परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ्, पाइराङ्, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुङ्गरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंखरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लंका राम लक्ष्मण दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा |
| जडीबुटी | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने जडीबुटीको परिचय, स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान जस्तैः कुरिलो, सिस्नो, गुर्जो लहरा, | स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, संरक्षण संवर्धन जस्तै : कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा | स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधिहरू जस्तै : कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, | स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्ने उपायहरूः उपयुक्त जग्गा छनोट, माटोको उपचार, कृषि | स्थानीय स्तरमा पाइने जडीबुटीहरूको बजारको सम्भावना जस्तै :कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- | --- | --- |
| | अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा बेसार, उल्टेभ्mार, घिउकुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | बेसार, उल्टेभ्mार, घिउकुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | अदुवा बेसार, उल्टेभ्mार, घिउकुमारी, पाँचऔंले, चिनु सिङ्गे धूप | प्रविधिको प्रयोग, उन्नत बिउको छनोट, जैविक मल तथा विषादी को प्रयोग, बजारको अध्ययन,जस्तै : जडीबुटी, कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा बेसार, उल्टेभ्mार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | हर्सुलो, अदुवा बेसार, उल्टेभ्mार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप |
| हाम्रो उद्योग : घरेलु तथा साना उद्योग | राक्रिाङ गाउँपालिकाभित्र उपलब्ध स्रोत र साधनको आधारमा घरेलु सामान निर्माण गर्न आवश्यक कच्चा पदार्थ पहिचान जस्तै :बाँस, निगालो, काठ, पराल, छ्वाली, धागो, भोर्ला, सामान, | घरेलु सामानको उपयोगिता, निर्माण गर्ने तरिका जस्तै :: डोको, डालो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, स्कुल, घुम, दुना टपरी, गलैंचा, मैन बत्ती, बत्ती कात्ने, मादल, खैंजडी, मुरली | स्थानीय घरेलु तथा साना उद्योगका लागि स्थानीय स्रोत साधन पहिचान गर्न, स्थानीय घरेलु सामान उत्पादनका लागि आवश्यक स्रोत साधनको महत्त्व : :बाँस, निगालो, काठ, | घरेलु तथा साना उद्योग व्यावसायिक रुपमा सञ्चालन गर्ने उपायहरूः स्रोत साधनको अध्यन, बजारको अध्ययन, सामान निर्माण तालिम, सामानहरू : डोको, डालो, कुचो, नाङ्लो जाबी, मुढा, | घरेलु तथा साना उद्योगबाट उत्पादित सामग्रीहरूको बजार व्यवस्थान जस्तै : डोको,डालो,कुचो, नाङ्लो जाबी,मुढा, गुन्द्री, मान्द्रोखुकुरी, स्कुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | डोको, डालो,कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, स्कुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, मादल, खैंजडी, मुरली | | पराल, छवाली, धागो, भोर्ला,<br>सामानहरू, डोको, डालो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, मादल, खैंजडी, मुरली<br>जाबी बुन्ने तरिका प्रयोग गर्न, | गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, मादल, खैंजडी, मुरली | मादल, खैंजडी, मुरली |
| स्थानीय प्रविधि | प्रविधिको संरक्षण र उपयोग : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण, कोल, चेपुवा | निर्माण र विकास जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | रहेका स्थानीय प्रविधिको इतिहास र विकास जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | प्रविधिलाई प्रचार प्रसार र संरक्षण गर्ने उपाय जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | प्रविधिलाई वर्तमान अवस्थामा जोड्दै विकास गर्ने उपाय जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | आफ्नो समुदायमा रहेका स्थानीय समाजसेवी, व्यक्तिहरू | आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरू<br>स्थानीय स्तरमा रहेका सङ्घ संस्थाले गर्ने काम | आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको काममा अगुवाई गर्ने व्यक्तिको पहिचान र योगदान | राक्सिराङ्ग गाउँपालिकाभरि रहेका सङ्घ संस्थाको पहिचान र ती संस्थाले हालसम्म गरेका सामाजिक, शिक्षा, स्वास्थ्य र विकासका काम | राक्सिराङ्ग गाउँपालिकाभरि रहेका सङ्घ संस्थाको भावी योजना पहिचान :<br>स्थानीय सङ्घ संस्थाले अगि सारेका सामाजिक शिक्षा, स्वास्थ्य जस्ता विकासका काममा सहभागिता |
| हाम्रो कृषि :<br>अन्नबाली र कन्दमूल | स्थानीय तहमा पाइने अन्नहरूको उपयोगिता सन्तुलित,पौष्टिक आहार, आम्दानीको स्रोत, रोजगारीको अवसर कन्दमूलको उपयोगिता सूची : सन्तुलित, पौष्टिक आहार, आम्दानीको स्रोत, रोजगारीको अवसर | राक्सिराङ्ग गाउँपालिका भित्र फल्ने अन्नहरूको गोडमेल, मलजल तथा सिंचाइका उपायहरू | राक्सिराङ्ग गाउँपालिका भित्र उत्पादन हुने अन्नहरूको उन्नत बिउबिजनको पहिचान : बालीबाट छनोट, अन्न भण्डारणबाट, बिउ भण्डारणको अवस्था, कन्दमूल गिठ्ठा भ्याकुर तरुल उन्नत तरिकाबाट खेती गर्ने तरिका : बालीबाट | राक्सिराङ्ग गाउँपालिका भित्र उत्पादन हुने कन्दमूललाई व्यावसायिक खेती गरी आम्दानी वृद्धि गर्ने उपायहरू : कृषकलाई प्रोत्साहन, बजार अध्ययन, उपयुक्त जग्गा छनोट, व्यावसायिक तलिम गिठ्ठा, | राक्सिराङ्ग गाउँपालिकामा उत्पादन भएका अन्न र कन्दमूलको भण्डारण र बजार व्यवस्था, शीत भण्डार, भकारी भण्डार, कुन्यु, जैविक औषधीको प्रयोग |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | तरुल खेती गर्ने तरिका : परम्परागत र उन्नत : मकै, कोदो, धान, गहुँ फापर, कागुनो, तरुल | | छनोट, अन्न भण्डारणबाट, बिउ भण्डारणको अवस्था | भ्याकुर, तरुल, सखरखन्ड | |
| तरकारी | राक्सिराङ्ग गाउँपालिकाभित्र विभिन्न मौसममा रोपिने तरकारी, तरकारी बारीमा मलजल, गोडमेल, संरक्षण : बार, थाक्रा, जैविक औषधी, अधिकतम उपयोग, तरकारीहरू काउली, मुला, साग, आलु, गोलभैँडा, सिमी, फर्सी, इस्कुस, मास, मस्याङ, गहत, च्याउ | राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने तरकारीको महत्त्व तथा फाइदा : ताजा तरकारी, पौष्टिक तत्त्व, प्रशस्त आम्दानीको स्रोत,<br>तरकारीमा लाग्ने रोग : ढुसी, लाई, गवारो, डडुवा,<br>उपचार : जैविक मल तथा विषादीको प्रयोग,<br>तरकारीहरू : काउली,<br>मुला, साग, आलु, गोलभैँडा, सिमी, | स्थानीय स्तरमा फल्ने तरकारीका उन्नत बिउबिजनको पहिचानः बिउका लागि छुट्टै व्याडको प्रयोग, सुरक्षित बिउभण्डार,<br>उन्नत तरिकाबाट खेती गर्ने तरिका : उपयुक्त जग्गा छनोट, माटोको उपचार, कृषि प्रविधिको प्रयोग, उन्नत बिउको छनोट, जैविक मल तथा विषादीको प्रयोग, बजारको अध्ययन, | स्थानीय स्तरमा फल्ने उन्नत जातको तरकारीको नर्सरी बेर्ना तयार गर्ने उपाय : व्याड छनोट, माटोको उपचार, उन्नत बिउको छनोट, जैविक मल तथा विषादीको प्रयोग व्यावसायिक तरकारी खेती गर्ने उपायहरू : उपयुक्त छनोट, माटोको उपचार, कृषि प्रविधिको प्रयोग, उन्नत बिउको छनोट, जैविक मल तथा | स्थानीय स्तरमा फलेका तरकारी भण्डारण र बजार व्यवस्थापन : शीत भण्डार, प्रशोधन र सुरक्षित भण्डारण, बजारको अध्ययन |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | | फर्सी, इस्कुस, मास, मस्याङ, गहत, च्याउ | | विषादीको प्रयोग, बजारको अध्ययन | |
| फलफूल | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने फलफूलको मलजल गोडमेल काँट छाँट र संरक्षण : सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पाती कागती भोगटे, चिउरी, कफी | राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने फलफूलमा लाग्ने रोगका नाम : पुतली, लार्भा, गवारो, उपचार गर्ने तरिका : जैविक विषादी : सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पाती कागती भोगटे, चिउरी, कफी : किरालाग्ने, | चिउरीको सामाजिक साँस्कृतिक महत्त्व | स्थानीय स्तरमा फल्ने उन्नत जातका फलफूल कालागि नर्सरी व्यवस्थापन, कलमी गर्ने तरिका, व्यावसायिक फलफूल खेती गर्ने उपायहरू : उपयुक्त छनोट, माटोको उपचार, कृषि प्रविधिको प्रयोग, उन्नत बिउको छनोट, जैविक मल तथा विषादीको प्रयोग, बजारको अध्ययन, | स्थानीय स्तरमा फल्ने फलफूलको भण्डारण, प्रशोधन र बजार व्यवस्थापन : शीत भण्डार, बजार अध्ययन |
| पशुपन्छी र कीट पालन व्यावसाय | राक्सिराङ्ग गाउँपालिका स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधार र | राक्सिराङ्ग गाउँपालिका भित्र पालिने पशुपन्छी र तिनको उत्पादनको अवस्था, मौरीका | स्थानीय स्तरमा पालिएका पशुपन्छीको रोग पहिचानः खोरेत, पेट | स्थानीय स्तरमा पालिने पशुपन्छीको नस्लसुधार विधिहरू : स्थानीय जातका | व्यावसायिक पशुपन्छी पालनको महत्त्व र बजार व्यवस्थापन : पौष्टिक |

| क्षेत्र | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|
| | व्यवस्थान अवस्था गोठ, खोर, घार आदि | लागि चरीचरण क्षेत्र र पौष्टिक आहारको जानकारी | ढाडिने, गला सुन्नि, नाम्ले जुका, किर्ना, उपियाँ<br>उपाचरका विधिहरू : घरेलु उपचार र भेटनरी उपचार | पशुपन्छीमा उन्नत पशुपन्छी क्रस गराउने<br>उन्नत र व्यावसायिक मौरी पालन परिचय, राक्सिराङ्ग गा पा मा मौरीपालनका क्षेत्रहरू : काँगडा<br>यस गापामा मौरीपालनले पारेको सकारात्मक प्राभाव : आम्दानीको स्रोतमा वृद्धि | भोजन, आम्दानीको स्रोत वृद्धि, प्राङ्गारिक मल, हाड, छाला बाट बन्ने सामानका लागि कच्चा पदार्थ |

## ८. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - १

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | • आफ्नो नाम, आफू बस्ने गाउँको नाम, वडा नम्बर, साथै आफ्नो गाउँपालिकाको नाम बताउन<br>• आफ्नो परिवार संख्या बताउन | ८ |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • आफ्नो परिवारका सदस्यहरूले लगाउने पहिरन चिनेर बताउन,<br>• आफ्नो परिवारले मनाउने चाडको नाम बताउन<br>• परम्परा अनुसार आफन्त नातेदार र मान्यजनलाई अभिवादन गर्न, | १८ |
| ३ | हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | • आफ्नो घर वरपर भएका बोटबिरुवाको नाम बताउन<br>• आफ्नो घर गाउँ नजिक रहेको वन, नदीनालाको नाम बताउन | १२ |
| ४ | पर्यटन | • | |
| ५ | जडीबुटी | • आफ्नो घर वरपर पाइने जडीबुटी चिनेर नाम बताउन | ७ |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • स्थानीय स्तरमा उत्पादित घरेलु सामग्री चिनेर नाम बताउन | ७ |
| ७ | स्थानीय प्रविधि | • स्थानीय स्तरमा प्रयोग हुने प्रविधि चिनेर नाम बताउन, | ७ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | | |
| ९ | हाम्रो कृषि : अन्नबाली र कन्दमूल | • स्थानीय स्तरमा पाइने अन्नबालीहरू चिनेर नाम बताउन<br>• स्थानीय स्तरमा पाइने कन्दमूल चिनेर नाम बताउन | १२ |
| १० | तरकारी | • आफ्नो घरमा खाइने तरकारी चिनेर नाम बताउन<br>• स्थानीय स्तरमा पाइने लहरामा फल्ने तरकारीको नाम बताउन<br>• जमिनमुनि फल्ने तरकारीको नाम बताउन, | १८ |
| ११ | फलफूल | • स्थानीय स्तरमा पाइने फलफूल चिनेर नाम बताउन | ७ |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • आफ्नो घरमा पालिएका  पशुपन्छी चिनेर नाम बताउन<br>• आफ्नो छिमेकमा पालिएका पशुपन्छी र कीट चिनेर नाम बताउन | १० |

## ९. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - २

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्कको परिचय | • आफ्नो घरगाउँको भौगोलिक अवस्था पहिचान गर्न<br>• छरछिमेकको जनसंख्या गणना गर्न | ८ |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • टोल छिमेकका मानिसहरूले लगाउने पहिरन पहिचान गर्न<br>• आफ्नो परिवारमा चाडपर्वमा खाइने परिकारको नाम बताउन,<br>• आफ्नो टोल छिमेकका मानिसले कुन कुन धर्म मान्छन्, पहिचान गर्न, | २१ |
| ३ | हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | • आफ्नो गाउँमा रहेका मन्दिर विहार गुफा वरपर रहेका प्राकृतिक स्रोतको पहिचान गर्न | ८ |
| ४ | पर्यटन | • आफ्ना वरपरका मठ मन्दिर, पहाड, झरनाको नाम भन्न | |
| ५ | जडीबुटी | • आफ्नो घरवरपर पाइने जडीबुटीको सामान्य परिचय दिन | ७ |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • कामको आधारमा स्थानीय स्तरमा पाइने घरेलु सामानको नाम बताउन | ७ |
| ७ | स्थानीय प्रविधि | • स्थानीय प्रविधिको कामका आधारमा परिचय दिन | ७ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | | |
| ९ | हाम्रो कृषि : अन्नबाली र कन्दमूल | • स्थानीय स्तरमा फल्ने अन्न, अन्नहरूको परिकारको सामान्य परिचय दिन<br>• स्थानीय स्तरमा पाइने कन्दमूलको सामान्य परिचय दिन | १४ |
| १० | तरकारी | • स्थानीय जातका तरकारी चिनेर नाम बताउन<br>• स्थानीय स्तरमा पाइने तरकारी खाइने भागको आधारमा वर्गीकरण गर्न | १४ |
| ११ | फलफूल | • स्थानीय जातका फलफूलको सामान्य परिचय दिन | ७ |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • स्थानीय स्तरमा पाइने घरपालुवा तथा जङ्गली पशुपन्छीको वर्गीकरण गर्न | ७ |

## १०.   कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा                                        कक्षा - ३

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | • आफ्नो वडाको भौगोलिक अवस्था पहिचान गर्न<br>• आफ्नो गाउँको जनसंख्या पहिचान गर्न | ८ |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसको लवाइखवाइ पहिचान गर्न<br>• राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसको चालचलन, बताउन<br>• आफ्नो परिवारमा कुन कुन चाड कसरी मनाइन्छ पहिचान गर्न<br>• राक्सिराङ्ग गाउँपालिकाभरि रहेका धार्मिक स्थल पहिचान गर्न | २२ |
| ३ | हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | • विपद् पर्न सक्ने अवस्था पहिचान गर्न<br>• चट्याङबाट बच्ने उपाय बताउन र बच्न | १२ |
| ४ | पर्यटन | • आफ्ना वरपरका मठ मन्दिर, पहाड, झरनाको नाम भन्न | |
| ५ | जडीबुटी | • आफ्नो वडाभित्र उत्पादन गर्न सकिने जडीबुटीको पहिचान गर्न | ८ |
| ६ | हाम्रो उद्योग : घरेलु तथा साना उद्योग | • स्थानीय घरेलु सामानको उपयोगिता एवम् महत्त्व बताउन | ६ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ७ | स्थानीय प्रविधि | • स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिको महत्त्व बताउन | ८ |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | | |
| ९ | हाम्रो कृषि : अन्नबाली र कन्दमूल | • स्थानीय तहमा पाइने अन्नबाली उत्पादन हुने जग्गा र माटोको अवस्था पहिचान गर्न<br>• स्थानीय स्तरमा पाइने कन्दमूल फल्ने स्थान पहिचान गर्न | १० |
| १० | तरकारी | • स्थानीय तरकारी खेतीमा प्रयोग हुने औजारहरू पहिचान गर्न<br>• लहरे तरकारीहरूको संरक्षण गर्ने तरिका बताउन र प्रयोग गर्न | १० |
| ११ | फलफूल | • स्थानीय स्तरमा पाइने फलफूलबाट बन्ने परिकार बताउन र प्रयोग गर्न | ८ |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • स्थानीय स्तरमा पालिने घरपालुवा पशुपन्छीको फाइदाको सूची बनाउन | ८ |

## ११. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा

कक्षा - ४

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्ग को परिचय | • राक्सिराङ्ग गाउँपालिकाभित्र आफू बसोबास गरेको गाउँ र वडाको भौगोलिक अवस्थाको पहिचान गरी नक्सा कोर्न<br>• आफू बसेको वडाको जनसंख्या पहिचान गर्न | ८ |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • राक्सिराङ्ग गाउँपालिकाका मानिसको विशेष गरी मेला पर्वमा लगाउने विशेष पहरिन पहिचान गर्न, स्थानीय स्तरको मेलापर्वमा खाने परिकार पहिचान गर्न<br>• राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसले मनाउने चाडपर्व पहिचान गर्न र सहभागी हुन<br>• राक्सिराङ्ग गाउँपालिकाभरि रहेका धार्मिक स्थलमा मेला लाग्ने दिन पहिचान गर्न<br>• स्थानीय स्तरमा लाग्ने मेलामा हुने धार्मिक क्रियाकलाप पहिचान गर्न र सहभागी हुन | १२ |
| ३ | हाम्रो प्राकृतिक सम्पदा<br>र विपत व्यवस्थापन | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाको पहिचान गर्न<br>• संरक्षण, संवर्धन र उपयोगमा सहभागी हुन | ८ |
| ४ | पर्यटन | • पर्यटनको परिचय, प्रकार, पर्यावरणीय पर्यटन र सांस्कृतिक पर्यटन छुट्याउन | ८ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ५ | जडीबुटी | • जडीबुटीको परिचय, स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान गर्न | ७ |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • घरेलु सामान निर्माण गर्न आवश्यक स्रोत पहिचान गर्न<br>• बाँस  निगालो, काठ, पराल र धागोबाट सामग्री निर्माण गर्ने तरिकाको अध्ययन गर्न<br>• बाँस, निगालो, काठ, पराल, धागोबाट बनेका सामग्री प्रयोग गर्दा हुने फाइदा वर्णन गर्न | १० |
| ७ | स्थानीय प्रविधि | • स्थानीय प्रविधिको संरक्षण र उपयोग गर्न | ७ |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | • आफ्नो समुदायमा रहेका स्थानीय समाजसेवी, व्यक्तिहरूको पहिचान गर्न | ७ |
| ९ | हाम्रो कृषि :<br>अन्नबाली र कन्दमूल | • स्थानीय तहमा पाइने अन्नहरूको उपयोगिता वर्णन गर्न<br>• कन्दमूलको उपयोगिता सूची बनाउन<br>• तरुल खेती गर्ने तरिका बताउन | १० |
| १० | तरकारी | • स्थानीय तहमा विभिन्न मौसममा रोपिने तरकारी पहिचान र प्रयोग गर्न | ८ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| | | • तरकारीबारीमा मलजल, गोडमेल र संरक्षण गर्न | |
| ११ | फलफूल | • स्थानीय स्तरमा पाइने विभिन्न मौसमअनुसारका फलफूलहरू पहिचान गर्न<br>• फलफूलबाट बन्ने परिकार बताउन र प्रयोग गर्न | ८ |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • स्थानीय स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधारहरू अवलोकन गर्न र प्रयोग गर्न | ७ |

**१२. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा, कक्षा - ५**

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | • राक्सिराङ्ग गाउँपालिकाको भौगोलिक भूबनोट अवस्थाको पहिचान गर्न<br>• आफ्नो विद्यालय सेवाक्षेत्रभित्रको भौगोलिक सामाजिक नक्सा निर्माण गरी जनसंख्या उल्लेख गर्न | ६ |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या | • आफ्नो गाउँपालिका भित्रका मानिसले लगाउने विशेष पहिरन, रहनसहन र रीतिरिवाजको महत्त्व बताउन र संरक्षण गर्न<br>• आफ्नो गाउँपालिकाभित्र मनाइने चाड पर्वको महत्त्व बताउन र संरक्षण गर्न | १५ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| | र समाधानका उपाय | • स्थानीय स्तरमा आइपर्ने कुसंस्कार, कुरीति समस्या पहिचान गर्न | |
| ३ | हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका फाइदा वर्णन गर्न<br>• स्थानीय स्तरका प्राकृतिक सम्पदा संरक्षण, संवर्धन र उपयोग गर्ने तरिकामा सहभागी हुन | १२ |
| ४ | पर्यटन | • राक्सिराङ्ग गाउँपालिका भित्रका पर्यटन स्थलको अवलोकन अध्ययन गर्न<br>• स्थानीय पर्यटन क्षेत्रको महत्त्व बताउन, पर्यटन प्रवर्धनमा स्थानीय तरिका प्रयोग गर्न, (जस्तै अतिथि सत्कार) | १२ |
| ५ | जडीबुटी | • राक्सिराङ्ग गाउँपालिका भित्र पाइने जडीबुटीको महत्त्व बताउन<br>• जडीबुटी संरक्षण कार्यमा सहभागी हुन | १० |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • स्थानीय घरेलु सामानको उपयोगिता वर्णन गर्न<br>• स्थानीय घरेलु सामान निर्माण गर्ने तरिका अवलोकन र सामन्य प्रयोग गर्न<br>• बाँस, निगालोबाट बन्ने सामग्रीको बजार व्यवस्था अध्ययन र प्रयोग गर्न | १८ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ७ | स्थानीय प्रविधि | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको पुनः निर्माण र विकास गर्न | ६ |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | • आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको पहिचान<br>• स्थानीय स्तरमा रहेका सङ्घ संस्थाले गर्ने काम उल्लेख गर्न | ५ |
| ९ | हाम्रो कृषि : अन्नबाली र कन्दमूल | • राक्सिराङ्ग गाउँपालिकाभित्र उत्पादन हुने अन्नको संरक्षण गर्न<br>• कन्दमूल बालीको संरक्षण गर्न | १२ |
| १० | तरकारी | • स्थानीय तहमा पाइने तरकारीको महत्त्व र फाइदा वर्णन गर्न<br>• तरकारीमा लाग्ने रोग पहिचान गर्न<br>• रोगको उपचार गर्ने विधि पहिचान गर्न | १६ |
| ११ | फलफूल | • स्थानीय स्तरमा पाइने फलफूलमा लाग्ने रोग उपचार गर्न<br>• फलफूल खेतीको संरक्षण गर्ने तरिका बताउन | १० |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • स्थानीय स्तरमा पाइने पशुपन्छी र तिनको उत्पादनको बिक्री बितरण र बजार व्यवस्था अध्ययन गर्न | ६ |

## १३. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा कक्षा - ६

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल जनसंख्या र राक्सिराङ्गको परिचय | • राक्सिराङ्ग गाउँपालिकाको हावापानीको अवस्था पहिचान गरी वर्गीकरण गर्न<br>• राक्सिराङ्ग गाउँपालिकाभरिको जनसंख्या पहिचान गर्न | ६ |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • स्थानीय जातजातिका न्वारन, छेवर, विवाह संस्कृति सम्पन्न गर्ने तरिका पहिचान गरी उल्लेख गर्न<br>• आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत, नाचको पहिचान र महत्त्व उल्लेख गर्न<br>• स्थानीय चेपाङ जातिले मान्ने प्राकृतिक धर्मको पहिचान गरी उल्लेख गर्न<br>• चेपाङ जातिको रहनसहन, रीतिरिवाज, तथा मूल्य र मान्यता पहिचान गर्न | १२ |
| ३ | हाम्रो प्राकृतिक सम्पदा<br>र विपत व्यवस्थापन | • प्राकृतिक सम्पदा र जलवायु परिवर्तनको सम्बन्ध पहिचान गर्न<br>• जलवायु परिवर्तनले स्थानीय स्तरमा पुर्‍याउने असर अध्ययन गर्न | ८ |
| ४ | पर्यटन | • राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको महत्त्व र उपयोगिता सूची बनाउन | ६ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ५ | जडीबुटी | • स्थानीय घरेलु तथा साना उद्योगका लागि स्थानीय स्रोत साधन पहिचान गर्न<br>• स्थानीय घरेलु सामान उत्पादनका लागि आवश्यक स्रोत साधनको महत्त्व सूचीकृत गर्न<br>• जाबी बुन्ने तरिका प्रयोग गर्न | १० |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधिहरू अध्ययन गर्न | ५ |
| ७ | स्थानीय प्रविधि | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको इतिहास अध्ययन गरी विकास क्रम सूचीकरण गर्न | ५ |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | • आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको काममा अगुवाई गर्ने व्यक्तिको पहिचान र योगदानको सूची तयार गर्न | ५ |
| ९ | हाम्रो कृषि :<br>अन्नबाली र कन्दमूल | • स्थानीय स्तरमा उत्पादन हुने अन्न र कन्दमूलहरूको उन्नत बिउबिजनको पहिचान गर्न | ५ |
| १० | तरकारी | • स्थानीय स्तरमा फल्ने तरकारीका उन्नत बिउबिजनको पहिचान र उन्नत तरिकाबाट खेती गर्ने तरिका प्रयोग गर्न | ५ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ११ | फलफूल | • स्थानीय स्तरमा फल्ने चिउरीको महत्त्व बताउन | ५ |
| १२ | पशुपन्छी कीट पालन व्यवसाय | • स्थानीय स्तरमा पालिएका पशुपन्छीको रोग पहिचान र उपाचरका विधिहरू प्रयोग गर्न<br>• मौरी पाल्ने विधि र महत्त्व बताउन | ८ |

## १४. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा

**कक्षा - ७**

| क्र.सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | • राक्सिराङ्ग गाउँपालिकाको नक्सा कोरी सिमाना उल्लेख गर्न, बाटो, वनजङ्गल, बस्ती, नदीनाला नक्सामा उल्लेख गर्न,<br>• राक्सिराङ्ग गाउँपालिकाभरिको जनसंख्या पहिचान गरी नक्सामा उल्लेख गर्न | १० |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • स्थानीय धर्म सस्कृतिअनुसार अन्त्येष्टि, काजक्रिया गर्ने चलनको अध्ययन गरी उल्लेख गर्न<br>• स्थानीय पर्व न्वागी, गासा र स्थानीय जात्रा मनाउने विधि र महत्त्व अध्ययन र वर्णन गर्न<br>• स्थानीय चेपाङ जातिले मान्ने प्राकृति धर्मको महत्त्व र संरक्षण गर्ने उपाय अध्ययन गरी सूचीकृत गर्न | १० |

| क्र.सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| ३ | हाम्रो प्राकृतिक सम्पदा<br>र विपत व्यवस्थापन | • स्थानीय स्तरका वन्यजन्तु संरक्षणमा स्थानीय स्तरको भूमिका अध्ययन,गर्न, वर्णन गर्न र सहभागिता जनाउन | ७ |
| ४ | पर्यटन | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन गर्ने उपायहरू सूचीकृत गर्न | ७ |
| ५ | जडीबुटी | • स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्ने उपायहरू अध्ययन गरी सूचीकृत गर्न | ६ |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • स्थानीय स्तरका घरेलु तथा साना उद्योग व्यावसायिक रुपमा सञ्चालन गर्ने उपायहरू उल्लेख गर्न | ६ |
| ७ | स्थानीय प्रविधि | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिलाई प्रचार प्रसार र संरक्षण गर्ने उपाय अध्ययन गरी उल्लेख गर्न | ७ |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | • राक्सिराङ्ग गाउँपालिकाभरि रहेका सङ्घ संस्थाको पहिचान गर्न<br>• संस्थाले हालसम्म गरेका सामाजिक, शिक्षा, स्वास्थ्य र विकासका काम पहिचान गर्न | १० |
| ९ | हाम्रो कृषि :<br>अन्नबाली र कन्दमूल | • राक्सिराङ्ग गाउँपालिकाभित्र उत्पादन हुने कन्दमूललाई व्यावसायिक खेती गरी आम्दानी वृद्धि गर्ने उपायहरू उल्लेख गर्न | ७ |

| क्र.सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १० | तरकारी | • स्थानीय स्तरमा फल्ने उन्नत जातको तरकारीको नर्सरी निर्माण गर्ने विधिहरू उल्लेख गर्न र सहभागी हुन<br>• बेर्ना तयार गर्ने उपाय र व्यावसायिक तरकारी खेती गर्ने उपायहरूको सूची तयार गर्न | १० |
| ११ | फलफूल | • स्थानीय स्तरमा फल्ने उन्नत जातका फलफूलका लागि नर्सरी व्यवस्थापन, कलमी गर्ने तरिका उल्लेख गर्न<br>• चिउरीको सामाजिक र सांस्कृतिक महत्त्व उल्लेख गर्न | १० |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • स्थानीय स्तरमा पालिने पशुपन्छीको नस्लसुधार गरी उन्नत र व्यावसायिक पशुपन्छी पालन गर्ने तरिका अध्ययन गरी उल्लेख गर्न<br>• व्यावसायिक मौरी पालनका लागि आवश्यक स्रोत साधनको उल्लेख गर्न | १० |

## १५. कक्षागत सिकाइउपलब्धि र पाठ्यघण्टा

**कक्षा - ८**

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| १ | हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | • धरातलीय बनावटका आधारमा राक्सिराङ्ग गाउँपालिकालाई चिनाउने भौगोलिक स्थान उल्लेख गरी तिनको महत्त्व दर्शाउन | ९ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| | | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका पेशागत हिसाबले दक्ष जनसंख्या पहिचान गर्न | |
| २ | स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | • स्थानीय संस्कृतिको महत्त्व, संरक्षण तथा संवर्धन गर्ने उपायहरू सूचीकृत गर्न र सहभागिता जनाउन<br>• स्थानीय चाडपर्वले समाजमा पार्ने सकारात्मक र नकारात्मक असर विश्लेषण गर्न र सहभागिता जनाउन<br>• स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व दर्शाउन र धार्मिक कार्यमा सहभागी हुन | १२ |
| ३ | हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | • राक्सिराङ्ग् गाउँपालिका भित्र रहेका नदीनाला अध्ययन गरी संरक्षण र उपयोग गर्न | ७ |
| ४ | पर्यटन | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र पर्यटक आकर्षण गर्ने तरिका उल्लेख गर्न | ७ |
| ५ | जडीबुटी | • स्थानीय स्तरमा पाइने जडीबुटीहरूको बजारको सम्भावना अध्ययन र प्रयोग गर्न | ७ |
| ६ | हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | • घरेलु तथा साना उद्योगबाट उत्पादित सामग्रीहरूको बजार व्यवस्थापन अध्ययन र प्रयोग गर्न | ७ |
| ७ | स्थानीय प्रविधि | • राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिलाई वर्तमान | ७ |

| क्र सं. | विषय क्षेत्र | सिकाइउपलब्धि | पाठ्यघण्टा |
|---|---|---|---|
| | | अवस्थामा जोड्दै विकास गर्ने उपायको अध्ययन गर्न | |
| ८ | स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | • राक्सिराङ्ग गाउँपालिकाभरि रहेका सङ्घ संस्थाको भावी योजना पहिचान गर्न<br>• स्थानीय सङ्घ संस्थाले अघि सारेका सामाजिक, शिक्षा, स्वास्थ्य जस्ता विकासका काममा सहभागी हुन | १० |
| ९ | हाम्रो कृषि :<br>अन्नबाली र कन्दमूल | • राक्सिराङ्ग गाउँपालिकामा उत्पादन हुने अन्न र कन्दमूलको भण्डारण र बजार व्यवस्था अध्ययनका साथै प्रयोग गर्न, विज्ञापन नमुना तयार गर्न | ८ |
| १० | तरकारी | • स्थानीय स्तरमा फल्ने तरकारी भण्डारण र बजार व्यवस्थापन अध्ययनका साथै प्रयोग गर्न | ८ |
| ११ | फलफूल | • स्थानीय स्तरमा फल्ने फलफूलको भण्डारण गर्न<br>• चिउरीको फल प्रशोधन गरी बजार व्यवस्थापन अध्ययन गर्न | १० |
| १२ | पशुपन्छी र कीट पालन व्यवसाय | • आम्दानीका हिसाबले पशुपन्छी पालन व्यवसाय महत्त्व वर्णन गर्न, बजार व्यवस्थापन अध्ययन गर्न | ८ |

## १६. विषयवस्तुको विस्तृतीकरण

कक्षा - १

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | आफ्नो नाम, आफू बस्ने गाउँको नाम, वडा नम्बर, साथै आफ्नो गाउँपालिकाको नाम बताउन<br><br>आफ्नो परिवार संख्या बताउन | आफू बसेको गाउँपालिका, वडा नं र गाउँको नामसहित आफ्नो नाम, परिवार संख्या : राक्सिराङ्ग गाउँपालिकाको नाम | • परिचय खेल खेलाएर प्रस्टसँग विद्यार्थीको आफ्नो नाम भन्ने अभ्यास गराउने ।<br><br>• विद्यार्थीको अनुभवसँग जोडेर आफू बसेको गाउँको नाम छलफल गराउने । विद्यार्थीलाई पालैपालो आफ्नो गाउँको नाम भन्ने अभ्यास गराउने । यसै गरी वडा नंबर चिनाएर भन्ने अभ्यास गराउने ।<br><br>• हाम्रो गाउँ पालिकाको नाम कसलाई थाहा छ भनी प्रश्न गर्ने, सकेसम्म विद्यार्थीबाट गाउँपालिकाको नाम बताउने प्रयास गर्ने, विद्यार्थीले भन्न नसके शिक्षक आफैंले गाउँपालिकाको नाम बताइदिने र उच्चारण गर्ने अभ्यास गराउने ।<br><br>• पुनः आफ्नो नाम, गाउँको नाम, वडा नं, गाउँपालिकाको नामसहित भन्ने गरी परिचय खेल खेलाउने । प्रस्टसँग भन्न नसकेसम्म अभ्यासलाई निरन्तरता दिने ।<br><br>• विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित भई उनीहरूको परिवारमा को को हुनुहुन्छ भनी छलफल गराउने र कतिजना परिवार सदस्यहरू छन् गन्न र भन्न लगाउने । | • तपाईंको नाम के हो ?<br><br>• तपाईंको गाउँको नाम के हो ?<br><br>• तपाईंको वाड नं भन्नुहोस त ।<br><br>• तपाईंको गाउँपालिकाको नाम के हो ?<br><br>• तपाईंको परिवारमा कति जना हुनुहुन्छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, सामाजिक समस्या र समाधानका उपाय | • आफ्नो परिवारका सदस्यहरूले लगाउने पहिरन चिनेर बताउन<br>• आफ्नो परिवारले मनाउने चाडको नाम बताउन<br>• परम्परा अनुसार आफन्त नातेदार र मान्यजनलाई अभिवादन गर्न | • आफ्नो परिवारका सदस्यहरूले लगाउने पहिरनका नामः<br>• आफ्नो परिवारले मनाउने चाडको नाम,<br>• परम्परा अनुसार आफन्त नातेदार र मान्यजनलाई अभिवादन : नमस्कार, ढोग, | • आफू र आफ्ना परिवारका सदस्यले लगाउने लुगा विद्यार्थीको पूर्वअनुभवसँग जोड्दै छलफल गराउने र सकेसम्म विद्यार्थीबाटै आफ्नो पहिरनको पहिचान गराउने<br>• चित्र प्रदर्शन गरी आफूले लगाउने लुगाको पहिचान गराउने<br>• विद्यार्थीको पूर्वअनुभवसँग जोडेर उनीहरूले बर्षभरि मनाउने स्थानीय चाड छलफल गराउने र चाडहरूको नाम भन्न लगाउने<br>• विभिन्न स्थानीय चाड मनाएका चित्र प्रर्दशन गरी छलफल र प्रश्नोत्तर गर्ने र आफूले मनाएको चाड पहिचान गराउने<br>• अभिनयको माध्यामबाट आफ्ना, आफन्त र मान्यजनलाई गरिने अभिवादन अभिनय अभ्यास गराउने | • तपाईंले लगाउने लुगाको नामहरू भन्नुहोस् ।<br>• चित्र हेरी आफूले लगाउने लुगाको नाम चिन्नुहोस् ।<br>• तपाईंको परिवारमा मनाउने चाडको नाम भन्नुहोस् ।<br>• तपाईंले आफ्ना आफन्त र मान्यजनलाई कसरी अभिवादन गर्नुहुन्छ ? गरेर देखाउनुहोस् । |
| हाम्रो प्राकृतिक सम्पदा र विपद व्यवस्थापनको उपाय | • आफ्नो घर वरपर भएका बोटबिरुवाको नाम बताउन,<br>• आफ्नो घर, गाउँ नजिक | • आफ्नो घर वरपर भएका बोटबिरुवाको नाम : साल, अर्चना (साज) चिलौनो, चिउरी | • विद्यार्थीको पूर्वअनुभवसँग जोडेर तपाईं घरबाट विद्यालय आउँदा के के नामका रुख देख्नुभएको छ भन्दै छलफल गराउने र विद्यालयको हाता नजिक भएका रुख अवलोकन गराई नाम भन्ने अभ्यास गराउने | • तीनओटा ठूला रुखको नाम भन्नुहोस् ।<br>• तपाईंको घरनजिक रहेको दुईओटा |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | रहेको वन, नदीनालाको नाम बताउन, | ● आफ्नो घर गाउँ नजिक रहेको वन, नदीनालाको नाम, मनहरी, सुर्लिङ सिर्खे, दुङ्घु, लोथर | ● स्थानीय स्तरमा पाइने रुखका चित्र प्रर्दशन गरी रुखका नाम पहिचान गराउने<br>● आफ्नो घर विद्यालयनजिक खोला नदी विद्यार्थीले देखेको आधारमा छलफल गराउने र खोला नदीको नाम भन्न लगाउने | रुखको नाम बताउनुहोस् । |
| जडीबुटी | ● आफ्नो घर वरपर पाइने जडीबुटी चिनेर नाम बताउन | आफ्नो घर वरपर पाइने जडीबुटीका नाम : कुरिलो, सिस्नो गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेफ्कार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङगे धुप | ● सामान्य विमार पर्दा तपाईंले घरमा कस्तो कस्तो औषधी खानुभयो भनी विद्यार्थीको पूर्वअनुभव जोडेर छलफल गराउने<br>● घर विद्यालय वरपर पाइने विभिन्न जडीबुटी सङ्कलन गर्ने र तिनीहरूको नाम भन्न लगाउने<br>● स्थानीय स्तरमा पाइने जडीबुटीको चित्र प्रदर्शन गर्ने र छलफल प्रश्नोत्तर गरी जडीबुटीको नाम भन्न लगाउने | ● तीनओटा जडीबुटीको नाम भन्नुहोस ।<br>● बिमारी पर्दा कुन औषधी खानुभयो ?<br>● तपाईंको घर वरपर कुन कुन जडीबुटी छन् ? |
| हाम्रो उद्योग : घरेलु तथा साना उद्योग | स्थानीय स्तरमा उत्पादित घरेलु सामग्री चिनेर नाम बताउन | राक्सिराङ्ग गाउँपालिकाभित्र साना उद्योगबाट उत्पादित घरेलु सामानको नाम जस्तै : डोको, डालो, नाम्लो, कुचो, नाङ्लो | ● स्थानीय घरेलु उद्योगबाट उत्पादित घरेलु सामानको चित्र प्रर्दशन गर्ने । विद्यार्थीलाई उनीहरूको पूर्व अनुभवको आधारमा छलफल गराउने, चित्रमा भएका सामानको नाम भन्न लगाउने । विद्यार्थीले सामग्रीको नाम भन्न नसके शिक्षक आफैँले भनिदिने । | ● घाँस केमा राखिन्छ ?<br>● घरआँगन केले बढार्नुपर्छ ?<br>● जाली फ्कोलालाई के भनिन्छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती | ● विद्यार्थीका घरमा स्थानीय घरेलु सामग्री के के छन् भन्न लगाउने ।<br>● घरेलु उद्योगबाट उत्पादित सामग्री सङ्कलन गर्ने, कक्षाकोठामा प्रदर्शनी गरेर राख्ने र अवलोकन गराई नाम भन्न लगाउने । | ● सालको पात गाँसेर के बनाइन्छ ? |
| स्थानीय प्रविधि | स्थानीय स्तरमा प्रयोग हुने प्रविधि चिनेर नाम बताउन | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको नाम जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाँण | ● स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिका चित्र प्रदर्शन गरी छलफल प्रश्नोत्तर गरी स्थानीय प्रविधिको चिनारी गराउने ।<br>● स्थानीय प्रविधिको सामग्री कसकसले देखेको छ पूर्वअनुभवको आधारमा छलफल गर्ने ।<br>● स्थानीय प्रविधिका सामग्री सङ्कलन गरी प्रदर्शन गराउने र नाम भन्न लगाउने ।<br>● स्थानीय प्रविधिका सामग्री कसकसको घरमा छ प्रश्नोत्तर गर्ने । | ● माछा मार्ने साधनलाई के भनिन्छ ?<br>● घरमा मकै केले पिस्ने हो ?<br>● हँसिया, कोदालो बनाउने प्रविधिलाई के भनिन्छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो कृषि : अन्नबाली र कन्दमूल, | स्थानीय स्तरमा पाइने अन्न र कन्दमूल चिनेर नाम बताउन | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने अन्न र कन्दमूलको नाम जस्तै : धान, मकै, गहुँ, कोदो, फापर, कागुनो, गिठ्ठा, भ्याकुर, तरुल, सखरखण्ड | • विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित भएर स्थानीय स्तरमा पाइने अन्न तथा कन्दमूल छलफल गराउने,<br>• स्थानीय स्तरमा पाइने विभिन्न अन्न र कन्दमूलको चित्र प्रदर्शन र छलफल गरी तिनका नाम भन्न लगाउने<br>• विभिन्न अन्न र कन्दमूल सङ्कलन गरी अवलोकन गराउने । छाम्न दिने र नाम भन्न लगाउने | तपाइँको खेतबारीमा कुन कुन अन्न फल्छ ? तपाइँले कुन कुन कन्दमूल देख्नुभएको छ ? तपाइँले कुन कुन कन्दमूल खानुभएको छ ? तपाइँहरूले कुन कुन महिनामा कुन कुन अन्न खानुहुन्छ ? |
| तरकारी | स्थानीय स्तरमा पाइने तरकारी चिनेर नाम बताउन, सामान्य वर्गीकरण गर्न | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने तरकारीको नाम र सामान्य वर्गीकरण, लहरामा फल्ने तरकारीहरूको नाम जमिनमुनि फल्ने तरकारीको नाम जस्तै : काउली, मुला, साग, आलु, गोलभैँडा, सिमी, फर्सी, इस्कुस, मास, | • विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई उनीहरूले खाने गरेका तरीकारीको बारेमा छलफल गर्ने ।<br>• विद्यार्थीको करेसाबारीमा कुन कुन तरकारीहरू छन् छलफल गराउने र तरकारीको नाम भन्न लगाउने<br>• तरकारीका चित्र प्रदर्शन गर्ने र नाम भन्न लगाउने ।<br>• नमुना तरकारी सङ्कलन गर्ने र कक्षामा प्रर्दशन गरी हेर्न छाम्न दिई नाम भन्न लगाउने । | तपाइँले आज विहान कुन तरकारी खानुभयो ?<br>तपाइँको करेसाबारीमा कुन कुन तरकारीहरू छन् ?<br>यी चित्रका तरकारीको नाम बताउनुहोस् ।<br>तपाइँ कुन कुन महिनामा कुन कुन तरकारी खानुहुन्छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | मस्याङ गहत, पिडालु, च्याउ | ● नजिकको तरकारीबारी अवलोकन गराई तरकारीको नाम भन्न लगाउने ।<br>● स्थानीय स्तरमा पाइने तरकारीका नाम चिनेर चित्रमा सोही अनुसारको रङ भर्न लगाउने | |
| फलफूल | स्थानीय स्तरमा पाइने फलफूल चिनेर नाम बताउन, | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने फलफूलका नाम : सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पाती, कागती भोगटे, चिउरी, कफी, कुसुम,थाकल<br>तिनको स्वादका आधारमा वर्गीकरण जस्तै : गुलियो, अमिलो, टर्रो | ● विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई उनीहरूले खाएका फलफूलका बारेमा छलफल गर्ने ।<br>● स्थानीय स्तरका फलफूलका चित्र प्रदर्शन गराउने र नाम भन्न लगाउने ।<br>● नजिक रहेको फलफूल बगैंचा अवलोकन गराउने र फलफूलका नाम भन्न लगाउने ।<br>● स्थानीय स्तरका नमुना फलफूल सङ्कलन गर्ने र स्वाद चाख्न दिएर फलफूलको स्वाद र नाम भन्न लगाउने । | ● तपाइँलाई मन पर्ने पाँचओटा फलफूलको नाम भन्नुहोस् ।<br>● तपाइँको खेतबारीमा कुन कुन फलफूका बोटरू छन् ।<br>● पाकेको आँपको स्वाद कस्तो हुन्छ ? |
| पशुपन्छी र कीट पालन व्यवसाय | आफ्नो घरमा पालिएका पशुपन्छी चिनेर नाम बताउन,<br>आफ्नो छिमेकमा पालिएका पशुपन्छी | स्थानीय स्तरमा, आफ्नो घर छिमेकमा पालिने घरपालुवा पशुपन्छी र कीटको नामः, बाख्रा, गाई भैंसी, सुँगुर, बँगुर | ● विद्यार्थीका घरमा कुन कुन पशुपन्छी पालिएका छन् छलफल गर्ने र नाम भन्न लगाउने,<br>● स्थानीय स्तरका पशुपन्छीका चित्र प्रदर्शन गर्ने र नाम भन्न लगाउने | ● तपाइँको घरमा पालिएका पशुपन्छीको नाम भन्नुहोस् । |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | र कीट चिनेर नाम बताउन, | कुखुरा, हाँस, बट्टाइ मौरी,<br>जङ्गली पशुपन्छीको नाम जस्तै : कालिज, तित्रा, मयूर, बाज, बाघ भालु, चितुवा, बँदेल, सालक | ● नजिक रहेको गोठ, खोर, घार अवलोकन गराउने र पशुपन्छी चिनाउने | ● चित्रमा कुन कुन जनावर छन् ? |

## १७. विषयवस्तुको विस्तृतीकरण

कक्षा - २

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्को परिचय | आफ्नो घरगाउँको भौगोलिक अवस्था पहिचान गर्न,<br>छरछिमेकको जनसंख्या गणना गर्न | आफ्नो घरगाउँको भौगोलिक अवस्था, पहिचान : अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी<br>छिमेकको जनसंख्या | ● विद्यार्थीलाई चौरमा लगी अग्लो, होचो, समथर, भागहरू कता कता छन् देखाउन लगाई छलफल गराउने ।<br>● विद्यार्थीको घरवपर जमिनका भाग कस्तो कस्तो छन् छलफल गराउने र अग्लो होचो भिरालो समथर भागको पहिचान गराउने ।<br>● अग्लो, होचो, भिरालो, समथर भाग देखिने चित्र प्रर्दशन गरी छलफल गराउने र तपाइँको घर भएको ठाउँ कुन चित्रसँग मिल्छ भन्दै पहिचान गराउने, | ● तपाइँको घर कस्तो ठाउँमा छ ?<br>● सम्म परेको ठाउँलाई के भनिन्छ ?<br>● भिरालो जमिन तपाइको घरबाट कतापट्टि छ ?<br>● तपाइँको गाउँको चित्र बनाउनुहोस् । |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | ● छिमेकी सम्बन्धमा विद्यार्थीको पूर्वअनुभवलाई मानी छलफल गराउने र छिमेकीको धारणा बसाउने । छिमेकको परिवारमा कति जना सदस्य छन् परियोजना कार्यको माध्यमबाट गन्न र भन्न लागाउने । | ● तपाईंको सबैभन्दा नजिकको परिवारको सदस्य संख्या कति छन् ? |
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, सामाजिअग्क समस्या र समाधानका उपाय | टोल छिमेकका मानिसहरूले लगाउने पहिरन पहिचान गर्न<br>आफ्नो परिवारमा चाडपर्वमा खाइने परिकारको नाम बताउन<br>आफ्नो टोल छिमेकका मानिसले कुन कुन धर्म मान्छन् पहिचान गर्न | टोलछिमेकका मानिसहरूले लगाउन पहिरन :<br>आफ्नो परिवारमा चाडपर्वमा खाइने परिकारको नाम :<br>आफ्नो टोल छिमेकका मानिसले कुन कुन धर्म मान्छन् पहिचान गर्न : | ● विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित् भएर कसको घर कसकोभन्दा कता छ छलफल गराउने हामी छिमेकी हौ भनी प्रस्ट गराउने<br>● विद्यार्थीको परिवारले लगाउने लुगा के के हुन् चित्र प्रदर्शन गरी प्रश्नोत्तर र छलफल गराउने<br>● आफ्नो परिवारले लगाउने पहिरन पहिचान गराउने<br>● स्थानीय चाडपर्वमा खाइने परिकार विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गराउने, परिकारका चित्र प्रदर्शन गरी स्थानीय परिकार पहिचान गराउने<br>● मन्दिर, गुम्वा, चर्च, मस्जिदका चित्र प्रदर्शन गरी आफ्नो परिवार तथा टोलछिमेकका मानिसले मान्ने धर्म छलफल गरी पहिचान गर्ने | ● तपाईंको परिवार र छिमेकले लगाउने पोषाकको सूची बनाउनुहोस् ।<br>● स्थानीय मेलापर्वमा खाइने पाँच परिकारको नाम लेख्नुहोस् ।<br>● तपाईंको परिवारले कुन धर्म मान्नु हुन्छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापनको उपाय | आफ्नो गाउँमा रहेका मन्दिर विहार गुफा वरपर रहेका प्राकृतिक स्रोतको पहिचान गर्न | आफ्नो गाउँमा रहेका मन्दिर विहार गुफा वरपर रहेका प्राकृतिक स्रोतको पहिचान : धारा, पोखरी, गुफा, वन | • विद्यार्थीको पूर्वअनुभवसँग जोडेर प्राकृतिक सम्पदाको छलफल गराउने र पहिचान गराउने,<br>• विद्यार्थीलाई विद्यालयबाट नजिक रहेका मन्दिर, गुम्बा चर्चमा लिएर जाने । वरिपरिभएका प्राकृतिक सम्पदा नदी, वन, धारा, पोखरी जे जे छन् अवलोकन गराउने, यी प्राकृतिक सम्पदा हुन् भनी प्रस्ट पार्ने | • प्राकृतिक सम्पदा भनको के हो ?<br>• वन जङ्गल कस्तो सम्पदा हो ? |
| जडीबुटी | आफ्नो घरवरपर पाइने जडीबुटीको सामान्य परिचय दिन | आफ्नो घर वरपर पाइने जडीबुटीको नाम : कुरिलो, सिस्नो गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेभ्फार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङगे धुप | • स्थानीय स्तरमा पाइने जडीबुटी सङ्कलन गर्ने र हेरेर, सुँघेर, छाम्न दिएर जडीबुटी पहिचान गराउने,<br>• स्थानीय स्तरमा पाइने जडीबुटी रुख, बुट्यान र भ्फारपातका रुपमा छलफल गरी परिचय गराउने, लहरामा हुने, ओसिलो जमिनमा हुने, पारिलो जमिनमा हुने, जमिनमुनि फल्ने कुरा छलफल गराउने, रोग अनुसार उपचार गर्ने जडीबुटी परिचय गराउने,<br>• स्थानीय स्तरमा पाइने पाँच किसिमका जडीबुटी सङ्कलन गरी कुन रोगमा कुन जडीबुटी प्रयोग गर्नुपर्छ अभिभावकलाई सोध भनी परियोजना कार्य गराउने, | • तपाईंको वरपर पाइने एउटा जडीबुटीको परिचय दिनुहोस्,<br>• जमिनमुनि फल्ने दुईओटा जडीबुटीको नाम भन्नुहोस्, |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो उद्योग : घरेलु सामान तथा साना उद्योग | कामको आधारमा स्थानीय स्तरमा पाइने घरेलु सामानको सामान्य परिचय दिन, बताउन, | राक्सिराङ्ग गाउँपालिकाभित्र साना उद्योगबाट उत्पादित घरेलु सामानको नाम जस्तै : डोको, डालो, नाम्लो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती मादल, मुरली | • कक्षाकोठामा स्थानीय घरेलु सामग्रीहरू प्रदर्शन गरी प्रत्येक सामान देखाउदै यसको नाम केहो ? के कामको लागि प्रयोग हुन्छ ? के बाट बन्छ ? छलफल गर्ने र घरेलु सामग्रीको परिचय गराउने, घरेलु सामानको आकार, प्रकार र बनोटको आधारमा परिचित गराउने<br>• गीत कविता, कथाका माध्यमबाट घरेलु सामानको परिचय गराउने<br>• घरेलु सामग्रीको एक एकओटा नमुना सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने र अवलोकन गराई परिचय दिने | • डोको देखाउनुहोस् ?<br>• जाबी केबाट बनेको छ ?<br>• टपरीको आकार कस्तो छ ?<br>• गुन्द्रीको आकार कस्तो छ ? |
| स्थानीय प्रविधि | स्थानीय प्रविधिको कामको आधारमा परिचय दिन | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको नाम जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाँण | • विद्यार्थीको पूर्वअनुभवका आधारमा स्थानीय प्रविधिको छलफल गर्ने, विद्यार्थीले देखेको, सुनेको, प्रयोग गरी अनुभव गरेका कुरा व्यक्त गर्ने वातावरण सिर्जना गर्ने<br>• स्थानीय प्रविधिको चित्र प्रर्दशन गरी कुन कुन प्रविधि के हुन् , छलफल गर्ने<br>• स्थानीय प्रविधिको एक एकओटा नमुना सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने र अवलोकन गराई परिचय दिने | • चित्रमा ढिकी कहाँनेर छ ?<br>• तोरी पेल्ने साधनको नाम के हो ?<br>• हँसिया, कोदालो खुकुरी कहाँ बनाइन्छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो कृषि : अन्नबाली र कन्दमूल | स्थानीय स्तरमा फल्ने अन्न, अन्नहरूको परिकारको सामान्य परिचय दिनस्थानीय स्तरमा पाइने कन्दमूलको सामान्य परिचय दिन | राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने अन्नहरूको सामान्य परिचय : धान, मकै, गहुँ, कोदो, फापर, कागुनो, राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने कन्दमूलको सामान्य परिचय,: गिठ्ठा, भ्याकुर, तरुल, सखरखन्ड | ● धान, मकै, गहुँ, कोदो, फापर, कागुनो जस्ता अन्नहरूको नमुना सङ्कलन गर्ने र हेरेर छामेर अन्नहरूको अनुभव गराउने, विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गर्ने र स्थानीय अन्नहरूको परिचय दिन सहजीकरण गर्ने<br>● विद्यार्थीलाई विद्यालयको नजिकै खेतबारीमा लैजाने र सम्भव भएका अन्नबालीको अवलोकन गराउने र परिचय दिन उत्प्रेरित गर्ने<br>● गिठ्ठा, भ्याकुर, तरुल, सखरखन्ड जस्ता कन्दमूल सङ्कलन गर्ने र स्वादको अनुभव गराउने । विद्यार्थीको पूर्वअनुभवका आधारमा स्थानीय कन्दमूलको परिचय दिन हौसला दिने<br>● स्थानीय कन्दमूल वा तिनीहरूको चित्र देखाई छलफल गर्ने र परिचय दिन लगाउने<br>● स्थानीय पाठ्यपुस्तकमा भएको पाठका आधारमा स्थानीय कन्दमूलको परिचय दिन लगाउने | ● स्थानीय स्तरमा पाइने तीनओटा अन्नहरूको नाम बताउनुहोस् ।<br>● धानको सामान्य परिचय दिनुहोस् ।<br>● कन्दमूल भनेको के हो ?<br>● तरुल, गिठ्ठा, भ्याकुरको सामान्य परिचय दिनुहोस् । |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| तरकारी | स्थानीय जातका तरकारी चिनेर नाम बताउन,<br><br>स्थानीय स्तरमा पाइने तरकारी खाइने भागको आधारमा वर्गीकरण गर्न, | स्थानीय स्तरमा पाइने तरकारीको सामान्य परिचय : काउली, मुला, साग, आलु, गोलभँडा, सिमी, फर्सी, इस्कुस, मास, मस्याङ गहत, च्याउ<br><br>**खाइने भागको आधारमा वर्गीकरण**<br><br>काण्ड : इस्कुस, गाभा, फर्सीको मुन्टा,<br><br>पात : रायो, मुला<br><br>फूल : काउली, बन्दा<br><br>जरा : मूला, सलगम<br><br>लहरामा कोसा लागेर फल्ने तरकारीको परिचग : बोडी सिमी<br><br>कोसा नलागी दाना फल्ने तरकारीको परिचय : करेला, | • स्थानीय स्तरमा पाइने तरकारीहरू हरिया सागपातहरूको चित्र प्रदर्शन, नमुना तरकारी प्रदर्शन एवम् तरकारी बारीको अवलोकन, छलफल, प्रश्नोत्तरबाट तरकारीहरूको परिचय गराउने,<br><br>• विभिन्न तरकारीका चित्र, नमुना, वास्तविक तरकारीहरू प्रदर्शन गर्दै खाइने भागका आधारमा वर्गीकरण गर्न लगाउने<br><br>• नजिकमा रहेको तरकारी बारीमा अवलोकन गराउने र खाइने भागका आधारमा छलफल प्रश्नोत्तर गराउने<br><br>• तरकारीसम्बन्धी चित्रकथा गीतबाट वर्गीकरण गर्न लगाउने<br><br>• विभिन्न प्रकारका तरकारीहरूका चित्रहरू बनाई रङ भर्न लगाउने | • तपाइँले घरमा दैनिक खाने तरकारीहरूको नाम भन्नुहोस् ।<br><br>• फर्सीको कुन कुन भाग तरकारी खाइन्छ ?<br><br>• चित्रमा इस्कुस कहाँनेर छ ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | घिरौंला, फर्सी<br>काउली | | |
| फलफूल | स्थानीय जातका फलफूलको सामान्य परिचय दिन | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने स्थानीय जातका फलफूलको परिचय जस्तै : सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पाती कागती भोगटे, चिउरी, कफी, कुसुम, थाकल | • विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गरी स्थानीय फलफूलको परिचय दिन प्रोत्साहन गर्ने<br>• विद्यालयबाट नजिकको फलफूल बगैंचा अवलोकन गराउने र बगैचामा भएका फलफूलको सूची तयार गर्न लगाउने<br>• मौसम अनुसार स्थानीय फलफूल सङ्कलन गराई स्वद चाख्न लगाउने र सो फलफूलको परिचय दिन लगाउने<br>• स्थानीय स्तरमा पाइने फलफूलको चित्र बनाई रङ भर्न लगाउने | • तपाईंको घरवरपर पाइने एउटा फलफूलको परिचय दिनुहोस् ।<br>• काँचो आँपको स्वाद कस्तो हुन्छ ?<br>• पाकेको मेवाको रङ कस्तो हुन्छ ?<br>• बगैचामा कती प्रकारका फलफुल रहेछन् ? |
| पशुपन्छी र कीट पालन व्यवसाय | स्थानीय स्तरमा पाइने घरपालुवा तथा जङ्गली पशुपन्छीको वर्गीकरण गर्न | राक्सिराङ्ग गाउँपालिकास्तरमा पाइने घरपालुवा तथा जङ्गली पशुपन्छीको वर्गीकरण | • दुध, मासु, फुल, ऊन, हाड छाला प्राप्त हुने स्थानीय स्तरका घरपालुवा र जङ्गली पशु पन्छीको चित्र प्रदर्शन गर्ने छलफल र प्रश्नोत्तर गरी वर्गीकरण गराउने | • दुधका लागि पालिने दुईओटा जनावरको नाम भन्नुहोस् ।<br>• गोठमा कुन कुन जनावर बस्छन् ? |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | घरपालुवा : कुखुरा, हाँस, बट्टाई, बाख्रा, गाई भैंसी, सुँगुर, बँगुर मौरी, जङ्गली : कालिज, तित्रा, मयूर, बाज, बाघ भालु, चितुवा, बँदेल, सालक | ● स्थलगत गोठ, खर्क, खोरमा प्रत्यक्ष अवलोकन गराउने, अनुभवका आधारमा छलफल प्रश्नोत्तर गराउने<br>● छलफल गरी स्थानीय घरपालुवा र जङ्गली जनावर वर्गीकरण गराउने | ● बाघ जङ्गली जनावर हो कि घरपालुवा जनावर हो ? |

## १८. विषयवस्तुको विस्तृतीकरण

कक्षा - ३

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | आफ्नो वडाको भौगोलिक अवस्थाको पहिचान गर्न,<br>आफ्नो गाउँको जनसंख्या पहिचान गर्न | आफ्नो वडाको भौगोलिक अवस्थाको पहिचान : अग्लो, होचो, समथर, भिरालो, लेक, बेसी,<br>आफ्नो गाउँको जनसंख्या | ● आफ्नो वडाभरि रहेका गाउँ र ठाउँको नाम छलफल गरी सूची तयार गर्ने<br>● सम्भव भएसम्मका गाउँ र ठाउँ अवलोकन गराई वडाको भौगोलिक अवस्था पहिचान गराउने<br>● देखे र अनुभव भएसम्म शिक्षकले आफ्नो वडाको भौगोलिक अवस्था जानकारी गराउने<br>● आफू बसेको वडाको नक्सा प्रदर्शन गरी छलफल गर्ने र भौगोलिक अवस्था पहिचान गराउने | ● नक्सामा तपाईंको गाउँ कहाँनेर छ पत्ता लगाउनुहोस् ।<br>● तपाईंको वडामा भएका गाउँहरूको नाम सूची बनाउनुहोस् ।<br>● तपाईंको वडामा समथर भएको गाउँ र ठाउँको नाम भन्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | ● वडाको सम्पूर्ण भौगोलिक अवस्था जानकार भएका सामाजिक व्यक्ति आमन्त्रण गर्ने र वडाको भौगोलिक अवस्थाको जानकारी गराउने<br>● छलफल र अवलोकनको माध्यामबाट गाउँको अवधारणा दिने । घरमुलीको नाम, पुरुष संख्या, र महिला संख्या भएको तालिका निर्माण गरी आफ्नो गाउँको जनसंख्या गणना गर्न फरक फरक घरमा जाने गरी समूहगत परियोजना कार्य दिने र उनीहरूको परियोजना कार्यको रिपोर्टलाई कक्षामा छलफल गराई गाउँको जम्मा जनसंख्या निकाल्न लगाउने । | ● तपाईँको गाउँमा महिला जनसंख्या कति छन् ?<br>● तपाईँको गाउँमा पुरुष जनसंख्या कति छन् ?<br>● तपाईँको गाउमा जम्मा जनसंख्या कति छन् ? |
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, सामाजिक समस्या र समाधानका उपाय | राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसको लवाइखवाइ पहिचान गर्न<br>राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसको चालचलन, बताउन | राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसको लवाइखवाइ पहिचान गर्न, राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसको चालचलन<br>आफ्नो परिवारमा मनाइने चाड पहिचान, राक्सिराङ्ग | ● राक्सिराङ गाँउपालिकाभित्र रहेका मुख्य जातिको भेषभूषालाई प्रदर्शन गरी पहिचान गर्न लगाउने<br>● आफ्नो समुदायभित्र रहेका मानिसहरूको चालनचलन रीतिरिवाज र खानपिनको विषयमा छलफलमा सहभागी हुँदै सहजिकरण गर्ने<br>● आआफ्नो परिवारमा कुन कुन चाड पर्ब कसरी र कहिले मनाइन्छ पहिचान गर्न लगाई प्रश्नोत्तर र छलफल गराउने | ● राक्सिराङ्ग गाँउपालिकाभित्रका मुख्य जातिको भेष भुषा भन्नुहोस् ।<br>● तपाइको घरमा कुन पर्बमा कस्तो खानेकुरा खाने गर्छ भन्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | आफ्नो परिवारमा कुन कुन चाड कसरी मनाइन्छ पहिचान गर्न<br>राक्सिराङ्ग गाउँपालिकाभरि रहेका धार्मिक स्थल पहिचान गर्न | गाउँपालिकाभरि रहेका धार्मिक स्थल पहिचान गर्न | • राक्सीराङ गाँउपालिकाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान छलफल गराउने | • आफूले मनाउने चाडपर्वको नाम लेख्नुहोस् ।<br>• तपाइको गाउँमा भएका कुनै तीनओटा धार्मिक स्थलको नाम लेख्नुहोस् । |
| हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापनको उपाय | विपद् पर्न सक्ने अवस्था पहिचान गर्न<br>चट्याङबाट बच्ने उपाय बताउन र बच्न | विपद् पर्न सक्ने अवस्था पहिचान : बाढी, पहिरो, आगलागी, चट्याङ<br>चट्याङबाट बच्ने उपाय बताउन र बच्न | • बिपद् के कस्ता कारणले सिर्जना हुन्छन् भनी कक्षामा छलफल तथा प्रश्नोत्तर गराउने<br>• चट्याङको परिचय  तथा चट्यङ कस्तो अवस्थामा पर्न सक्छ भनी छलफल गराउने<br>• चट्याँङबाट बच्ने उपायहरू समूहगत रुपमा छलफल गराई सहजिकरण गराउने | • बिपद पर्न सक्ने दूईओटा कारण उल्लेख गर्नुहोस् ।<br>• चट्याँङ कस्तो मौसममा पर्छ ?<br>• चट्याँङबाट बच्ने उपायहरू भन्नुहोस् । |
| जडीबुटी | आफ्नो वडाभित्र उत्पादन गर्न सकिने जडीबुटीको पहिचान गर्न | आफ्नो वडाभित्र उत्पादन गर्न सकिने जडीबुटीको पहिचान : कुरिलो, सिस्नो गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, | • स्थानीय वडाभित्र उत्पादन हुनसक्ने जडीबुटी पूर्वअनुभवका आधारमा छलफल गर्ने र सूची तयार गर्ने | • हाम्रो घरवरिपरि पाइने तीनओटा जडीबुटी को नाम उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | गिट्ठा, हर्सुलो, अदुवा, बेसार, उल्टेझार, घिउ कुमारी, पाँचऔंले, चिनु, सिङगे धुप | • आफ्नो वडामा पाइने महत्त्वपुर्ण जडीबुटीहरूको नमुना संङ्कलन गरी प्रदर्शन गर्ने पहिचान गर्न प्रश्नोत्तर छलफल गराउने<br>• स्थानीय स्तरमा पाइने जडीबुटीको प्रत्येक्ष स्थलगत भ्रमणबाट अवलोकन गराउने र उत्पादन अवस्था जानकारी गराउने र उत्पादन गर्नसक्ने सम्भावनाको पूर्वअनुमान गराउने | • स्थानीय स्तरमा पाइने पाँच किसिमका जडीबुटी सङ्कलन गरी ल्याउनुहोस् । |
| हाम्रो उद्योग : घरेलु सामान तथा साना उद्योग | स्थानीय घरेलु सामानको उपयोगिता एवम् महत्त्व बताउन, | राक्सिराङ्ग गाउँपालिका भित्र साना उद्योगबाट उत्पादित घरेलु सामानको उपयोगीता तथा महत्त्व, आम्दानीको स्रोत, स्रोत साधनको प्रयोग, खर्च बचत, कामको अवसर आदि जस्तै : डोको, डालो, नाम्लो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, | • घरेलु सामानहरू कक्षामा प्रदर्शन गराएर राख्ने । समूह बनाएर सामनहरूको नाम लेखेर लेबल राख्न लगाउने । सामान देखाएर उपयोगका आधारमा वर्गीकरण गराउने<br>• विद्यार्थीको पूर्वअनुभव जोड्दै स्थानीय घरेलु सामानको महत्त्व के के हुन सक्छ छलफल गराउने<br>• स्यानीय घरेलु सामान नहुँदा घरयासी प्रयोगका हिसावले पर्ने असर छलफल गर्ने<br>• स्थानीय घरेलु सामग्री प्रयोग, आम्दानी, खर्च, सिप, कामको अवसरका हिसाबले हुने महत्त्व छलफल गराउने | • स्थानीय घरेलु सामान कुन कुन कामका लागि प्रयोग गरिन्छ ? उल्लेख गर्नुहोस् ।<br>• घरेलु सामानहरूको फाइदा सूची तयार गरी भन्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | गलैंचा, मैन बत्ती, मादल, मुरली | | |
| स्थानीय प्रविधि | स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिको महत्त्व बताउन | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको महत्त्व : आम्दानीको स्रोत, स्रोत साधनको प्रयोग, खर्च बचत, कामको अवसर आदि<br>माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाँण | ● चित्र छलफल गरी कामका आधारमा स्थानीय प्रविधिको वर्गीकरण गराउने<br>● विद्यार्थीको पूर्वअनुभव जोड्दै स्थानीय प्रविधिको महत्त्व के के हुन सक्छ छलफल गराउने<br>● स्यानीय प्रविधि नहुँदा घरयासी काम र प्रयोगका हिसावले पर्ने असर छलफल गर्ने,<br>● स्थानीय प्रविधिको प्रयोग, आम्दानी, खर्च, सिप, कामको अवसरका हिसाबले हुने महत्त्व छलफल गराउने | ● कुन स्थानीय प्रविधि कुन कुन कामका लागि प्रयोग गरिन्छ ? उल्लेख गर्नुहोस् ।<br>● स्थानीय प्रविधिको फाइदा सूची तयार गरी भन्नुहोस् । |
| हाम्रो कृषि : अन्नबाली र कन्दमूल | स्थानीय तहमा पाइने अन्नबाली उत्पादन हुने जग्गा र माटोको अवस्था पहिचान गर्न, | राक्सिराङ्ग गाउँपालिकाभित्र अन्नहरू फल्ने जग्गा र माटो पहिचान गर्न : बलौटे माटो, दोमट माटो, सिम,पाखो, | ● स्थानीय खेत, बारी, पाखा, बनको माटो सङ्कलन गर्ने र हेरे छामेर कुन माटो कहाँको हो ? छलफल गरी पहिचान गर्ने र बलौटे, दोमट, सिमसार रुखो पाखाको माटो पहिचान गराउने | ● बलौटे माटो कस्तो हुन्छ ?<br>● कुन माटोमा बढी अन्न फल्छ ? |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | स्थानीय स्तरमा पाइने कन्दमूल फल्ने स्थान पहिचान गर्न | खेत, बारी, स्थानीय स्तरमा फल्ने कन्दमूल पाइने स्थान पहिचान  पाखो, खेत, बारी | ● कुन माटोमा अन्न बाली सप्रन्छ, कुन माटोमा सप्रँदैन, कन्दमूल प्राय कस्तो माटोमा बढी फल्छ ? छलफल गर्ने र अन्नबाली सप्रने माटो र कन्दमूल पाइने माटो पहिचान गर्ने<br>● विद्यार्थीहरूलाई नजिकको खेत, बारी र पाखामा लगी माटो अवलोकन गराउने र माटोको प्रकार छुट्याउन लगाउने | ● कन्दमूल प्राय कुन माटोमा फल्छ ? |
| तरकारी | स्थानीय तरकारी खेतीमा प्रयोग हुने औजारहरू पहिचान गर्न, लहरे तरकारीहरूको संरक्षण गर्ने तरिका बताउन र प्रयोग गर्न | स्थानीय स्तरमा गरिने तरकारी खेतीमा प्रयोग हुने औजारहरू पहिचान : कुटो कोदालो, हँसिया, डल्लेठो<br>स्थानीय लहरे तरकारीहरूको संरक्षण : थाँक्रो, बार,<br>तरकारीको उपयोगिता : ताजा तरकारी, आम्दानीको स्रोत | ● स्थानीय स्तरमा तरकारी खेतीमा प्रयोग हुने चित्र वा वास्तविक औजारहरूको नमुना सङ्कलन गरी प्रदर्शन, छलफल, प्रश्नोत्तर गर्दै औजारहरूको परिचय गराउनुहोस् ।<br>● कुन साधनको प्रयोग केमा गरिन्छ समूहमा छलफल गराई भन्न लगाउनुहोस् ।<br>● स्थानीय खेत वा बारीमा काम गरिरहेको ठाउँका लगी कुन साधनले कसरी काम गरिन्छ अवलोकन गराउनुहोस् ।<br>● स्थानीय जातका लहरे तरकारीहरूको चित्र पोष्टर प्रदर्शन गरी यिनीहरू कसरी हुर्कँदै बढ्दै छन् छलफल गराउने | ● लहरे तरकारीलाई थाक्रो किन चाहिन्छ ?<br>● लहरे तरकारीलाई थाक्रो नदीँदा के असर पर्छ ?<br>● अवलोकन फाराम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियताको आधारमा मूल्याङ्कन गर्ने र |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | • विद्यालय वरपर भएका लहरे तरकारी बारीको स्थलगत भ्रमण गराई तिनीहरू बढ्ने तरिका अवलोकन गराउने र थाँक्रा टाँड नहुँदा लहरा र फलमा पर्ने असर स्पस्ट पार्ने<br>• पूर्वअनुभवका आधारमा छलफल गराउने, जस्तै तपाईंको करेसाबारीमा रोपिएका लहरे तरकारीलाई कसरी संरक्षण गरिएका छन् ? आदि<br>• विद्यालयको करेसाबारी निर्माण गरी लहरे तरकारी लगाउन र संरक्षण गर्न सहभागी गराउने | कार्यसञ्चयिका अभिलेख राख्ने । |
| फलफूल | स्थानीय स्तरमा<br>पाइने फलफूलबाट बन्ने परिकार बताउन र प्रयोग गर्न | स्थानीय स्तरमा पाइने फलफूलबाट बन्ने परिकार जस्तै : सुन्तलाः जुस, आँपः अचार, चुकअमिलो, कटहर : जुस, अनार, लिची, नास्पातीः जुस, कागती : अचार, भोगटे : अचार, चिउरी : घिउ, कफी | • चित्र प्रदर्शन गर्दै स्थानीय क्षेत्रमा मौसमअनुसार कुन कुन फलफूल पाइन्छ छलफल गराउने<br>• विद्यालय वरपर पाइने विभिन्न फलफूलका बोटहरू अवलोकन गराउने र ती फलफूल कुन कुन मौसममा फल्छन् छलफल गर्ने<br>• विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाएर कुन कुन फलफूलबाट कस्ता कस्ता परिकार बनाउन सकिन्छ ? छलफल गर्ने र सम्भव | • तपाइँको घरवरिपरि कुन कुन फलफूल छन् ?<br>• तपाईंले कुन फलफूल बाट बनेको के परिकार खानुभएको छ ?<br>• चुक अमिलो कुन फलबाट बनाउन सकिन्छ ? |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | भएसम्म नमुना परिकार संकलन गरी स्वाद चाख्न दिएर अनुभव गराउने<br>● स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गरी फलफूलबाट बन्ने परिकार र बनाउने तरिका छलफल गराउने | |
| पशुपन्छी र कीट पालन व्यवसाय | स्थानीय स्तरमा पालिने घरपालुवा पशुपन्छीको फाइदाको सूची बनाउन | स्थानीय स्तरमा पालिने घरपालुवा पशुपन्छीको प्रयोग र फाइदाको सूची बनाउन : मासु, मल, छाला, हाड, आम्दानीको स्रोत | ● विद्यार्थीको पूर्वअनुभवमा आधारित भई स्थानीय पशु पन्छीबाट हुने उत्पादन र त्यसको फाइदा छलफल गराउने र सूची निर्माण गराउने<br>● छाला ऊन कुन कुन जनावरबाट प्राप्त गर्न सकिन्छ ? छाला र ऊनको उपयोगिता साथै बन्ने सामग्रीसमेत छलफल गराउने<br>● दुध, मासु, फुल, मह प्राप्त गर्न सकिने पशुपन्छी तथा कीटको पहिचान गरी पौष्टिक आहार र आम्दानीका हिसाबले हुने फाइदा छलफल गर्ने | ● मासुका लागि पालिने जनावर कुन कुन हुन ?<br>● जनावरका छालाबाट के के सामग्री बनाउन सकिन्छ ?<br>● स्थानीय स्तरमा पालिने पशुपन्छी तथा कीटबाट प्राप्त गर्न सकिने फाइदाहरूको सूची बनाउनुहोस् । |

## १९.विषयवस्तुको विस्तृतीकरण

**कक्षा - ४**

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | राक्सिराङ्ग गाउँपालिकाभित्र आफू बसोबास गरेको गाउँ र वडाको भौगोलिक अवस्थाको पहिचान गरी नक्सा कोर्न,<br>आफू बसेको वडाको जनसंख्या पहिचान गर्न | राक्सिराङ्ग गाउँपालिका भित्र आफू बसोबास गरेको गाउँ र वडाको जनसंख्या र भौगोलिक अवस्थाको पहिचान : अग्लो, होचो, समथर, लेक, बेँसी | • राक्सिराङ्ग गाउँपालिकाको नक्सा प्रदर्शन गर्ने र आफू बसेको वडा पहिचान गराउने,<br>• आफ्नो वडाको भौगोलिक बनावट अनुभवको आधारमा छलफल गराउने र अग्लो, होचो, समथर, लेक, बेसी, भिर, वनपाखा, नदी, बाटो, विद्यालय, वडा कार्यलय, वस्ती कहाँ कहाँ छन् नक्सामा पहिचान गराउने,<br>• गाउँपालिकाको नक्साभित्र रहेको आफ्नो वडाको नक्सा कोर्न अभ्यास गराउने र अग्लो, होचो, समथर, लेक, बेसी, भिर, वनपाखा, नदी, बाटो, विद्यालय, वडा कार्यलय, वस्तीको सङ्केत नक्सामा भर्न लगाउने<br>• आफू बसेको वडाको नक्सा प्रदर्शन गराई कुन कुन क्षेत्रमा कुन कुन वस्तीहरू छन् पहिचान गराउने । गाउँपालिकाको पछिल्लो तथ्याङ्कअनुसार आफ्नो वडाको जातीगत जनसंख्या छलफलको माध्यामबाट जानकारी गराउनुहोस् र जातीगत रूपमा जनसंख्या तुलना गराउनुहोस् | • नक्सामा तपाइँ बसेको वडा कहाँनेर छ ? देखाउनुहोस् ।<br>• तपाइँ बसेको वडाको भौगोलिक अवस्था कस्तो छ ? वर्णन गर्नुहोस् ।<br>• तपाइँ बसेको वडाको नक्सा बनाउनुहोस् र संकेत भर्नुहोस्<br>• तपाइँको वडामा कुन कुन जातीको जनसंख्या कति कति छन् ? |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, सामाजिक समस्या र समाधानका उपाय | राक्सिराङ्ग गाउँपालिकाका मानिसको विशेष गरी मेला पर्वमा लगाउने विषेश पहरिन पहिचान गर्न<br>स्थानीय स्तरको मेलापर्वमा खाने परिकार पहिचान गर्न, राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसले मनाउने चाडपर्ब पहिचान गर्न र सहभागी हुन,<br>राक्सिराङ्ग गाउँपालिकाभरि रहेका धार्मिक स्थलमा मेला लाग्ने दिन पहिचान गर्न, स्थानीय स्तरमा लाग्ने मेलामा हुने | राक्सिराङ्ग गाउँपालिकाका मानिसको विशेष गरी मेला पर्वमा लगाउने विषेश पहरिन : स्थानीय स्तरको मेलापर्वमा खाने परिकार :<br>राक्सिराङ्ग गाउँपालिकाभरिका मानिसले मनाउने चाडपर्ब : राक्सिराङ्ग गाउँपालिकाभरि रहेका धार्मिक स्थलमा मेला लाग्ने दिन | • स्थानीय मेलापर्व को को कसरी सहभागी भएका छन् विद्यार्थीको अनुभवको आधारमा छलफल गराउने र स्थानीय स्तरमा लाग्ने मेलापर्वको सूची तयार गराउने<br>• स्थानीय मेलापर्वमा सहभागी मानिसले विषेश पहिरन के के लगाउँछन् छलफल गरी सूची तयार गराउने,<br>• आफ्नो वडाभित्र फरक जातजातिले मनाउने फरकफरक चाडपर्व के के हुन् छलफल गराउने र सूची तयार गराउने<br>• भित्तेपात्रो प्रदर्शन गरी कुन धार्मिकस्थलमा कहिले कहिले मेला लाग्छ ? छलफल गराउने | • तपाइ सहभागी हुनुभएको दुइटा मेलापर्वको नाम भन्नुहोस् ।<br>• स्थानीय मेलापर्वमा मानिसले लगाउने पहिरनको वर्णन गर्नुहोस् ।<br>• स्थानीय मेलापर्वमा सहभागी मानिसले खाने परिकार सूची बनाउनुहोस् ।<br>• भित्त्पात्रो हेरी आफ्नो वडाभित्र कुन धार्मिकस्थलमा कहिले मेला लाग्छ चिह्न लगाउनुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | धार्मिक क्रियाकलाप पहिचान गर्न र सहभागी हुन | | | |
| हाम्रो प्राकृतिक सम्पदा र विपद् व्यवस्थापन | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाको पहिचान गर्न, संरक्षण, संवर्धन र उपयोगमा सहभागी हुन | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाको पहिचान जस्तैः वन जङ्गल, जीवजन्तु जलवायु, नदी नाला, प्राकृतिक गुफा | • आफ्नो वरपर रहेका प्राकृतिक सम्पदाको अवलोकन गराउने र संक्षिप्त प्रतिवेदन तयार गरी प्रस्तुति गर्न लगाउने<br>• राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका नदी खोला, ताल, झरना, गुफा, वनजङ्गल, वन्यजन्तु, पहाड, बेसीको अवस्था अनुभवको आधारमा छलफल गराउने र मुख्य मुख्य नदी, वनजङ्गल, पोखरी र गुफा सूचीकृत गराउने<br>• प्राकृतिक सम्पदाभित्र पर्ने वनजङ्गल, नदीनाला, जलवायु संरक्षण नगर्दा आउने बिपत, समस्याका सम्बन्धमा चित्र प्रदर्शन र छलफल गराउने र आइपर्न सक्ने विपत्को सूची तयार गर्ने<br>• नदीनाला, वनजङ्गल र जलवायु संरक्षण गर्ने उपायहरू के के हुन सक्छन् छलफल गरी सूची तयार गर्ने, | • प्राकृतिक सम्पदा भनेको के हो ?<br>• प्राकृतिक सम्पदाभित्र के के कुरा पर्दछन् ?<br>• तपाइँको गाउँपालिकाभित्र रहेका मुख्य मुख्य नदीको कुन कुन हुन ?<br>• प्राकृतिक विपत्ती पर्नसक्ने पाँच कारणहरू उल्लेख गर्नुहोस् ।<br>• प्राकृतिक सम्पदा संरक्षण गर्न सकिने पाँच उपायहरूको |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | | सूची तयार गर्नुहोस् । |
| पर्यटन | पर्यटनको परिचय, प्रकार, पर्यावरणीय पर्यटन र सांस्कृतिक पर्यटन छुट्याउन | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको परिचय, प्रकार, पर्यावरणीय पर्यटन सांस्कृतिक पर्यटन जस्तै : चेपाङ, होम स्टे, सङ्ग्रालय, चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ्, सरस्वती गुफा, भऱ्याङ कालिका मन्दिर, भिमुङ्, पाइराङ्, परेवा भिर | • छलफलको माध्यमबाट पर्यटन र पर्यटक, आन्तरिक र बाह्य पर्यटकको परिभाषा प्रस्ट बनाउने<br>• विद्यार्थीलाई आन्तरिक पर्यटक बनाएर नजिकैको पर्यावरणीय, वा सांस्कृतिक स्थलको अवलोकन भ्रमण गराउने र अवलोकन अध्ययनको आधारमा गाउँपालिकाभरि रहेका पर्यटकीय हुनुको कारण छलफल गर्ने<br>• राक्सिराङ्ग गाउँपालिकाभित्र पर्यावरणीय र सांस्कृतिक पर्यटक स्थलहरू कहाँ कहाँ छन् छलफल गराउने र सूची निर्माण गरी परिचय गराउने | • पर्यटन भनेको के हो ?<br>• पर्यटक भनेको के हो ?<br>• आन्तरिक र बाह्य पर्यटक भनेको के हो ?<br>• राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका तीनओटा सांस्कृतिक पर्यटन क्षेत्रको नाम उल्लेख गर्नुहोस् ।<br>• राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका तीनओटा पर्यावरणीय पर्यटन क्षेत्रको नाम उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| जडीबुटी | जडीबुटीको परिचय, स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान गर्न, | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने जडीबुटीको परिचय, स्थानीय स्तरमा पाइने जडीबुटीको पहिचान जस्तैः कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा बेसार, उल्टेभ्फार, घिउकुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | • विद्यार्थीहरूको पूर्वअनुभवलाई आधार बनाई छलफलको माध्यमबाट स्थानीय स्तरमा पाइने जडीबुटीको आकार, प्रकार, प्रयोग, पाइने स्थानको हिसाबले परिचय गराउने<br>• स्थानीय स्तरमा पाइने जडीबुटी स्थलगत अवलोकन गराई परिचय गराउने<br>• स्थानीय स्तरमा पाइने जडिबुटीको नमुना प्रदर्शन गरी, छामेर, चाखेर, पहिचान गराउने | • तपाईंको वरिपरि पाइने तीनओटा जडीबुटीको परिचय उल्लेख गर्नुहोस् ।<br>• स्थलगत अवलोकन गरी पाँच पाँचओटा जडीबुटी सङ्कलन गरी परिचय दिनुहोस् । |
| हाम्रो उद्योग<br>स्थानीय घरेलु सामान | घरेलु सामान निर्माण गर्न आवश्यक स्रोत पहिचान गर्न,<br>बाँस निगालो, काठ, पराल र धागोबाट सामग्री निर्माण गर्ने | राक्सिराङ्ग गाउँपालिकाभित्र उपलब्ध स्रोत र साधनको आधारमा घरेलु सामान निर्माण गर्न आवश्यक कच्चा पदार्थ पहिचान जस्तै : बाँस, | • कुन कुन कच्चा पदार्थबाट के के स्थानीय घरेलु सामग्री बन्छ पूर्वअनुभवका आधारमा, छलफल, प्रश्नोत्तर गराउने<br>• सम्भव भएसम्म परालबाट गुन्द्री, छ्वालीबाट चकटी, काठबाट हलो, मादल, ओदालबाट पाट र पाटबाट जाबी, बाँसको चोयाबाट डोको,डालो, नाङ्लो, फलामबाट औजार, सालको पातबाट दुना, टपरी बनाएको प्रत्यक्ष | • स्थानीय स्तरमा पाइने कुन कुन कच्चा पदार्थबाट के के सामग्री बनाउन सकिन्छ ? पाँचओटा सामान र कच्चा पदार्थको नाम उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | तरिकाको अध्ययन गर्न<br>बाँस, निगालो, काठ, पराल, धागोबाट बनेका सामग्री प्रयोग गर्दा हुने फाइदा वर्णन गर्न | निगालो, काठ, पराल, छ्वाली, धागो, भोर्ला<br>सामान : डोको, डालो, नामलो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैँचा, मैन बत्ती, मादल, खैँजडी, मुरली | अवलोकन भ्रमण, छलफल गराउने र निर्माण गर्ने प्रकृया क्रमवद्ध उल्लेख गर्न लगाउने<br>● स्थानिय प्राविधिकहरूलाइ कक्षामा आमन्त्रण गराएर समान बनाउन लगाउने र विद्यार्थीलाइ पनि बनाउन सिकाउने | ● जाबी बुन्ने प्रकृया उल्लेख गर्नुहोस् । |
| स्थानीय प्रविधि | स्थानीय प्रविधिको संरक्षण र उपयोग गर्न | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका स्थानीय प्रविधिको संरक्षण र उपयोग : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण, कोल, चेपुवा | ● स्थानीय स्तरमा प्रयोगमा भएका कुन कुन स्थानीय प्रविधि कसरी उपयोग हुन्छन् छलफल गर्न लगाउने<br>● स्थानीय स्तरमा भएका स्थानीय प्रविधि अवलोकन गराउने र उपयोग गर्ने तरिका छलफल गरी वर्णन गर्न लगाउने<br>● स्थानीय स्तरमा रहेका स्थानीय प्रविधिको संरक्षण गर्ने उपायहरू छलफल गरी सूची निर्माण गर्न लगाउने | ● ढडियाको उपयोग कसरी गरिन्छ ?<br>● आरनबाट के कस्ता सामग्री बनाउन सकिन्छ ?<br>● स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिको संरक्षण किन गर्नुपर्छ ? वर्णन गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय सामाजिक सङ्घ संस्था र समाजसेवी, साहित्यिक, कलाकार, व्यक्ति | आफ्नो समुदायमा रहेका स्थानीय समाजसेवी, व्यक्तिहरूको पहिचान गर्न | आफ्नो समुदायमा रहेका स्थानीय समाजसेवी व्यक्तिहरूको पहिचान | ● विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई तपाइँको गाउँमा विद्यालय, बाटोघाटो, पूल जस्ता विकास निर्माणमा कामामा निस्वार्थ खट्ने व्यक्तिहरू को को हुनुहुन्छ ? भनी प्रश्न गर्ने र स्थानीय समाजसेवी पहिचानका लागि छलफल गरी स्थानीय समाजसेवीको सूची तयार गर्ने<br>● स्थानीय समाजसेवीको योगदानको छलफल गर्ने र उनीहरूले समाजका लागि योगदान नगरेको भए समाजको विकास हुन्थ्यो या हुँदैनथ्यो अनुमान गर्न लगाउने,<br>● सामाजिक व्यक्तिको पहिचान गरी उहाँहरूको योगदान खोज अध्ययनसहितको पहिचान गर्न परियोजना कार्य गराउने | ● तपाइँको गाउँमा सामाजिकसेवा गर्ने दुई व्यक्तिको नाम भन्नुहोस् ।<br>● तपाइँको गाउँमा सामाजिकसेवा गर्ने एक व्यक्तिको योगदानको वर्णन गर्नुहोस् । |
| हाम्रो कृषि<br>अन्न र कन्दमूल | स्थानीय तहमा पाइने अन्नहरूको उपयोगिता वर्णन गर्न,<br>कन्दमूलको उपयोगिता सूची बनाउन, | स्थानीय तहमा पाइने अन्नहरूको उपयोगिता सन्तुलित भोजन, पौष्टिक आहार, आम्दानीको स्रोत, रोजगारीको अवसर | ● स्थानीय स्तरमा पाइने अन्न साथै कन्दमूलहरू सन्तुलित भोजन, पौष्टिक आहार, आम्दानीको स्रोत, रोजगारीको अवसरका हिसाबले उपयोगिता माथि छलफल गराउने<br>● स्थानीय स्तरमा फल्ने अन्न र कन्दमूल आम्दानीको स्रोत कसरी हुन सक्छ छलफल गर्ने | ● व्यावसायिक अन्न र कन्दमूल खेतीबाट हुने फाइदाहरू उल्लेख गर्नुहोस् ।<br>● अन्न र कन्दमूल आम्दानीको स्रोत |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | तरुल खेती गर्ने तरिका बताउन | कन्दमूलको उपयोगिता सूची : सन्तुलित, पौष्टिक आहार, आम्दानीको स्रोत, रोजगारीको अवसर<br>तरुल खेती गर्ने तरिका : परम्परागत र उन्नत मकै, कोदो, धान, गहुँ फापर, कागुनो, तरुल | ● कुन कुन अन्नमा कुन कुन पौष्टिक तत्त्व पाइन्छ छलफल गरी वर्गीकरण गर्न लगाउने | कसरी बन्न सक्छन् ?<br>● अन्न र कन्दमूलमा के के पौष्टिक तत्त्व पाइन्छ ? |
| तरकारी | स्थानीय तहमा विभिन्न मौसममा रोपिने तरकारी पहिचान र प्रयोग गर्न,<br>तरकारीबारीमा मलजल, गोडमेल र संरक्षण गर्न | राक्सिराङ्ग गाउँपालिका भित्र विभिन्न मौसममा रोपिने तरकारी, तरकारी बारीमा मलजल, गोडमेल, संरक्षण : बार, थाक्रा, जैविक औषधी, अधिकतम उपयोग, तरकारीहरू<br>काउली, मुला, साग, आलु, गोलभँडा, सिमी, फर्सी, इस्कुस, | ● कुन महिनामा कुन कुन तरकारी रोपिन्छ विद्यार्थीका पूर्वअनुभवका आधारमा छलफल गरी पूर्वअनुमान गराउने<br>● विभिन्न तरकारीका बिउ सङ्कलन गर्ने, विद्यालयको हातामा तरकारी बारी व्यवस्थापन गर्ने र विद्यार्थीहरूको सहभागितामा स्थानीय स्तरमा लाग्ने तरकारी रोप्न लगाउने, विद्यार्थीहरूलाई दिनहुँ जसो अवलोकन गराई बिउ र बोटमा आएको परिवर्तको सूची बनाउन लगाउने, फरक मौसममा फरक तरकारी रोप्ता हुने नकारात्मक असर छलफल अवलोकन गरी र आवस्यक मौसममा | ● हिउँदे मौसममा रोपिने पाँचओटा तरकारीको नाम भन्नुहोस् ।<br>● तरकारी बालीमा मलजल र गोडमेल किन गर्नुपर्छ ? कारण दिनुहोस्,<br>● तरकारी बालीको संरक्षण कसरी गर्न |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | मास, मस्याङ्, गहत, च्याउ | आवस्यक तरकारी रोप्दा हुने सकारात्मक असर पत्ता लगाउन सहजीकरण गर्ने<br>● स्थानीय स्तरमा पाइने तरकारी सम्बन्धि विद्यार्थीहरूले तरकारी बालीमा मल र सिँचाई गरेको, देखेको, सुनेको पूर्वअनुभवको आधारमा छलफल गर्न लगाउने र तरकारी बालीमा मलजल र गोडमेल गर्नुको आवश्यकता, फाइदा पत्ता लगाउन सहजीकरण गर्ने,<br>● विद्यालय करेसाबारीको तरकारीलाई गोडमेल, मलजल, बारबार्न, छहारी दिन, थाक्रा लगाउन विद्यार्थीलाई सहभागी गराउने र साथसाथै तरकारी बारी संरक्षण गर्नुको कारण, संरक्षण गर्दा नगर्दाको असर पत्ता लगाउन सहजीकरण गर्ने | सकिन्छ ? उल्लेख गर्नुहोस् । |
| फलफूल | स्थानीय स्तरमा पाइने विभिन्न मौसमअनुसारका फलफूलहरू पहिचान गर्न<br>फलफूलबाट बन्ने परिकार बताउन र प्रयोग गर्न | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने मौसमअनुसारका फलफूल,<br>फलफूलबाट बन्ने परिकार र प्रयोग गर्न, : सुन्तला, आँप, कटहर, अनार, | ● बिद्यार्थीहरूको पूर्वअनुभवका आधारमा स्थानीय स्तरमा कुन कुन मौसममा कुन कुन फलफूल फल्छ छलफल गर्ने र मौसमअनुसार फल्ने फलफूलको सूची तयार गर्ने ।<br>● स्थानीय स्तरमा पाइने विभिन्न फलफूलबाट बन्ने परिकार के के बन्न सक्छ, परिकार र बनाउने विधि छलफल गर्ने | ● स्थानीय स्तरमा हिउँद मौसममा पाइने पाँचओटा फलफूलको नाम उल्लेख गर्नुहोस् ।<br>● स्थानीय स्तरमा पाइने विभिन्न फलफूल र तिनबाट बन्ने |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | लिची, नास्पाती कागती भोगटे, चिउरी, कफी | • स्थानीय स्तरमा पाइने फलफूलको परिकार बनाई प्रयोग गर्दा हुने फाइदा छलफल गर्ने र सूची तयार गर्ने | फलफूलको सूची बनाउनुहोस् ।<br>• फलफूलको परिकार बनाई प्रयोग गर्दा हुने फाइदा उल्लेख गर्नुहोस् । |
| पशुपन्छी र कीट पालन व्यवसाय | स्थानीय स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधारहरू अवलोकन गर्न र प्रयोग गर्न, | राक्सिराङ्ग गाउँपालिका स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधार र व्यवस्थान अवस्था गोठ, खोर, घार | • स्थानीय स्तरमा पालिने पशुपन्छीलाई स्वस्थसँग हुर्काउन बढाउन के के आवश्यकता पर्छ, पूर्वअनुभवका आधारमा समूहबिच छलफल गर्न लगाउने<br>• घाँस, चरिचरण खर्क, गोठ, खोर र त्यस स्थानको हावापानी अवलोकन, छलफल प्रश्नोत्तर गराउने<br>• उपयुक्त हावापानीमा उपयुक्त पशुपन्छी पालन गर्दा हुने फाइदा छलफल गराउने र सूची तयार गर्ने<br>• पशुपन्छी पालनका लागि आवश्यक स्रोत साधानको उपलब्धता र व्यवस्थापन गर्ने तरिका छलफल गराउने | • पशुपन्छी र कीट पालन सुरक्षित बनाउन कस्तो बासस्थानको आवश्यकता पर्दछ ?<br>• कस्तो हावापानीमा कुन कुन पशुपन्छी पालन गर्न उपयुक्त हुन्छ ?<br>• पशुपन्छी र कीट पालनका लागि चरीचरणको किन आवश्यकता पर्छ ? |

## २०. विषयवस्तुको विस्तृतीकरण

**कक्षा - ५**

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | राक्सिराङ्ग गाउँपालिकाको भौगोलिक भूबनोट अवस्थाको पहिचान गर्न,<br>आफ्नो विद्यालय सेवाक्षेत्रभित्रको भौगोलिक सामाजिक नक्सा निर्माण गरी जनसंख्या उल्लेख गर्न | राक्सिराङ्ग गाउँपालिकाको जनसंख्या र भौगोलिक भूबनोट अवस्थाको पहिचान : अग्लो, होचो, समथर, लेक, बँसी | ● राक्सिराङ्ग गा. पा. को नक्सा प्रदर्शन गरी भौगोलिक भूभाग बनोटको अवस्था छलफल गर्ने (हिमाल, पहाड, लेक, बेसी, पाखा, भिर, खेती योग्य जमिन, जङ्गल क्षेत्र, हावापानी)<br>● रा.गापा. भित्रको भौगोलिक भुबनोटको अवस्थाको सुची तयार गर्न लगाउने<br>● भूबनोटको चित्र, नक्सा प्रदर्शन गराइ कुन कुन क्षेत्रको भौगोलिक अवस्थाको बनोट कस्तो छ छलफल गराउने<br>● बिद्यार्थीलाई विद्यालयको सेवाक्षेत्र अवलोकन गराउने र सेवाक्षेत्रको नक्साङ्कन गराउने । विद्यालय सेवाक्षेत्रको घरधुरी संख्या पहिचान गराउने । कुन कुन घरमा कति कति जनसंख्या छन् गणना गर्न समूहगत परियोजनाकार्य दिने र नक्सामा घरसहित जनसंख्या उल्लेख गराउने । | ● राक्सिाराङ गाउँपालिकाभित्र भएका चारओटा लेकको नाम उल्लेख गर्नुहोस् ।<br>● राक्सिराङ्ग गाउँपालिकाभित्र बेसीमा रहेका चारओटा वस्तीको नाम उल्लेख गर्नुहोस् ।<br>● आफ्नो अनुभवमा राक्सिराङ्ग गाउँपालिकाको धरात्त्लीय भूगोल वर्णन गर्नुहोस् ।<br>● तपाईंको विद्यालय सेवाक्षेत्रभित्र कति जनसंख्या छ ? |
| स्थानीय सामाजिक | आफ्नो गाउँपालिकाभित्रका | आफ्नो | ● राक्सिराङ्ग गाउँपालिकाभित्र बसोबास गर्ने मानिसले लगाउने विशेष पहिरनको नमुना | ● स्थानीय स्तरमा प्रयोगभएका विशेष |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | मानिसले लगाउने विशेष पहिरन, रहनसहन र रीतिरिवाजको महत्त्व बताउन र संरक्षण गर्न, आफ्नो गाउँपालिकाभित्र मनाइने चाड पर्वको महत्त्व बताउन र संरक्षण गर्न<br>स्थानीय स्तरमा आइपर्ने कुसंस्कार, कुरीति समस्या पहिचान गर्न र समाधान गर्न | गाउँपालिकाभित्रका मानिसले लगाउने विशेष पहिरन, रहनसहन र रीतिरिवाजको महत्त्व<br>आफ्नो गाउँपालिकाभित्र मनाइने चाड पर्वको महत्त्व स्थानीय स्तरमा आइपर्ने कुसँस्कार, कुरीति : धामी झाँक्री, बालविवाह, बहुविवाह | सङ्कलन गर्ने र कक्षामा प्रदर्शन गर्ने र विद्यार्थीरूको पूर्व अनुभवका आधारमा छलफल गराई उक्त पहिरनहरूको पहिचान गराउने<br>● राक्सिराङ्ग गाउँपालिकाभित्रका मानिसको रहनसहन, रीतिरिवाजको महत्त्व र संरक्षणको महत्त्वमाथि केन्द्रित भई छलफल गर्न सहजीकरण गर्ने र संरक्षण गर्न सकिने उपायहरूको छलफलसहित सूची तयार गर्न लगाउने<br>● स्थानीय स्तरमा चलिरहेका कुसंस्कार, कुरीतिका सामाजिक समस्या विद्यार्थीको पूर्वअनुभवको आधारमा छलफल गराई पहिचान गर्ने र कुरीति कुसंस्कार जस्ता मसस्या समाधान गर्ने उपायहरू छलफल गरी सूची तयार गर्ने | प्रकारका पहिरनको महत्त्व र संरक्षण गर्ने उपायहरू वर्णन गर्नुहोस् ।<br>● स्थानीय रीतिरिवाज, रहनसहनको महत्त्व र संरक्षणका उपायहरूको सूची तयार गर्नुहोस् ।<br>● स्थानीय स्तरमा कस्ता कस्ता कुरीति, कुसंस्कार चलिहेका छन् ? ती समस्या समाधान गर्ने उपायहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् । |
| हाम्रो प्राकृतिक सम्पदा<br>र विपद् व्यवस्थापन | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका फाइदा वर्णन गर्न, | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका फाइदा र संरक्षण | ● राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाको छलफल गरी सूची तयार गर्न लगाउने र यस गाउँपालिकामा पुऱ्याएको फाइदा के के छन् ? छलफल गरी वर्णन गर्न लगाउने | ● स्थानीय प्राकुतिक सम्पदाबाट हामीले के के फाइदा लिन सक्छौं ? वर्णन गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | स्थानीय स्तरका प्राकृतिक सम्पदा संरक्षण, संवर्धन र उपयोग गर्ने तरिकामा सहभागी हुन | गर्ने तरिका वन जङ्गल, जीवजन्तु जलवायु नदी नाला, प्राकृतिक गुफा | • स्थानीय स्तरका प्राकृतिक सम्पदा संरक्षण र संवर्धन गर्ने उपायहरू छलफल गर्न लगाई सूची तयार गराउने<br>• स्थानीय स्तरका प्राकृतिक सम्पदा उपयोग कसरी गर्न सकिन्छ ? छलफल गर्ने र प्राकृतिक सम्पदा संरक्षण, संवर्धन र उपयोग गर्ने तरिका सहभागी हुने सामान्य अभ्यास गराउने | • स्थानीय प्राकृतिक सम्पदा संरक्षण र संवर्धन गर्ने उपायहरू उल्लेख गर्नुहोस् । |
| पर्यटन | राक्सिराङ्ग गाउँपालिकाभित्रका पर्यटन स्थलको अवलोकन अध्ययन गर्न,<br>स्थानीय पर्यटन क्षेत्रको महत्त्व बताउन, पर्यटन प्रवर्धनमा स्थानीय तरिका प्रयोग गर्न, (जस्तै अतिथि सत्कार) | पर्यटनको महत्त्व, पर्यटन प्रवर्धनमा स्थानीय तरिका, जस्तैः अतिथि सत्कार, पथ प्रर्दशन, पर्यटकीय स्थल अवलोकन जस्तै : चेपाङ होम स्टे, सङ्ग्रालय चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ, सरस्वती गुफा, भऱ्याङ कालिका मन्दिर, भिमुङ पाइराङ | • नजिकको पर्यावरणीय र सांस्कृतिक पर्यटन स्थल अवलोकन अध्ययन गराउने र पर्यटन विकासमा उक्त स्थलको महत्त्व छलफल गराउने,<br>• कुन कुन हिसावले राक्सिराङ्ग गाउँपालिकामा पर्यटन व्यवसायको महत्त्व छ छलफल प्रश्नोत्तर गराउने,<br>• राक्सिराङ्ग गाउँपालिकामा पर्यटन प्रर्वधन गर्न एवम् राक्सिराङ्ग मा पर्यटकलाई आकर्षण गर्न हाम्रो भूमिका के के हुन सक्छ ? समूहगत छलफल गरी निष्कर्ष निकाल्ने<br>• पर्यटन व्यावसायिलाई आमन्त्रण गरी पर्यटन व्यवसाय र पर्यटन प्रवर्धनमा स्थानीयको | • स्थानीय पर्यटन विकासमा पर्यटन स्थलको महत्त्व वर्णन गर्नुहोस् ।<br>• राक्सिराङ्ग मा पर्यटन प्रर्वधन गर्न स्थानीयको भूमिका के हुन सक्छ ? उल्लेख गर्नुहोस् ।<br>• अतिथि सत्कार कसरी गर्न सकिन्छ ? अतिथि सत्कारका स्थानीय तरिका उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | भूमिका विषयमा अन्नरक्रिया गराउने र अतिथि सत्कार गर्ने तरिका अभ्यास गराउने । | |
| जडीबुटी | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने जडीबुटीको महत्त्व बताउन<br>जडीबुटी संरक्षण कार्यमा सहभागी हुन | स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, संरक्षण संवर्धन जस्तै : कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा बेसार, उल्टेफ्कार, घिउकुमारी, पाँचऔंले, चिनु, सिङ्गे धुप | ● राक्सिराङ्ग गाउँपालिकाभित्र पाइने जडीबुटीको महत्त्व समूह निर्माण गरी छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने<br>● जडीबुटीको संरक्षण संवर्धन गर्न हाम्रो भूमिका के रहन्छ ? छलफल अन्तरक्रिया गरी निष्कर्ष निकाल्न लगाउने<br>● जडीबुटी विशेषज्ञलाई आमन्त्रण गरी स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, , स्थानीय स्तरमा पाइने जडीबुटीको संरक्षण र संवर्धन विषयमा छलफल अन्तरक्रिया गराउने | ● स्थानीय स्तरमा कुन कुन जडीबुटी पाइन्छ ? स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व वर्णन गर्नुहोस् ।<br>● स्थानीय स्तरमा पाइने जडीबुटी संरक्षणमा स्थानीय भूमिका के हुन सक्छ ? उल्लेख गर्नुहोस् । |
| हाम्रो उद्योग :<br>घरेलु तथा साना उद्योग | स्थानीय घरेलु सामानको उपयोगिता वर्णन गर्न,<br>स्थानीय घरेलु सामान निर्माण गर्ने तरिका अवलोकन र | घरेलु सामानको उपयोगिता, निर्माण गर्ने तरिका जस्तै :: डोको, डालो, नाम्लो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, दुना टपरी, गलैंचा, मैन बत्ती, बत्ती | ● बिद्यार्थीले घरमा प्रयोग गर्ने घरेलु सामानहरू के र कसरी प्रयोग हुन्छन्, ती सामान नहुँदा के हुन्छ ? उनीहरूको अनुभवको आधारमा छलफल गरी घरेलु सामानको उपयोगिता तथा महत्त्व प्रस्ट पार्ने<br>● घरेलु स्थानीय प्रविधिका सामान निर्माण स्थलमा अवलोकन गराई निर्माण प्रक्रिया जानकारी गराउने | ● स्थानीय स्तरमा रहेका घरेलु सामानको उपयोगिता तथा महत्त्व वर्णन गर्नुहोस् ।<br>● स्थानीय स्तरमा रहेको कुनै एउटा |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | सामन्य प्रयोग गर्न,<br>बाँस, निगालोबाट बन्ने सामग्रीको बजार व्यवस्था अध्ययन र प्रयोग गर्न | कात्ने, मादल, खैंजडी, मुरली | ● उत्पादित घरेलु सामान बिक्री वितरण प्रक्रिया के के हुन सक्छन् ? घरेलु सामान व्यवसायीलाई अनुभव सुनाउन लगाउने साथै स्थानीय बजार अवलोकन गराउने | घरेलु सामान निर्माण प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>● स्थानीय घरेलु सामनको बजार अवलोकन गरी प्रतिवेदन तयार गर्नुहोस् । |
| स्थानीय प्रविधि | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको पुनः निर्माण र विकास गर्न, | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको निर्माण र विकास जस्तै : माछा मार्ने ढडिया, चरा मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | ● स्थानीय प्रविधि सन्चालकलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी आफूले सञ्चालन गरेको स्थानीय प्रविधि निर्माण प्रक्रियाका अनुभव सुनाउन लगाउने<br>● स्थानीय स्तरमा रहेका स्थानीय प्रविधि अवलोकन अध्ययन गराउने र स्थानीय प्रविधिको विकास क्रम छलफल गराउने, जस्तैः ओखल- ढिकी- पानी मिल- इलेकीट्रक मिल, जाँतो, घट्ट, मिल, क्रसर उद्योग<br>● स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिको विकास कसरी गर्न सकिएला ? भैरहेका स्थानीय प्रविधि विकास क्रमलाई जोड्दै पूर्वअनुमान गराउने, अन्तरक्रिया छलफल गराउने, | ● स्थानीय स्तरमा रहेको कुनै दुईओटा स्थानीय प्रविधिको विकास क्रम उल्लेख गर्नुहोस् ।<br>● स्थानीय स्तरमा रहेको कुनै एउटा स्थानीय प्रविधिको निर्माण प्रक्रिया उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| स्थानीय सङ्घ सस्था र सामाजिक व्यक्ति | आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको पहिचान,<br>स्थानीय स्तरमा रहेका सङ्घ संस्थाले गर्ने काम उल्लेख गर्न | आफ्नो वडामा रहेका सामाजिक सङ्घ संस्थाहरू र तिनका काम : विद्यालय, सहकारी, सामूदायिक वन समूह, महिला समूह, बालक्लव, स्वास्थ्य चौकी, गैरसरकारी संस्था | ● आफ्नो वडाभित्र सामाजिक सङ्घ संस्थाहरू कुन छन् छलफल गराउने र कुनै एउटा संस्था अवलोकन अध्ययन गर्ने र त्यो संस्थाले गर्ने काम कर्तव्यको अनुभव सोही संस्थाका सरोकार व्यक्तिलाई व्यक्त गर्न लगाउने<br>● त्यस्तै स्थानीय स्तरमा सामाजिक क्षेत्रमा काम गर्ने अन्य सङ्घ संस्थाहरू कुन कुन छन् छलफल गर्ने र संस्थाको नाम र काम सूची तयार गराउने<br>● स्थानीय स्तरमा रहेका एउटा एउटा सामाजिक सङ्घ संस्थाको अवलोकन अध्ययन गरी प्रतिवेदन तयार गर्न परियोजना कार्य दिने | ● तपाईँको वडामा कुन कुन सामाजिक सङ्घ संस्थाहरू छन् ? उल्लेख गर्नुहोस् ।<br>● तपाईँको वडामा रहेका सामाजिक सङ्घ संस्थाहरूले के कस्ता काम गरिरहेका छन् उल्लेख गर्नुहोस् । |
| हाम्रो कृषि : अन्नबाली र कन्दमूल | राक्सिराङ्ग गाउँपालिकाभित्र उत्पादन हुने अन्नको संरक्षण गर्न<br>कन्दमूल बालीको संरक्षण गर्न | राक्सिराङ्ग गाउँपालिकाभित्र फल्ने अन्नहरूको गोडमेल, मलजल तथा सिंचाइका उपायहरू | ● स्थानीय स्तरमा रहेका अन्नबाली स्थानीय किसानले गोडमेल गर्दै गरेको अवलोकन गराउने र गोडमेल गर्नु पर्ने कारण र गोडमेल गर्दा नगर्दा अन्नबालीमा पर्ने असर छलफल गर्ने<br>● अन्न तथा कन्दमूल बालीमा मलजलको आवश्यकता छलफल गराउने र कम्पोस्ट मल प्रयोग गर्दा हुने फाइदा छलफल गराई निष्कर्ष निकाल्ने | ● अन्नबाली किन गोडमेल गर्नुपर्छ ? कारण दिनुहोस् ।<br>● स्थानीय अन्न तथा कन्दमूल बालीमा कम्पोस्ट प्रयोग गर्दा हुने फाइदा उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | • अन्न र कन्दमूल बालीको संरक्षण गर्ने उपायहरू छलफल गरी उपायहरू सूची तयार गर्ने | • स्थानीय अन्न तथा कन्दमूल संरक्षण गर्ने तरिका उल्लेख गर्नुहोस् । |
| तरकारी | स्थानीय तहमा पाइने तरकारीको महत्त्व र फाइदा वर्णन गर्न<br>तरकारीमा लाग्ने रोग पहिचान गर्न,<br>रोगको उपचार गर्ने विधि पहिचान गर्न | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने तरकारीको महत्त्व तथा फाइदा : ताजा तरकारी, पौष्टिक तत्त्व, प्रशस्त आम्दानीको स्रोत<br>तरकारीमा लाग्ने रोग : ढुसी, लाई, गवारो, डडुवा, उपचार : जैविक मल तथा विषादीको प्रयोग<br>तरकारीहरू: काउली, मुला, साग, आलु, गोलभैँडा, सिमी, फर्सी, इस्कुस, मास, मस्याङ, गहत, च्याउ | • स्थानीय स्तरमा व्यावसायिक तरकारी खेती गर्दा हुने फाइदा विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गर्ने र फाइदाका सूची तयार गर्न लगाउने<br>• नजिकको तरकारी बारीको अवलोकन गराई तरकारीबालीमा के रोग लागेको छ पहिचान गराउने र लाग्न सक्ने रोगहरूको पूर्वअनुमान गराउने<br>• स्थानीय स्तरमा पाइने त्पिाती, असुरो, बनमारा, खिर्रो विद्यार्थीलाई नै सङ्कलन गर्न लगनउने, गाई भैंसीको गोवर गहुँतसहित मिलाएर एक हप्तासम्म ड्रममा राखी कुहाउने र त्यसलाई जैविक मल औषधीको रूपमा तरकारीमा छर्न सहभागी गराउने | • स्थानीय स्तरमा व्यावसायिक तरकारी खेतीबाट हुने पाँचओटा फाइदा उल्लेख गर्नुहोस् ।<br>• तरकारी खेतीमा लाग्न सक्ने रोगहरू उल्लेख गर्नुहोस् ।<br>• जैविक मल तथा विषादी बनाउने र प्रयोग गर्ने तरिका उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| फलफूल | स्थानीय स्तरमा पाइने फलफूलमा लाग्ने रोग उपचार गर्न<br>फलफूल खेतीको संरक्षण गर्ने तरिका उल्लेख गर्न र संरक्षण कार्यमा सहभागी हुन | राक्सिराङ्ग गाउँपालिका भित्र पाइने फलफूलमा लाग्ने रोगका नाम : पुतली, लार्भा गवारो, उपचार गर्ने तरिका : जैविक विषादी : सुन्तला, आँप, कटहर, अनार, लिची, नास्पाती कागती भोगटे, चिउरी, कफी : किरालाग्ने | ● विद्यार्थीहरूलाई स्थानीय फलफूल बगैंचा अवलोकन गराउने र रोग लागेको छ भने पहिचान गराउने साथै लाग्नसक्ने सम्भावित रोगहरूको पूर्वअनुमान गराउने<br>● स्थानीय फलफूल व्यवसायी तथा विशेषज्ञलाई आमन्त्रण गरी फलफूलमा लाग्ने रोग उपचार विधि छलफल, अन्तरक्रिया गराउने<br>● फलफूल खेती संरक्षण गर्नुपर्ने आवश्यकता छलफल गर्ने र संरक्षण गर्ने उपायहरू सूची बनाउने<br>● स्थानीय फलफूल खेतीमा गोडमेल, मलजल, सिंचाइ, उपचार, बारबार्ने, चुना लगाउने जस्ता कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने र अनुभव उल्लेख गर्न लगाउने | ● स्थानीय फलफूल खेतीमा लाग्ने रोगहरू के के हुन् उल्लेख गर्नुहोस् ।<br>● स्थानीय फलफूल खेतीमा लाग्ने रोग उपचार विधि उल्लेख गर्नुहोस् ।<br>● फलफूल खेती संरक्षण गर्ने उपायहरू सूची बनाउनुहोस् । |
| पशुपन्छी र कीट पालन व्यवसाय | स्थानीय स्तरमा पाइने पशुपन्छी र तिनको उत्पादनको बिक्री बितरण र बजार व्यवस्था अध्ययन गर्न | राक्सिराङ्ग गाउँपालिका भित्र पालिने पशुपन्छी र तिनको उत्पादनको अवस्था, मौरीका लागि चरिचरण क्षेत्र र पौष्टिक आहारको जानकारी | ● पूर्वअनुभवका आधारमा विद्यार्थीका अभिभावकले घरमा पालिएका खसी बाखा, हाँस कुखुरा, बगुर आदि कहाँ लगेर बेच्नुहुन्छ छलफल गर्ने<br>● पशुपन्छी व्यवसायीलाई विद्यालयमा बोलाउनुहोस् र पशुपन्छी उत्पादनको बजार व्यवस्थापन प्रक्रिया सम्बन्धी आफ्ना अनुभव | ● तपाईंको घरमा पालिएका पशु पन्छी कहाँ र कसरी विक्री गर्ने गरिएको छ उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | सुनाउन लगाउनुहोस् साथै विद्यार्थीलाई बजार अवलोकन गराउने<br>● बिद्यार्थीहरूलाई स्थानीय बजार अवलोकन गराउनुहोस् र पशुपन्छी उत्पान र बजार व्यवस्थापन प्रक्रिया जानकारी गराउने | ● स्थानीय पशु पन्छी विक्री गर्न सकिने स्थानीय बजार अवलोकन अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् । |

## २१. विषयवस्तुको विस्तृतीकरण

कक्षा - ६

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| हाम्रो भूगोल, जनसंख्या र राक्सिराङ्गको परिचय | राक्सिराङ्ग गाउँपालिकाको हावापानीको अवस्था पहिचान गरी वर्गीकरण गर्न<br><br>राक्सिराङ्ग गाउँपालिकाभरिको जनसंख्या पहिचान गर्न | राक्सिराङ्ग गाउँपालिकाको जनसंख्या र हावापानीको पहिचान<br><br>गर्मी जाडो, ओसिलो, पारिलो, लेक र बँसीको तापक्रम | ● राक्सिराङ्ग गाउँपालिकाभित्र कुन कुन ठाउँमा जाँदा गर्मी, जाडो वा न गर्मी न जाडो कस्तो महसुस गरेका छन् विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गर्ने र गर्मी मौसममा बँसीमा बढी गर्मी हुन्छ, लेकमा शीतल हुन्छ, जाडो याममा बँसीमा कम जाडो हुन्छ, लेकमा बढी जाडो हुन्छ भनी प्रस्ट पार्ने<br><br>● छलफलको आधारमा राक्सिराङ्ग गाउँ पालिकाभित्र कुन कुन स्थान लेक हो कुन कुन स्थान बँसी हो, कुन कुन स्थान पहाडको मध्यभाग हो छुट्याउन लगाउने र ती स्थानको हावापानी कस्तो हुन्छ वर्गीकरण गराउने<br><br>● विद्यार्थीहरूलाई पारिलो र ओसिलो स्थानमा लगी तापक्रम महसुस गराउने र फरक छुट्याउन लगाउने<br><br>● थर्मामिटरको प्रयोग गरी लेक, मध्यभूभाग, बँसीको तापक्रम नाप गरी देखाउने<br><br>● राक्सिराङ्ग गाउँपालिकाको जनसंख्या विवरण प्रदर्शन गराउने जातीगत र लिङ्गगत जनसंख्या छलफल गराई तुलना गराउने | ● राक्सिराङ्ग गाउँपालिकाको धरातलीय भूबनोटको आधारमा छ स्थानको हावापानी छुट्याउनुहोस् ।<br><br>● राक्सिराङ्ग गाउँपालिकाको हावापानी वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।<br><br>● पारिलो स्थान र ओसिलो स्थानको विशेषता उल्लेख गर्नुहोस्<br><br>● तपाइँको गाउँपालिकामा कुन कुन जातीको जनसंख्या सबैभन्दा |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | | बढी र घटी छ तुलना गर्नुहोस् |
| स्थानीय सामाजिक सांस्कृतिक परम्परा तथा मूल्य र मान्यता, कुरीति, अन्धविश्वास, सामाजिक समस्या र समाधानका उपाय | स्थानीय जातजातिका न्वारन, छेवर, विवाह संस्कृति सम्पन्न गर्ने तरिका पहिचान गरी उल्लेख गर्न<br>आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत, नाचको पहिचान र महत्त्व उल्लेख गर्न<br>स्थानीय चेपाङ जातिले मान्ने प्राकृतिक धर्मको पहिचान गरी उल्लेख गर्न, चेपाङ जातिको रहनसहन, रीतिरिवाज, तथा | स्थानीय जातजातिका न्वारन, छेवर, विवाह संस्कृति सम्पन्न गर्ने तरिका पहिचान<br>आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा,<br>गीत, नाचको पहिचान र महत्त्व<br>स्थनीय चेपाङ जातिले मान्ने प्राकृतिक धर्मको पहिचान<br>चेपाङ जातिको रहनसहन, रीतिरिवाज, तथा मूल्य र मान्यता | • विद्यार्थीको पूर्वअनुभवलाई आधार मानी आआफ्नो घरमा न्वारन, छेवर, विवाह संस्कृति सम्पन्न गर्ने विधि छलफल गर्ने, जातिगत रूपमा सम्पन्न गर्ने फरक तरिका छलफल गर्ने<br>• न्वारन, छेवर, विवाह जस्ता संस्कृति सम्बन्धी क्रियाकलापहरू के कसरी सम्पन्न गरिन्छन् अभिभाबकसँग सोधी सम्पन्न गर्ने विधि तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने र छलफल गर्ने<br>• आफुले मनाउने चाडपर्व को सूची तयार गर्न लगाइ छलफल गर्ने र आफ्नो गाँउपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, नाच, गीतको सूचीकृत गरी छलफल गराउने<br>• पञ्चेबाजा, खैजडी, मादल, बाँसुरी जस्ता बाजाहरूको सुची तयार पारी स्थानीय संस्कृतिमा बाजा, गीत, नाचको महत्त्व छलफल गर्ने<br>• स्थानीय चेपाङ जातिले प्राकृतिक धर्म कसरी मनाउँछन् चेपाङ प्राकृतिक धर्म मान्ने | • तपाइँको घरमा बच्चाको न्वारन कसरी गरिन्छ ? वर्णन गर्नुहोस्<br>• स्थानीय स्तरमा मनाइने चाडपर्व, मेलामा बजाइने बाजा र गीत नाचको महत्त्व उल्लेख गर्नुहोस् ।<br>• चेपाङ जातिले मान्ने प्राकृतिक धर्म विधि चर्चा गर्नुहोस् ।<br>• चेपाङ जातिको रहनसहन, रीतिरिवाजको वर्णन गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | मूल्य र मान्यता पहिचान गर्न | | विद्यार्थीको अनुभव प्रस्तुत गर्न लगाई छलफल गराउने<br>● स्थानीय प्राकृतिक धर्म चेपाङ जातिको रहनसहन , रीतिरिवाज मुल्य मान्यताको जानकारी गराउन स्थानीय विज्ञतालाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्ने र छलफल गराउने | ● प्राकृतिक धर्ममा के के को पुजा गरिन्छ ? |
| हाम्रो प्राकृतिक सम्पदा<br>र विपद् व्यवस्थापन | प्राकृतिक सम्पदा र जलवायु परिवर्तनको सम्बन्ध पहिचान गर्न,<br>जलवायु परिवर्तनले स्थानीय स्तरमा पुऱ्याउने असर अध्ययन गर्न | प्राकृतिक सम्पदा र जलवायु परिवर्तनको सम्बन्ध, जलवायु परिवर्तनले स्थानीय स्तरमा पुऱ्याउने असर | ● स्थानीय प्राकृतिक सम्पदाको अवलोकन अध्ययन गराउने र अनुभवको आधारमा प्राकृतिक सम्पदा विगत र हालको अवस्था छलफल गराउने र फरक छुट्याउने, प्राकृतिक सम्पदा मासिँदा वातावरण बिग्रने, प्रदूषित हुने कुरा स्पष्ट पार्ने<br>● जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तन कसरी हुन्छ छलफल गराउने, प्राकृतिक सम्पदासँग जलवायु परिवर्तनको सम्बन्ध रहेको कुरा प्रस्ट पारिदिने<br>● जलवायु परिवर्तन हुँदा देखिने लक्षणहरू के के हुन सक्छन् छलफल गराउने र जलवायु परिवर्तनबाट हुने असर पूर्वअनुमान गरी सूची तयार गर्न लगाउनुहोस् । | ● स्थानीय स्तरमा प्राकृतिक सम्पदा विगत र हालको अवस्था तुलना गर्नुहोस् ।<br>● प्राकृतिक सम्पदा र जलवायु परिवर्तनको सम्बन्ध उल्लेख गर्नुहोस्, ।<br>● प्राकृतिक सम्पदा मासिँदा र प्रदूषित हुँदा वातावरणमा पर्ने असर उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| पर्यटन | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको महत्त्व र उपयोगिता सूची बनाउन, | राक्सिराङ्ग गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको महत्त्व र उपयोगिता जस्तै : आम्दानीको स्रोत, स्थानीय पर्यटनको चिनारी, रोजगारको अवसर आदि<br>होम स्टे, चमेरे गुफा, जलपरी झर्ना, ढाकीवाङ्, सरस्वती गुफा, परेवा भिर, भऱ्याङ कालिका मन्दिर, भिमुङ्, पाइराङ्, भामदोरी झर्ना, न्याउरी दरबार, प्वाकल गुफा, लुङ्गरेडाँडा दरबार, गुप्तेश्वर गुफा, शंखरे गुफा, दुइचोक डाँडा, हिमचुली तामाचुली भ्यू टावर, इन्द्रुङ, लंका राम लक्ष्मण | • स्थानीय स्तरमा भएका एक एकओटा पर्यावरणीय र सांस्कृतिक पर्यटकीय स्थलहरू अवलोकन गराउने र आफ्नो गाउँको चिनारी गराउने, साथै आम्दानीको स्रोतका हिसाबले पर्यटकीय स्थलको महत्त्व छलफल गराउने, छलफलबाट आएको निष्कर्षलाई बुँदागत टिपोट गराउने<br>• पर्यटन व्यवसाय र आम्दानीको स्रोतको सम्बन्ध छलफल गराउने र आम्दानीका हिसाबले स्थानीय पर्यटन स्थलको महत्त्व स्पष्ट गराउने<br>• स्थानीय स्तरका पर्यटन स्थलको महत्त्व बढाउन हाम्रो भूमिका के के हुन सक्छ छलफल गराउने र छलफलबाट निस्केको निष्कर्ष प्रस्तुत गराउने | • राक्सिराङ्ग गाउँपालिका भित्रका र स्थानीय स्तरका पर्यटन स्थलको महत्त्व विवेचना गर्नुहोस् ।<br>• स्थानीय स्तरका पर्यटन व्यवसाय विकासमा तपाइँको भूमिका उल्लेख गर्नुहोस् । |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | दरबार, दाराङ्क, सुरुंकेडाँडा, महादेब गुफा | | |
| जडीबुटी | स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधिहरू अध्ययन गर्न | स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधिहरू जस्तै : कुरिलो, सिस्नो, गुर्जो लहरा, अमला, हर्रो, बर्रो, सर्वगन्धा, गिट्ठा, हर्सुलो, अदुवा बेसार, उल्टेभ्कार, घिउकुमारी, पाँचऔंले, चिनु, सिङ्गे धूप | • सामान्य रुघाखोकी, लाग्दा, घाँटी दुख्दा, सामान्य घाउचोट लाग्दा, पेट ढाढिँदा घरमै कुनै जडीबुटी प्रयोग गरी उपचार गर्नुभएको थियो भन्दै विद्यार्थीको अनुभवलाई आधार बनाई छलफल गराउने र सामान्य उपचारमा जडीबुटीको प्रयोग बताउने<br>• विद्यार्थीहरूको समूह निर्माण गर्ने, स्थानीय स्तरमा पाइने जडीबुटीबाट कस्ता कस्ता रोगमा कसरी उपचार गरिन्छ स्थानीय जानेबुझेका व्यक्ति वा स्थानीय वैद्यसँग सोधखोज गरी जडीबुटी र रोग उपचार विधिको समूहमा रिपोर्ट तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गराउने<br>• स्थानीय जडीबुटी विज्ञलाई स्रोत व्यक्तिको रूपमा आमन्त्रण गर्ने र स्थानीय स्तरमा पाइने जडीबुटी र उपचार विधि छलफलसहित जानकारी गराउने | • तपाईँलाई सामान्य रुघाखोकी, घाउचोट लाग्दा कुन जडीबुटी प्रयोग गर्नुभयो उल्लेख गर्नुहोस् ।<br>• स्थानीय जडीबुटी विशेषज्ञसँग सोधपुछ गरी सामान्य रोग उपचार विधिमा स्थानीय जडीबुटी कसरी प्रयोग गर्ने र त्यसको असर कस्तो हुन्छ सोधपुछ गरी प्रतिवेदन तयार गर्नुहोस् । |
| हाम्रो उद्योग : | स्थानीय घरेलु तथा साना उद्योगका | स्थानीय घरेलु तथा साना उद्योगका | • स्थानीय नमुना घरेलु सामान प्रदर्शन गरी कुन कुन सामान के केबाट बनाएको हो | • स्थानीय स्तरमा पाइने घरेलु |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| घरेलु तथा साना उद्योग | लागि स्थानीय स्रोत साधन पहिचान गर्न,<br>स्थानीय घरेलु सामान उत्पादनका लागि आवश्यक स्रोत साधनको महत्त्व सूचीकृत गर्न,<br>जाबी बुन्ने तरिका प्रयोग गर्न, | लागि स्थानीय स्रोत साधन पहिचान गर्न,<br>स्थानीय घरेलु सामान उत्पादनका लागि आवश्यक स्रोत साधनको महत्त्व : बाँस, निगालो, काठ, पराल, छ्वाली, धागो, भोर्ला,<br>सामानहरू, डोको, डालो, नाम्लो, कुचो, नाङ्लो जाबी, मुढा, गुन्द्री, मान्द्रो खुकुरी, सुकुल, घुम, टपरी, गलैंचा, मैन बत्ती, मादल, खैंजडी, मुरली, जाबी बुन्ने तरिका प्रयोग गर्न, | छलफल गराई वर्गीकरण गर्न लगाउने, बाँस, निगालो, काठ, पराल, छ्वाली, धागो, भोर्ला आदि घरेलु सामान निर्माणका लागि कच्चा पदार्थ वा स्रोत हुन् भनी स्पष्ट पार्ने<br>● स्थानीय घरेलु सामान निर्माणका लागि स्थानीय स्रोत वा कच्चा पदार्य स्थानीय स्तरमा कस्तो अवस्थामा छन् ? अवलोकन अध्ययन गरी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गराउने<br>● स्थानीय घरेलु सामान निर्माण्का लागि स्थानीय कच्चा पदार्थको महत्त्व छलफल गरी सूची तयार गराउने<br>● जाबी बुन्ने व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा कक्षामा आमन्त्रण गर्ने र जाबी बुन्ने तरिका अवलोकन र सामान्य अभ्यास गराउने | सामान र तिनका कच्चा पदार्थ को सूची निर्माण गर्नुहोस् ।<br>● स्थानीय स्तरमा पाइने घरेलु सामान निर्माणका लागि आवश्यक कच्चा पदार्थको महत्त्व वर्णन गर्नुहोस् ।<br>● जाबी बुन्ने तरीका उल्लेख गर्नुहोस् । |
| स्थानीय प्रविधि | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको इतिहास अध्ययन गरी | राक्सिराङ्ग गाउँपालिकाभित्र रहेका स्थानीय प्रविधिको इतिहास र विकास जस्तै : माछा मार्ने ढडिया, चरा | ● विद्यार्थीहरूको समूह बनाउने, स्थानीय प्रविधिको सुरुआत कसरी भयो, स्थानीय प्रविधिको विकास क्रम कसरी बढिरहेको छ ? अझै विकास गर्ने सम्भावना के हुन सक्छन् ? स्थानीय प्रविधि व्यवसायीसँग सोधपुछ गरी | ● स्थानीय स्तरमा पाइने कुनै दुईओटा स्थानीय प्रविधिको इतिहास |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
| | विकास क्रम सूचीकरण गर्न, | मार्ने लिसो, चमेरो मार्ने जाली, जाल, ढिकी, जाँतो, कोल, घट्ट, आरन, धनुषबाण | एउटा एउटा स्थानीय प्रविधिको प्रतिवेदन तयार गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>● स्थानीय प्रविधिको इतिहास र विकास क्रमका चित्र तथा भिडियो प्रदर्शन गरी जानकारी गराउने<br>● ढडिया, लिसो, जाली, जाल, ढिकी, जाँतो, घट्ट, आरन, र धनुषवाँणको सुरुको अवस्था र विकसित अवस्था तुलना गराउने | र विकास क्रम चर्चा गर्नुहोस्,<br>● स्थानीय स्तरमा पाइने पाँचओटा प्रविधिको विकास क्रम उल्लेख गर्नुहोस्, जस्तै : जाँतो - घट्ट- मिल आदि । |
| स्थानीय सङ्घ सस्था र सामाजिक व्यक्ति | आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको काममा अगुवाई गर्ने व्यक्तिको पहिचान र योगदानको सूची तयार गर्न | आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ संस्थाहरूको काममा अगुवाई गर्ने व्यक्तिको पहिचान र योगदान | ● आफ्नो वडाभित्र रहेका सामाजिक सङ्घ सस्थाहरूको सूची तयार गर्ने र छलफलको माध्यमबाट योगदानको आधारमा प्रत्येक सङ्घ संस्थाबाट एक एक जना सामाजिक अगुवाई गर्ने व्यक्ति छनोट गर्ने<br>● विद्यार्थीको समूह निर्माण गर्ने र ती अगुवाइ गर्ने व्यक्तिको योदान पहिचान गरी प्रतिवेदन तयार गर्ने परियोजना कार्य दिने<br>● विद्यार्थीले तयार गरेको परियोजना कार्यलाई कक्षामा प्रस्तुत गराउने र आफूले पनि भविष्यमा त्यस्तै सामाजिक योगदान गर्न सकिने कुरा व्यक्त गराउने | ● आफ्नो वडाभित्र भएका सामाजिक सङ्घ संस्थाको सूची तयार गर्नुहोस् ।<br>● आफ्नो वडाभित्र रहेका सङ्घ संस्थामा अगुवाइ गर्ने व्यक्तिको नाम उल्लेख गर्नुहोस् ।<br>● सामाजिक सङ्घ संस्थामा काम गर्ने सामाजिक |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
| --- | --- | --- | --- | --- |
| | | | | योगदानको वर्णन गर्नुहोस् । |
| हाम्रो कृषि : अन्नबाली र कन्दमूल | स्थानीय स्तरमा फल्ने अन्नबालीका उन्नत बिउबिजनको पहिचान र उन्नत तरिकाबाट खेती गर्ने तरिका प्रयोग गर्न | राक्सिराङ्ग गाउँपालिकाभित्र उत्पादन हुने अन्नहरूको उन्नत बिउबिजनको पहिचान : बालीबाट छनोट, अन्नभण्डारणबाट, बिउ भण्डारणको अवस्था, कन्दमूल गिठ्ठा भ्याकुर तरुल उन्नत तरिकाबाट खेती गर्ने तरिका : बालीबाट छनोट, अन्नभण्डारणबाट, बिउ भण्डारणको अवस्था | • विद्यार्थीहरूको पूर्वअनुभवलाई आधार बनाई अर्को बर्षका लागि तपाइँको परिवारले बिउको छनोट कसरी गर्नुहुन्छ ? के तपाईंलाई थाहा छ ? भन्दै छलफल अगाडि बढाउने, विद्यार्थीहरूको अनुभवसँग जोड्दै धान, मकै, गहँ, कोदो, फापर, कागुनो बालीबाट बिउ छनोट गर्ने तरिका बताउने<br>• छनोट गरिएको बिउबिजनलाई घुन पुतली, किरा नलाग्ने गरी सुरक्षित तरिकाबाट राख्ने उपायहरू छलफल गर्ने<br>• उन्नत बिउबिजन बजारबाट किन्दा सक्कली हो वा नक्कली हो ? किरा लागेको छ कि ? मक्केको छ कि ? स्थानीय हावापानीमा लाग्छ लाग्दैन एकिन गर्न परिक्षण गरेर किन्ने कुरा स्पष्ट पार्ने<br>• उन्नत तरिकाबाट अन्न तथा कन्दमूल खेती गर्ने तरिका स्थानीय स्तरमा अवलोकन, छलफल गर्ने र निष्कर्ष निकाल्ने | • तपाइँको परिवारले अन्न तथा कन्दमूलको उन्नत बिउबिजन कसरी छनोट गर्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।<br>• उन्नत बिउबिजन किन्दा कस्ता कस्ता कुरामा ध्यान दिनुपर्छ ? उल्लेख गर्नुहोस् ।<br>• कुनै एउटा स्थानीय स्तरमा फल्ने अन्न र कन्दमूलको उन्नत खेती गने तरिका लेख्नुहोस् । |
| तरकारी | स्थानीय स्तरमा फल्ने तरकारीका | स्थानीय स्तरमा फल्ने तरकारीका | • स्थानीय स्तरमा पाइने तरकारीको उन्नत खेती गर्न कस्तो बिउ छनोट गर्नुपर्छ छलफल | • स्थानीय स्तरमा उन्नत तरकारी |

| विषय क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|
